# परिच्छेद एक

# शोध परिचय

## १.१ विषय परिचय

लैनसिंह वाङदेल नेपाली साहित्य र कलाको क्षेत्रमा सुपरिचित नाम हो । वि.सं. १९८० मा दार्जिलिङमा जन्मिएका वाङ्देल जीवनको पूर्वाद्ध समय साहित्यमा समर्पित गर्दै बाँकी जीवनको समय कला क्षेत्रमा होमीदिने बहुमुखी प्रतिभाशाली व्यक्तित्व हुन् । नेपाली साहित्यको उपन्यास विधाको परम्परागत मान्यता र प्रवृत्तिलाई परिवर्तन गरी नौलो मोड (यथार्थवादी धारा) ल्याई ऐतिहासिक कार्य गर्ने व्यक्तित्वको नाम पनि लैनसिंह वाङ्देल हो । कक्षा नौ को अध्ययन कै क्रममा 'भग्न जीवन' नामक कथा हाइस्कुल पत्रिकामा छपाई साहित्य यात्रामा लागेका वाङ्देलका **मुलुक बाहिर** (२००४) **माइतघर** (२००६) **लङ्गडाको साथी** (२००७) र **रेम्ब्रान्ट** (२०२३) जस्ता उत्कृष्ट औपन्यासिक रचनाहरू हुन् । त्यस्तै गरेर युरोपको चिठी, विश्वका छ महान कलाकार, स्पेनको सम्झना इत्यादि कृति पनि प्रकाशित भएका छन् । माथि उल्लेखित उपन्यासहरू मध्ये **रेम्ब्रान्ट** बाहेक सबै उपन्यासमा नेपालीहरूले भोग्नुपरेका दुखपीडा, सङ्घर्ष र सामाजिक मर्यादा यथार्थ ढङ्गले प्रस्तुत गरिएको छ ।

उपन्यासका विभिन्न तत्त्व मध्ये पात्र वा चरित्र महत्त्वपूर्ण तत्त्व हो । उपन्यास भित्र कुनै विशेषता बुझाउन व्यवस्थित रूपले प्रयोग गरिने मानव वा मानेवेतर प्राणीलाई पात्र वा चरित्र भनिन्छ (बराल र एटम, २०६६ : २७) । चरित्र चित्रणले गर्दा आधुनिक उपन्यास जीवनको भाग्य झै भएको हुनाले उपन्यासमा चरित्रको महत्त्व सर्वोपरि छ । आआफ्ना सामाजिक वैयक्तिक र भौगोलिक विशेषताका कारणले गर्दा मनुष्य जातिमा असंख्य विविधता छन् । यस्ता चारित्रिक विषमता र विविधताहरू मनुष्य स्वयम रोचक हुनका कारण हुन् । अतः सामाजिक वैयक्तिक वा मानवीय आधारमा उनीहरूका वैविध्यको विविधता भित्रै अध्ययन गर्नु उपन्यासको चरित्र चित्रणको लक्ष्य हो (प्रधान, २०६१:८) । उपन्यासका अन्य तत्त्वसँग पात्र वा चरित्रको अन्योन्याश्रित सम्बन्ध रहेको हुन्छ । प्रस्तुत **मुलुक बाहिर** उपन्यास दार्जिलिङको सेरोफेरोमा रचना भएको उपन्यास हो । यस उपन्यासमा मुलुक छोडेर मुग्लान पसेका नेपालीहरूको सम्पूर्णता झल्काउने जाति वर्णहरूको प्रतिनिधित्व गर्ने पात्रहरूको प्रयोग गरेको पाइन्छ । यस बहुपात्री उपन्यासका पात्रहरू के कस्ता रहेका छन् ? ती पात्रहरूको चित्रणको आधार के हो ? जस्ता प्राज्ञिक समस्याको समाधान यस शोधकार्यमा गरिएको छ ।

## १.२ समस्या कथन

**मुलुक बाहिर** उपन्यास लैनसिंह वाङ्देलद्वारा लिखित सामाजिक यथार्थवादी उपन्यास हो । यसमा नेपालभन्दा बाहिरको नेपाली समाजका अनेक पक्षको यथार्थ चित्रण गरिएको छ । खास गरी आफ्नो मुलुकभन्दा बाहिर रहेका नेपालीहरूले भोग्नु परेका समस्याको चित्रण गर्नका लागि यहाँ पात्रहरूको विधान निकै कलात्मक ढङ्गमा गरिएको छ । यस उपन्यासका पात्रहरूबाट नै प्रवासमा रहेका नेपालीहरूले भोग्नु परेका समस्याहरूको चित्रण गरिएको छ । त्यसैले यस उपन्यासका पात्रहरू के कस्ता छन् भनी केलाउने काम पनि एक महत्त्वपूर्ण प्राज्ञिक समस्याका रूपमा देखा पर्छ । त्यसैले प्रस्तुत शोधकार्य यी समस्याहरूमा केन्द्रित रहेको छ । :

(क) लैनसिंह वाङ्देलको औपन्यासिक यात्रा र प्रवृत्ति के कस्तो रहेको छ ?

(ख) **मुलुक बाहिर** उपन्यासको पात्रहरू के कस्ता छन् ?

## १.३ शोध कार्यको उद्देश्य

माथि उल्लेखित प्राज्ञिक समस्याहरूको समाधान गर्नु नै यस शोधकार्यको मूल उद्देश्य हो; त्यसैले यस शोधकार्यका मूलभूत उद्देश्यहरू निम्न छन् :

(क) लैसिंह वाङ्दलेको औपन्यासिक यात्रा र प्रवृत्ति केलाउनु,

(ख) **मुलुक बाहिर** उपन्यासका पात्रको चरित्रको विश्लेषण गर्नु,

## १.४ पूर्वकार्यको समीक्षा

नेपाली साहित्यका विविध विधामा कलम चलाएका वहुमुखी प्रतिभाका धनि लैनसिंह वाङ्देल आधुनिक उपन्यासकार हुन् । वाङ्देलका धेरै उपन्यासहरू विश्व विद्यालय क्याम्पस, १०+२ इत्यादिमा अनिवार्य एवं इच्छाधीन रूपमा पाठ्यपुस्तकमा समावेश गरिएका छन् । यी वाहेक वाङ्देलको उपन्यासकारितालाई परिचय दिलाउने तथा तिनको मूल्य निर्धारण गर्ने उद्देश्यले विभिन्न पुस्तकाकार, कृति र पत्रपत्रिकामा समालोचना एवं टिप्पणी गरिएको पाइन्छ तर **मुलुक बाहिर** उपन्यासको पात्र विधानका बारेमा व्यापक अध्ययन गरको पाइँदैन । यसर्थ यस अध्ययनलाई सघाऊ पुऱ्याउने खालका विभिन्न अध्येता लेखक एवं समालोचकद्वारा गरिएका विश्लेषणात्मक टिप्पणीलाई पूर्वकार्य मानी काल क्रमिक रूपमा यहाँ प्रस्तुत गरिएको छ ।

यज्ञराज सत्याल (२०१७) ले **नेपाली साहित्यको भूमिका** मा प्रवासी नेपाली समाजको वास्तविक चित्रण गरिएको कुरा उल्लेख गरेकाछन् ।

डिल्लीराम तिमिल्सिना र माधव भण्डारी (२०२१) ले **हाम्रो साहित्य र साहित्यकारहरूमा मुलुक बाहिर** उपन्यासमा वृत्तिको खोजीमा विदेसिएका नेपालीहरूको साह्रै राम्रो चित्रण गरिएको छ भन्ने धारणा व्यक्त गरेका छन् ।

वासुदेव त्रिपाठी (२०२८) ले **विचरण**मा वास्तवमा उनको **मुलुक बाहिर** उपन्यास नेपाली उपन्यास साहित्यको प्रथम यथार्थवादी उपन्यास हुनुको साथै वाङ्देल नेपाली उपन्यासमा यथार्थवादका संस्थापक हुन् भन्ने धारणा व्यक्त गरेकाछन् । उसमा निम्न वर्गीय समाजको प्रतिनिधी पात्रहरूको उपस्थिती रहेको छ भन्ने उनको दृष्टिकोण रहेको छ ।

विश्वनाथ भट्टराई (२०३०) ले वाङ्देले **यथार्थ परिधि भित्र नाङ्गो आदर्शवादी उपन्यासकार** नामक कृतिमा **मुलुक बाहिर** उपन्यासमा अन्य उपन्यासकारको औपन्यासिक कथा वस्तुमा पाइने नियमन, संगठन, कौतूहल तथा एकान्विति, प्रभावन्विति जस्ता गुण यस उपन्यासमा पाइदैन भन्ने कमजोरी औल्याएका छन् ।

कृष्णचन्द्र सिंह प्रधान (२०३०) ले 'वाङ्देलका उपन्यासहरू' **मधुपर्क** मा व्यक्ति जीवनमा केन्द्रित भइकन पनि जुन परिवेशमा सामाजिकता निर्धारण गरेको छ जसको दिग्दर्शन **मुलुक बाहिर** को आफ्नो विशिष्टता हो भन्ने धारणा व्यक्त गरेका छन् ।

बालकृष्ण पोखेल (२०३३) ले **सात मन एक चिन्तन**मा मान्छेलाई मान्छेको रूपमा सम्मान गर्दै उनका समस्या उपर सहानुभूति देखाउनु र प्रवासका नेपालैहरूको उत्थान गर्दै नेपाली संस्कृतिलाई जोगाइराख्नु नै **मुलुक बाहिर** उपन्यासका लेखकको लक्ष्य हो भन्ने धारणा व्यक्त गरेका छन् ।

गोविन्द प्रसाद भट्टराई (२०३५) ले विश्लेषणात्मक सन्दर्भमा **मुलुक बाहिर मधुपर्क** मा नयाँ भोटो फेर्न र दुई चार पैसा कमाउन मुलुकबाट बाहिरिएका नेपाली जिन्दगानीको सरल सुमधुर तथा आकर्षक जीवन चरित्र प्रस्तुति गर्दै यस उपन्यासमा सामाजिक यथार्थ लाई उपन्यासकारले उद्घाटित गरिदिएका छन् भनेर भनेका छन् ।

टंक प्रसाद न्यौपाने (२०३८) ले **साहित्यको रूपरेखा**मा **मुलुक बाहिर** उपन्यास जीवनको वास्तविक रूपको चित्रण गरिएको यथार्थवादी उपन्यास हो भनि चित्रण गरेका छन् ।

भानुभक्त पोखेल (२०३८) ले **चिन्तन र साहित्य**मा **मुलुक बाहिर** उपन्यासले नेपाली उपन्यासको यथार्थवादलाई राम्रो सँग आमन्त्रण गऱ्यो भनी आफ्नो विचार राखेका छन् ।

कृष्णचन्द्र सिंह प्रधान (२०४३) ले **नेपाली उपन्यास र उपन्यासकार**मा वाङ्‌देल यथार्थवादी उपन्यासकार हुन् । उनले नेपाली उपन्यास परम्परालाई नयाँ गति प्रदान गर्दै समाजमा निम्न वर्गले भोग्नुपरेका सामाजिक परिणतिलाई छर्लङ्ग उतारेका छन् भनेका छन् ।

दयाराम श्रेष्ठ (२०४३) ले **नेपाली साहित्यका केही पृष्ठ**मा वाङ्‌देलले **मुलुक बाहिर** उपन्यासमा समकालीन जीवनका वास्तविक चित्रहरू प्रस्तुत गर्ने लक्ष्य लिइएका छन् भन्ने धारणा राखेका छन् ।

दयाराम श्रेष्ठ र मोहन कोइराला (२०४९) ले **साहित्यको संक्षिप्त इतिहास**मा **मुलुक बाहिर** उपन्यासलाई उपन्यास शिल्पका दृष्टिले यस कृतिलाई कोसे ढुङ्गो मान्न सकिन्छ भन्ने आफ्नो दृष्टिकोण राखेका छन् ।

तारानाथ शर्मा (२०५१) ले **नेपाली साहित्यको इतिहास**मा वाङ्‌देलको **मुलुक बाहिर** उपन्यासमा आफ्नो जन्म थलो छाडेर काम र मामको खोजीमा विदेशिन बाध्य भएका निम्न वर्गीय नेपाली जनताको साह्रै राम्रो चित्र प्रस्तुत गरिएको छ ।

मोहन प्रसाद दाहाल (२०५५) ले **नेपाली साहित्यकोश**को उपन्यास खण्डमा लैनसिंह वाङ्‌देलको **मुलुक बाहिर** उपन्यासलाई नेपाली उपन्यासमा नयाँ मोड प्रदान गर्ने उपन्यास मानेका छन् । उनले यस उपन्यास सँगै नेपाली उपन्यास साहित्यमा यथार्थवादी परम्परा ठोस रूपमा प्रारम्भ भएको उल्लेख गरेका छन् । उनका अनुसार **मुलुक बाहिर** उपन्यासमा विभिन्न समस्या द्वारा ग्रस्त नेपालबाट मुग्लान पस्न बाध्य भएका सङ्घर्षशील निम्न वर्गीय नेपालीहरूलाई उपन्यासका पात्र बनाएर विशेषत आर्थिक पृष्ठभूमीमा तिनीहरूको यथार्थ र दुखवस्थाको सजीव चित्रण गरिएको छ ।

शंकर कुमार राई (२०५५) ले **मुलुक बाहिर उपन्यासको कृतिपरक अध्ययन**मा **मुलुक बाहिर** उपन्यासले नेपाली उपन्यासको इतिहासमा पाश्चात्य शिल्प र संरचनालाई आत्म-सात्

गरेर सामाजिक यथार्थवादको प्रवर्तन गर्न पुगेको छ र आधुनिक नेपाली उपन्यासको इतिहासमा भ्रमर उपन्यास पश्चात दोस्रो प्रवाह छुटाएर आफ्नो विशिष्ट स्थान संस्थापित गरको छ भनि निष्कर्ष निकालेका छन् ।

सुष्मा आचार्य (२०५८) ले **लैनसिंह** वाङ्देल**का औपन्यासिक कृतिको मूल्याङ्कन**मा **मुलुक बाहिर** उपन्यासमा फ्रान्सेली र रसायली यथार्थवादी साहित्यको प्रभाव परेता पनि आफ्नै देशको हावापानी र माटो सुहाउँदो हुने गरि यसको रचना गरिएको छ । यसको वस्तु विधान, चरित्र, भाषा र वातावरण समसमायिक यथार्थ अनुसार निर्माण गरिएकोले यो पुरै मौलिक देखिन्छ भनि मूल्याङ्कन गरेका छन् ।

इन्द्रबहादुर राई (२०५८) ले **नेपाली उपन्यासका आधारहरू**मा **मुलुक बाहिर** उपन्यासबाट नेपाली उपन्यास यथार्थवादमा प्रवेश गरेको उल्लेख गरेका छन् । उनले यथार्थवादी अध्ययनको सीमा भित्र रहेर यस उपन्यासका स-साना पाटाहरू केलाउने काम गरेका छन् । उनका अनुसार **मुलुक बाहिर**मा नीति र कल्पनाको आदर्शिताले नरङ्गाई अवस्था र चरित्रहरू यथावत प्रस्तुत गरिएको छ ।

कृष्णहरि बराल र नेत्र एटम (२०६४) ले **नेपाली आख्यान र नाटक**मा वि.सं. २००४ सालमा प्रकाशित वाङ्देलको **मुलुक बाहिर** उपन्यासबाट यथार्थवादी धाराको सुरुवात भएको मानिन्छ भन्ने मत प्रस्तुत गरेका छन् ।

नित्यनन्द सुवेदी (२०६४) ले **लैनसिंह** वाङ्देल**का उपन्यासमा यथार्थवाद**मा वाङ्देल नेपाली उपन्यासका यथार्थवादी उपन्यासकार हुन् र तिनका चारवटै उपन्यासहरू यथार्थवादी धरातलमा उभिएका छन् भन्ने निष्कर्ष निकालेका छन् ।

कृष्णहरि बराल र नेत्र यटम (२०६६) ले **उपन्यास सिद्धान्त र नेपाली उपन्यास**मा प्रवासी नेपालीहरूको यथार्थ प्रस्तुतिमा पूर्ववर्ति उपन्यासलाई उछिनेर वाङ्देलको **मुलुक बाहिर** उपन्यास अगाडि बढेको छ । जीवको वोधको वास्तविकतालाई चित्रण गरेर वियोगान्त कथानक दिने सन्दर्भमा तथा कारूणिकताको उच्चता प्रदान गर्नका लागि साथै प्राकृतिक विम्वको उपस्थापनमा घटना सँगको सामञ्जस्यलाई प्रस्तुत गर्ने परिप्रेक्ष्यमा यो अत्यन्त प्रभावकारी वनेको छ भनि व्याख्या गरेका छन् ।

हेमन्ता सुवेदी (२०६८) ले **मुलुक बाहिर उपन्यासमा परिवेश**मा नेपालीहरू विहान वेलुका को छाक टार्न मुस्किल परेकाले मुग्लान पस्न बाध्य नेपाली भएको र त्यहाँको वातावरण (परिवेश) नेपालको वातावरणसँग मिल्दो जुल्दो रहेको कुरा, नेपालीहरू घर नफर्केको यथार्थलाई वाङ्देलले **मुलुक बाहिर** उपन्यासमा प्रस्तुत गरेका छन् भन्ने निष्कर्ष निकालेकी छन् ।

मन्जु गौतम (२०७०) ले **मुलुक बाहिर उपन्यासको जाति, युग र परिवेशको अध्ययन**मा **मुलुक बाहिर** उपन्यास राणा शासनको जगजगी र प्रथम विश्व युद्धको युग र परिवेशको यथार्थलाई उद्घाटन गरेको छ भनि निष्कर्ष निकालेकी छन् ।

यस प्रकार लैनसिंह वाङ्देलको **मुलुक बाहिर** उपन्यासका सन्दर्भमा धेरै अध्ययन तथा विश्लेषण भएको देखिन्छ तर पात्र विधानमा मात्र केन्द्रित भई अभ्ययन नभएकाले प्रस्तुत उपन्यासको पात्र विधानको विश्लेषण र मूल्याङ्कन यस शोध कार्यमा गरिएको छ ।

## १.५ शोध कार्यको औचित्य, महत्त्व र उपयोगिता

उपन्यासकार लैनसिंह वाङ्देलको उपन्यासकारिता र कलाकारिता व्यक्तित्व आज अध्ययनको एउटा महत्त्वपूर्ण विषय बन्न गएको छ । २००४ सालमा प्रकाशित **मुलुक बाहिर** उपन्यासका सम्बन्धमा जे जति अध्ययन, विश्लेषण र मूल्याङ्कन गरिएको भए पनि पात्र विधानमा केन्द्रित भई विश्लेषण नगरिएको सन्दर्भमा यस शोध कार्यमा **मुलुक बाहिर** उपन्यासको पात्र विधानको विश्लेषण र विस्तृत अध्ययन गर्ने कार्य गरिएको छ । **मुलुक बाहिर** उपन्यासको पात्र विधान सम्बन्धी जानकारी लिन चाहने र जिज्ञासा राख्ने पाठक, समालोचक, अनुसन्धानकर्ता सबैका लागि सहयोगी हुने हुनाले यो शोधकार्य औचित्यपूर्ण र उपयोगी रहेको छ ।

## १.६ शोधकार्यको सीमाङ्कन

उपन्यासका धेरै तत्त्वहरू छन् । छोटो समयमा निश्चित उद्देश्य लिएर गरिएको यस शोधकार्यमा उपन्यासका सबै तत्त्वलाई समेट्न सम्भव हुँदैन । त्यसैले यस शोधकार्यमा **मुलुक बाहिर** उपन्यासको पात्र विधानमा मात्र सीमित गरिएको छ ।

## १.७ सामग्री सङ्कलन र शोध विधि

प्रस्तुत शोधकार्यमा सामग्री सङ्कलन गर्दा पुस्तकालयीय विधिको प्रयोग गरिएको छ । सङ्कलित सामग्रीलाई विवरणात्मक र विश्लेषणात्मक शोध विधिको प्रयोग गरी निष्कर्षमा पुग्ने काम गरिएको छ । यसका अतिरिक्त विभिन्न विद्वानहरूका लेख, रचना र सल्लाह सुझाव आदिलाई सामग्रीका रूपमा उपयोग गरी मुलतः अन्वेषणात्मक विधिको अवलम्बन गरिएको छ ।

## १.८ शोध पत्रको रूपरेखा

प्रस्तुत शोधपत्रलाई व्यवस्थित र सुसङ्गठित रूपमा पुरा गर्नका लागी विभिन्न परिच्छेद, शीर्षक र उपशीर्षकमा विभाजन गरिएको छ । यस शोधपत्रको रूपरेखा निम्नानुसार रहेको छ :–

परिच्छेद एक : शोध परिचय

परिच्छेद दुई : पात्र विधानको सैद्धान्तिक परिचय

परिच्छेद तिन : लैनसिंह वाङ्देलका औपन्यासिक यात्रा र प्रवृत्ति

परिच्छेद चार : **मुलुक बाहिर** उपन्यासका पात्रहरूको चारित्रिक विश्लेषण

परिच्छेद पाँच : सारांश र निष्कर्ष

## परिच्छेद दुई

# पात्र विधानको सैद्धान्तिक परिचय

### २.१ विषय परिचय

उपन्यास साहित्यको एक आख्यानात्मक विधा हो । यो आख्यानात्मक विधा भएकाले यसमा कथानकसँगै पात्रको भूमिका पनि महत्त्वपूर्ण रहेको हुन्छ । पात्र विना उपन्यासको कथानकले गति लिन नसक्ने भएकाले उपन्यासका लागि पात्र अनिवार्य तत्त्व नै बन्न पुगेको छ । औपन्यासिक कृतिका घटनाहरूसँग सम्बन्धित प्राणधारी जीव नै पात्र सम्बन्धित उपन्यासका पात्र हुन् । उपन्यासमा मानवेत्तर पात्र पनि रहन सक्छन् तर यसमा मूलतः मानवीय पात्रहरू नै रहने गर्दछन् । उपन्यासमा पात्रहरूको विधान वा चयन जसरी गरिएको हुन्छ त्यही नै उपन्यासको पात्र विधान हो । त्यसैले यस परिच्छेदमा उपन्यासको अर्थ र परिभाषा समेत उपन्यासमा आउने पात्रहरूको चरित्र विश्लेषण गर्ने आधारका साथै अन्य औपन्यासिक तत्त्वसँग पात्रको सम्बन्ध के कस्तो रहेको हुन्छ भन्ने विषयमा प्रकाश पारिएको छ ।

### २.२ उपन्यासको अर्थ र परिभाषा

भाषा मानवीय विचार विनिमयको प्रथम र सशक्त माध्यम हो र भाषाका माध्यमबाट गरिने प्रकृतिको कलात्मक अनुकरण साहित्य हो । साहित्यमा विचार, आख्यान, भावना वा अनुभूति एवम् दृश्य आउँछन् । यी तत्त्वहरूको प्रधानताका आधारमा यसका विधाहरू छुट्टिन्छन् । साहित्यका निबन्ध, आख्यान, कविता र नाटक विधाहरूमा स्वतन्त्र रूपले विकसित आख्यानको श्रृङ्खलित समायोजन, सिङ्गो मानव जीवनलाई चित्रण गर्ने कथानकले भरिएको आख्यानात्मक कला नै उपन्यास हो ।

उपन्यास 'अस्' धातुमा 'उप्' र 'नि' उपसर्ग एवम् घञ् (अ) प्रत्यय लागेर बनेको शब्द हो, जसको अर्थ निकट राख्नु आपसमा राख्नु भन्ने हुन्छ (निरौला, २०६७:३१) । संस्कृतमा उपन्यास शब्दको प्रयोग अर्थको युक्तिपूर्ण प्रस्तुतीकरणका रूपमा गरिएको

पाइन्छ । अमर कोशमा "उपन्यासस्तु वाङ्मयम्"भनिएको छ । अङ्ग्रेजीमा भनिने 'नोवेल' शब्द इटालियनको नोवेलेबाट लिएको हो र ल्याटिन भाषाको नोवस तथा नोवलस् शब्दकै रूपान्तरण मानिन्छ । फ्रान्सेली शब्द नोवेला पनि त्यसैबाट निस्केको हो । एकातिर यसले नयाँलाई अर्थ्याउँछ भने अर्कातिर यो शब्दको सम्बन्ध इटालियन भाषाको नोवेल सित जोडिएको छ । जसले समाचारलाई जनाउँछ (प्रधान, २०५२:१५) । समाचार शब्दले इङ्गित गर्ने आशयको व्याख्या गर्दा अचेलदेखि नै उपन्यास अनुसार यसले सामान्य जीवनबाट चरित्र तथा घटनाहरू बटुलेर प्रचलित भाषामा प्रस्तुत गर्ने गुण विशेषलाई सङ्केत गर्छ । यसप्रकार नोवेलबाट सर्वसाधारणले बोल्ने भाषामा लेखिएको सामान्य जीवन चरित्र र घटनाहरूको सङ्कलन भन्ने भाव व्यक्तिन्छ ।

उपन्यास साहित्यका अन्य विधाहरूभन्दा बिलकुल फरक हुन्छ । स्वभाव अथवा तत्त्वका हिसावले कथा र उपन्यास केही नजिक देखिन्छन् तर एकैचाहि होइनन् । जीवनको सत्य पक्षले भाषाद्वारा आफ्नै नजिकैमा विन्यास गरिनु उपन्यास हो । यसले आधुनिक विश्व साहित्यमा महत्त्वपूर्ण स्थान ओगटेको छ । यसका कारणहरू के हुन् भने वर्तमान समाजलाई नजिकबाट हेर्ने, विश्लेषण गर्ने र समाजको सर्वाङ्गीण चित्र अङ्कित गर्ने माध्यम उपन्यास जस्तो अर्को छैन (भुसाल, २०६१:२४९) । त्यसकारण उपन्यास साहित्यको उच्च विधा हो ।

उपन्यासले आन्तरिक बाह्य प्रवृत्तिको चित्रण गरेर जीवनलाई नाप्छ र त्यसका मूल्य खोज्छ । समाजलाई ठम्याउँछ र मोड्ने प्रयत्न गर्छ, गतिलाई समाउँछ र दिशा दिन प्रयत्न गर्छ (प्रधान, २०५२:२) । उपन्यास आख्यानबाट जन्म्यो, हुर्क्यो र आख्यानको कला र चिन्तनलाई पनि प्रभावित पाऱ्यो । यसै अर्थमा उपन्यास आख्यानको नयाँ रूप हो । आख्यानात्मकता उपन्यासको आधारभूत विशेषता हो । यसको केन्द्रमा सधै मान्छे र उसको प्रकृतिसँगको सङ्घर्षको कथाले केन्द्रीय स्थान पाएको हुन्छ । त्यसैले उपन्यास मानव जीवनको महाकाव्य हो .(बराल, २०६३:२) । यसले मानवको सम्पूर्ण पक्षको चित्रण गर्ने प्रयत्न गर्दछ ।

आधुनिक उपन्यासको जन्मदाता पाश्चात्य साहित्य हो (भुसाल, २०६१:२५१) । उन्नाइसौं शताब्दीको बेलायत, जर्मनी, स्पेन, फ्रान्स, रुस आदि देशमा एकैपटक

आधुनिक उपन्यासको अवधारणाको विकास भई तदनुरूपका उपन्यासहरू लेखिए र उपन्यासलाई परिभाषित पनि गरियो तर उपन्यासको चिनारी गराउने क्रममा कुनै एक स्थान र समयमा केन्द्रित रहेर परिभाषा दिन सकिदैन । उपन्यास निरन्तर गतिशील विधा भएकाले एक समयमा दिइएको परिभाषाले अर्को समयमा उपन्यासको मूल्यलाई वहन नगर्न पनि सक्छ । तापनि उपन्यासको लेखन तथा प्रकाशन सँगसँगै यसको व्याख्या विश्लेषण तथा समालोचना पनि हुन थाल्यो र निहित विशेषताहरूका आधारमा परिचय तथा परिभाषा दिने काम पनि प्रारम्भ भयो । विभिन्न विद्वान्हरूले उपन्यासलाई चिनाउने महत्त्वपूर्ण प्रयासहरू गरेका छन् । तीमध्ये केही परिभाषाहरू निम्नानुसार रहेका छन् :

### २.२.१ शब्दकोशद्वारा दिइएको परिभाषा

बृहत आकार भएको आख्यान अर्थात वृत्तान्त जस अन्तरगत वास्तविक जीवनको प्रतिनिधित्व गर्ने पात्र/चरित्र र कथानकका आधारमा चित्रण गरिएको हुन्छ ।

**न्यू इङ्गिलिस डिक्सनरी**

बृहत् र बृहत्तर आख्यान भएको आख्यान रचनाको प्रस्तुति उपन्यास हो ।

**क्याम्ब्रीज इन्साइकोलोपेडिया**

उपन्यास अर्थात् नोबेल साहित्यको अठारौँ शताब्दी पछिको गद्यात्मक आख्यानलाई बुझाउने अविधात्मक शब्द हो । यसमा मानव जीवनको व्यापक पक्ष समेटिएको हुन्छ ।

**इन्साइकोलोपेडिया ब्रितानिक**

उपन्यासलाई मानव जीवनको चित्र मानिन्छ । मानव चरित्रमाथि प्रकाश पार्नु र जीवनका रहस्यहरूलाई उद्घाटन गरिदिनु उपन्यासको मूल कार्य हो ।

**हिन्दी साहित्य कोश**

उपन्यास धेरै अध्याय वा खण्डहरूमा लेखिएको लामो साहित्यिक र चरित्र प्रधान गद्य महाकाव्य हो ।

**नेपाली बृहत् शब्दकोश**

### २.२.२ साहित्यकारले दिएका परिभाषाहरू

लामो साहित्य कथा नै उपन्यास हो । **चक्रपाणि चालिसे**

उपन्यास जीवन र जगतप्रति नै एक विहङ्गावलोकन हो, जसलाई बुझ्ने, केलाउने, चित्रण गर्ने प्रयत्न यथार्थिक हुन्छ । यथातथ्यको उद्घाटन मात्र नभएर यो एक सम्पूर्ण मनुष्य, जिवीत मनुष्यको संसार हो । **कृष्णचन्दसिंह प्रधान**

उपन्यास भनेको यथार्थलाई भाषामा उतार्ने विधा हो । जीवनको प्रतिबिम्वन गर्नसक्ने आख्यानात्मक रचना उपन्यास हो र साँचो एवम् सफल उपन्यास जीवनको मार्गदर्शन बन्न सक्छ । **इन्द्रबहादुर राई**

म उपन्यासलाई मानव जीवनको चित्र मान्दछु । मानव चरित्रमाथि प्रकाश पार्नु र जीवनको साहित्यलाई उद्घाटन गरिदिनु उपन्यासको मूल काम हो ।

**प्रेमचन्द्र**

उपन्यासले कल्पनाका आधारमा एउटा संसार खडा गरिन्छ । कहिलेकाहिँ त उपन्यासमा यति सवल भ्रम तयार हुन्छ, हामी त्यसैभित्र हराएर सन्तोष प्राप्त गर्न पुग्दछौँ । **डा.गोपाल राय**

यसप्रकार उपन्यासलाई जीवनको नजिक रस सिर्जना गर्ने वस्तुको रूपमा लिन सकिन्छ । मानव र मानव समाजसँग सम्बन्धित जीवन जगतका व्यापक पक्ष समेटिएको विविध सत्यलाई, कलात्मक रूपमा अभिव्यक्त गर्ने, मानव जीवनका रहस्यका यथार्थ उद्घाटन गर्ने, काल्पनिक पात्रका माध्यमबाट जीवन जगतका सामाजिक, धार्मिक, ऐतिहासिक, राजनैतिक, साँस्कृतिक पक्षका यथार्थहरू प्रस्तुत गरिएको विभिन्न खण्डहरूमा संरचित गद्य भाषामा लेखिएको आख्यानात्मक रचना उपन्यास हो ।

## २.३ पात्र विधानको सैद्धान्तिक परिचय

उपन्यासको संरचना वा बनावट विभिन्न उपकरणको समाजोनबाट बनेको हुन्छ । तिनै उपकरण वा घटकहरूलाई तत्त्व वा अङ्ग भनेको पाइन्छ । उपन्यासका तत्त्वहरू यति नै छन् भनी तोक्न गाह्रो छ । तापनि कथानक, पात्र, परिवेश, द्वन्द्व, संवाद, विचार, कौतूहल, उद्देश्य, भाषाशैली इत्यादि उपन्यासको तत्त्व वा अङ्गको रूपमा लिन सकिन्छ ।

यी तत्त्वहरूमध्ये पात्र एउटा महत्त्वपूर्ण र अनिवार्य तत्त्व हो । पात्रलाई चरित्र पनि भनिन्छ । यस शोध कार्यमा पात्र विधानको सैद्धान्तिक आधार प्रस्तुत गरिएकोले पात्र विधानमा नै केन्द्रित भएर अध्ययन गरिएको छ ।

उपन्यासमा देखिने मानवीय तथा मानवेतर प्राणीलाई पात्र वा चरित्र भनिन्छ । पात्र शब्द सँस्कृत स्रोतबाट लिएको हो । पात्र शब्दको शब्दकोशीय अर्थ कुनै वस्तुको आधार, भाँडो, प्राप्तकर्ता, जलाशय, दान पाउने योग्य व्यक्ति, दानपात्र, अभिनेता, राजाको मन्त्री, योग्यता र आदेश भन्ने बुझिन्छ (गौतम, २०६६:८२) । शब्दकोशीय अर्थ जेजस्तो भए तापनि साहित्यिक सन्दर्भमा भने विभिन्न विधाका नायक, नायिका, अभिनेता र अन्य व्यक्तिहरू बुझिन्छन् । उपन्यासमा पात्रको भूमिका देखाउने ढङ्गलाई पात्र विधान वा चरित्र चित्रण भनिन्छ । पात्रको संवाद वा कार्यव्यापारलाई देखाउनु पात्र विधान हो । पात्र आख्यानको प्रमुख व्यक्ति हो । आधुनिक उपन्यासमा पात्रको महत्त्व सर्वोपरि मानिन्छ ।

नेपालीमा प्रयोग हुने पात्र शब्द अङ्ग्रेजी साहित्यको क्यारेक्टरको पर्यायको रूपमा प्रचलित छ । यो शब्द अङ्ग्रेजीमा ग्रीकबाट आएको हो र त्यहाँ यसको अर्थ अङ्कित गरिएको वा छाप लगाइएको हुन्थ्यो । अङ्ग्रेजीमा क्यारेक्टरको कोशीय अर्थ अङ्कित गर्नु, छाप लगाउनु, नाम लेख्नु, अभिनय गर्नु, प्रतीक वा सङ्केतद्वारा प्रस्तुत गर्नु, चित्रित गर्नु, गुण वर्णन गर्नु, निश्चित लक्षणद्वारा भेद देखाउनु आदि हुन्छ (गौतम, २०६६:८३) । नेपाली साहित्यमा पात्रको समानार्थीका रूपमा चरित्र शब्द प्रयोग प्रचलित रहेको पाइन्छ । चरित्रको शब्दकोशीय अर्थ कर्तव्य, स्वभाव, प्रकृति, व्यवहार, आदत, चालचलन आदि हुन्छ । यसरी शब्दकोशीय अर्थका आधारमा हेर्दा पात्रले व्यक्तिलाई र चरित्रले व्यक्तिका स्वभाव, प्रकृति, आदत, व्यवहार, चालचलन आदिलाई बुझाएको देखिन्छ ।

कथावस्तुलाई अगाडि बढाउने काम पात्रले गर्छ । पात्रले केही बोल्छ, केही गर्छ, रुन्छ, हाँस्छ, कसैसँग झगडा गर्छ, कसैद्वारा ठगिन्छ । पात्रका यी क्रियाकलापले उपन्यासलाई गति प्रदान गर्दछ । उपन्यासको जीवन जगत सम्बन्धी कस्तो दृष्टिकोण छ भन्ने पात्रको प्रस्तुतीकरण र कार्यव्यापारबाट अवगत हुन्छ (निरौला, २०६७:३४) । पूर्वीय काव्य चिन्तन परम्परामा पात्रलाई नेता वा नायक नायिका भनि चिनाउँदै विभिन्न

भेदहरू बताइएको छ । भरतको नाट्यशास्त्रमा काव्यको प्रमुख तत्त्वहरूको चर्चा गर्दा वस्तु, नेता र रस भनिएको छ र नेता वा पात्रका चार प्रकारका भेद बताइएको छ । धीरोदत्त, धीरोद्धत्त, धीरललित र धीरप्रशान्त नायक एवम् मुग्धा, स्वकीया, परकीया र सामान्य आदि नायिकाका भेद बताइएको छ । आख्यानका क्षेत्रमा भने पूर्व र पश्चिम दुवैतिरका विद्वान्हरूले पात्र अनिवार्य हुने बताएका छन् । कथानकको गति र कार्य अनुरूप पात्रको विकास आरोह अवरोहका क्रियाकलाप नै पात्र विधान हो ।

कथावस्तुसँग सम्बन्धित विविध कथानक कथा तन्तुहरूलाई गति दिने माध्यम पात्र हो । पात्रहरू कथानकका गतिका संवाहक हुन् । उपन्यासमा प्रशस्त पात्रहरू हुन्छन् । यथार्थ परिवेशमा घटित हुने घटनाहरूलाई उपन्यासमा यिनै पात्रहरूले प्रस्तुत गर्दछन् । उपन्यासमा निर्वाह गरेका भूमिका अनुसार पात्रहरूको आफ्नै वैशिष्ट्य हुन्छन् । मानव जीवनको व्यापक भाव्य उतार्ने तत्त्व नै चरित्र हुन् (सुवेदी, २०६४:२३) । पात्र भनेका चरित्र हुन् । कथानकको विकास भन्नु नै चरित्रको विकास हो, जसले उपन्यासको कथावस्तु र उद्देश्यलाई क्रमबद्ध रूपमा अगाडि बढाउने काम गर्दछ । उपन्यासमा पात्रहरूकै माध्यमबाट सामाजिक जीवनका सम्पूर्ण घटनाहरू अभिव्यक्त हुँदा उपन्यासको उद्देश्य पूरा हुन्छ (पोखेल, २०६४:३०) सत् असत् मानिसबाट समाजको निर्माण भए जस्तै औपन्यासिक समाज पनि अनुकूल एवम् प्रतिकूल पात्रहरूले खेल्ने भूमिका आधारमा स्थापना हुन्छ । जीवनको सत्यको अभिव्यक्त गर्ने औपन्यासिक पात्रका क्रियाकलापलाई औचित्यपूर्ण एवम् दैनिक क्रियाकलापसँग मिल्दाजुल्दा देखिन्छन् । उपन्यासमा पात्रको संख्या कति हुन्छ भन्ने कुरा कथानक र उद्देश्यमा भर पर्दछ ।

पात्रहरू विचार सम्प्रेषणका माध्यम हुन् । उनीहरू संरचनागत घटक तत्त्वहरू मात्र नभएर विचार सौन्दर्यका वाहक पनि हुन् । पात्रका माध्यमबाट मान्छेका आन्तरिक एवम् बाह्य समस्या तथा जटिलताहरूका अभिव्यक्ति हुन्छन् । उपन्यासकारले समाजबाट छनोट गरी लिएका कच्चा पदार्थहरू प्रशोधन गरी पात्रका माध्यमबाट प्रस्तुत गर्दछन् । जुन कथानक पढ्दा पाठकमा रसस्वादन हुन्छ । उपन्यासकारले आफ्ना सम्पर्कमा भएका व्यक्तिहरूमध्ये कसैका कान, कसैका आँखा र कसैका स्वभाव आदि लिएर पात्रका प्राण भरेका हुन्छन् । यसरी निर्मित भएका चरित्रलाई पात्रको संज्ञा

दिइन्छ । पात्रहरू मानवीय जीवनसँग सम्बन्धित भएर आफ्नो निजी अस्तित्त्व पनि राख्दछन् । पात्र व्यष्टि र समष्टिका समन्वयबाट बनेका हुन्छन् । उपन्यासकार समाजका विभिन्न वर्ग, पेशा, धर्म, लिङ्ग आदिका विशेषताहरूको सारांश निकाल्न सक्षम भएको खण्डमा प्रतिनिधि पात्रको निर्माण हुन्छ (पोखेल, २०६४:३६) ।

उपन्यास वास्तविक जीवनको प्रतीकात्मक अभिव्यक्ति भएकाले जीवनको विभिन्न पक्षहरूको प्रस्तुति गर्न र उपन्यासलाई सहज, स्वाभाविक र रोचक बनाउन पात्रहरूले महत्त्वपूर्ण भूमिका निर्वाह गरेका हुन्छन् । सामाजिक मानिसहरूकै प्रतिनिधित्व गर्ने औपन्यासिक पात्रहरूले संवेदनशील बन्दै सामाजिक दायित्व बोधले जीवन जगतको सर्वाङ्गीण अभिव्यक्ति प्रदान गर्दछ । उपन्यास आख्यानात्मक कथ्य भएको बृहत गद्यात्मक संरचना हो र पात्रबिना आख्यान कार्यकारण श्रृङ्खलामा आवद्ध भएर अगाडि बढ्न सक्दैनन् (निरौला, २०६७:३६) । पात्रहरूको उदय र विकास समाजका उज्ज्याला र अँध्यारा, सुखदुःख, घात प्रतिघातबाट विकसित भएका हुन्छन् । उपन्यासका पात्रहरू संरचनागत घटकका तत्त्वहरू मात्र नभएर विचार र भाव सौन्दर्यका बाहक पनि हुन् । औपन्यासिक पात्रले धेरै मान्छेको प्रतिनिधित्त गरेको हुन्छ । वर्तमान युगका बौद्धिकता र जटिलत बोक्न सक्ने सक्षम, सबल र क्षमतावान पात्रहरू नै उपन्यासका उत्कृष्ट पात्रहरू हुन्छन् ।

औपन्यासिक चरित्रले कुनै सामाजिक वर्ग, जाति, पेशा वा मनोवैज्ञानिक स्तरको समेत प्रतिनिधित्व गरिरहेका हुन्छन् । बढीभन्दा बढी विशिष्ट कुराको प्रतिनिधित्व गर्न सक्ने चरित्र नै उपन्यासका पाठकका लागि सम्झना लायक हुन्छ । बानी, बोली, हेराइ, क्रियाकलाप आदिले एउटा नयाँ व्यक्तित्वको छाप पार्नसक्ने चरित्रको उपस्थिति उपन्यासमा बन्दनीय मानिन्छ । उपन्यासमा प्राण भर्ने काम नै चरित्रचित्रणले गर्दछ । चरित्र चित्रणका माध्यमबाट नै आधुनिक उपन्यासकारले कलात्मक त्रुटि छ भने पनि तिनलाई छोपी जीवन्त उपन्यासको सिर्जना गर्दछन् (बराल र एटम, २०६६:३१) ।

उपन्यासका पात्रहरू कथावस्तु तथा उद्देश्यसाग सम्बद्ध महत्त्वपूर्ण पक्ष हुन् । कथावस्तुसँग सम्बद्ध विविध कथानकको गति एवम् कार्य अनुरूप चरित्रको चित्रण गरिएको हुन्छ । चरित्र उपकरण हो भने चारित्रीकरण कार्यव्यापार हो । प्रायः गरेर

उपन्यासका पात्रहरू भन्नाले मानव पात्रहरूको बिम्ब सामुन्ने आए पनि उपन्यासमा मानवेतर पात्रको समेत प्रयोग गरिन्छ (बराल, २०६३:३२) । उपन्यासको अस्तित्त्व जीवन्त हुनुको मूल कारण पनि मानव प्रतिनिधि वास्तविक औपन्यासिक पात्रको समावेश नै हो । अतः औपन्यासिक पात्रको निर्माण र चरित्र चित्रणमै केन्द्रित विशेषता उपन्यासमा निर्वाह गरेको भूमिका अनुसार चरित्रलाई विभिन्न वर्गमा वर्गीकरण गर्न सकिन्छ ।

## २.४ उपन्यासका पात्र विधानका आधारहरू

उपन्यासका चरित्रहरू एक अर्काका सापेक्षतामा कस्ता विशेषताहरू लिएर कृतिमा उपस्थित भएका छन् भन्ने कुरा तिनीहरूको वर्गीकरणद्वारा स्पष्ट पार्न सकिन्छ । यस्ता आधारहरूमा लिङ्ग, कार्यभूमिका, प्रवृत्ति, स्वभाव, जीवन चेतना, आसन्नता, आबद्धता पर्दछन् (शर्मा, २०४८:१७४) । जसलाई निम्न बमोजिम तल वर्णन गर्न सकिन्छ ।

### २.४.१ लिङ्गका आधारमा

लिङ्गले पात्रको प्राकृतिक जात छुट्याउने हुँदा यसका आधारमा पात्र पुलिङ्गी र स्त्रीलिङ्गी गरी दुई वर्गमा हुन्छन् । पात्रको बाह्य वर्णन तथा शरीर, नामाकरण र तिनका स्वभाव एवम् प्रयुक्त क्रियाकलापबाट पुलिङ्गी र स्त्रीलिङ्गी छुट्याउन सकिन्छ ।

### २.४.२ कार्यभूमिका आधारमा

कार्यभूमिका आधारमा पात्रहरू प्रमुख, सहायक र गौण गरी तिन प्रकारका हुन्छन् । उपन्यासमा सबै पात्रले उत्तिकै महत्त्वका कार्य गरेका हुँदैनन् । त्यसैले सबैभन्दा बढी काम गर्ने वा कार्यमूल्य भएको पात्र प्रमुख हुन्छ भने त्यसभन्दा कम कार्य भूमिका भएको सहायक र ज्यादै थोरै कार्य मूल्य भएको पात्र गौण हुन्छ । सामान्यतः सबैभन्दा धेरै पटक नाम वा सर्वनाम पुनरावृत्ति हुने र आदिदेखि अन्त्यसम्म घटना र कार्यव्यापारमा उपस्थित भई कथानकलाई अगाडि बढाउने पात्रलाई प्रमुख पात्र भनिन्छ । त्यसभन्दा थोरै नाम वा सर्वनाम आउने र प्रमुख पात्रभन्दा कम भूमिका भएको पात्र सहायक र अन्य चाहिँ गौण पात्र हुन्छन् ।

गौण पात्रलाई हटाइदिँदा पनि उपन्यासको कथानकमा त्यति क्षति पुग्दैन अर्थात जुन पात्रलाई निकाल्दा उपन्यासमा बढी असर पर्छ त्यो सहायक र जसलाई निकाल्दा पनि उपन्यासको संरचनामा खासै असर पर्दैन त्यस्ता पात्रहरू गौण हुन् । जुन पात्रलाई निकाल्दा उपन्यासको संरचना पुरै भत्किन्छ ती प्रमुख पात्र हुन् ।

### २.४.३ स्वभावका आधारमा

स्वभावका आधारमा पात्र गतिशील र गतिहीन गरी दुई वर्गका हुन्छन् । उपन्यासमा कुनै पनि परिस्थिति अनुसार बदलिने पात्र गतिशील हुन्छ, जो आफ्नो स्वभाव, सिद्धान्त र जीवन धारालाई परिवर्तन गरी सुहाउँदो बन्दछ । परिस्थिति बदलिए पनि आदिदेखि अन्त्यसम्म उस्तै जीवन बिताउने र विचलन नआउने स्वभावको पात्र गतिहीन हुन्छ । ऊ आदर्श र दृढ हुन्छ ।

### २.४.४ जीवन चेतनाका आधारमा

यस आधारमा पात्र वर्गीय र व्यक्तिगत गरी दुई प्रकार हुन्छन् । निश्चित सामाजिक वर्गको भूमिका निर्वाह गरी त्यही वर्गको प्रतिनिधित्व गर्ने पात्र वर्गीय हुन्छ भने आफ्नो निजी स्वभाव र वैशिष्ट्य तथा वैयक्तिकताको प्रतिनिधित्व गरी नवीन शैलीको सन्धान गर्ने पात्र व्यक्तिगत हुन्छ । सामाजिक जीवनको तुलनाबाट यस्ता पात्रको निर्धारण गरिन्छ ।

### २.४.५ प्रवृत्तिका आधारमा

यस आधारमा पात्र अनुकूल र पात्र प्रतिकूल गरी दुई वर्गका हुन्छन् । उपन्यासका पात्रहरूले सकारात्मक वा नकारात्मक दुवै भूमिका निर्वाह गरेका हुन्छन् । सकारात्मक भूमिका निर्वाह गरी पाठकको सहानुभूति प्राप्त गर्ने पात्र अनुकूल वा सत्पात्र हुन्छ भने नकारात्मक भूमिका निर्वाह गरी पाठकबाट घृणा प्राप्त गर्ने पात्र प्रतिकूल अथवा असत् पात्र हुन्छ । पात्रको प्रवृत्ति, कार्य र लिङ्गका आधारमा नै उपन्यासका नायक नायिका, सहनायक सहनायिका, खलनायक खलनायिका आदि सजिलै छुट्याउन सकिन्छ ।

### २.४.६ आसन्नताका आधारमा

उपन्यासको कथानकमा हुने पात्रको उपस्थितिलाई आसन्नता भनिन्छ । यस आधारमा पात्रहरू मञ्चीय र नेपथ्य गरी दुई प्रकारका हुन्छन् । उपन्यासमा उपस्थित भई कार्यव्यापार वा संवाद प्रस्तुत गर्ने पात्र मञ्चीय हुन्छ भने कथयिताले वा अन्य पात्रले नाम मात्र उच्चारण गरेको पात्र नेपथ्य हुन्छ । मञ्चीय पात्र वर्तमान बिन्दुमा र नेपथ्य पात्र पूर्व कालमा सक्रिय रहेका हुन्छन् ।

### २.४.७ आबद्धताका आधारमा

उपन्यासको कथानकसँग पात्रको सम्बन्ध गँसाइलाई आबद्धता भनिन्छ । यस आधारमा पात्रहरू बद्ध र मुक्त गरी दुई प्रकारका हुन्छन् । बद्ध पात्रलाई झिक्दा कथानकको संरचना भत्किन्छ तर मुक्त पात्रलाई कथानकले त्यति स्थान नदिएको हुँदा तिनलाई झिक्दा पनि कथानकमा खासै हलचल हुँदैन ।

## २.५ पात्रका प्रकारहरू

उपन्यासमा प्रयोग गरिने चरित्रहरू जीवनका विभिन्न सन्दर्भबाट टिपिने हुँदा तिनीहरूमा विभिन्नताको आरोपण गरिएको पाइन्छ । कथानक र वातावरणको फरकपनले गर्दा पात्रहरूका गुणहरू फेरिन पुग्छन् (बराल र एटम, २०६६:२७) । उपन्यासमा प्रयोग गरिने चरित्रका केही प्रकारहरू यस्ता हुन सक्छन् जसलाई निम्नानुसार प्रस्तुत गरिएको छ :

### २.५.१ गतिशील र गतिहीन

वातावरण वा कुनै घटनाले गर्दा परिवर्तन हुने पात्र गतिशील हुन्छन् अर्थात समयको चक्रसँगै आफूलाई परिवर्तन गर्दै लान्छ भने त्यस्तो पात्रलाई गतिशील पात्र भनिन्छ । यसको ठीक विपरीत आदिदेखि अन्त्यसम्म चारित्रिक दृष्टिले भिन्नता नआउने पात्रलाई गतिहीन पात्र भनिन्छ ।

### २.५.२ यथार्थ र आदर्श

समाजको वास्तविक संसारलाई प्रतिनिधित्व गर्ने खालको पात्र यथार्थ हुन्छ । जसको हरेक क्षणमा पाठक संवेदित भई मनोभावलाई यसै अनुकूल बनाउँछ । यस्ता उपन्यासहरू पढ्दा उपन्यासमा घटित घटना पात्र नभई पाठक आफैले भोगेको जस्तो अनुभव हुन्छ । आदर्श पात्रले उच्च आकाङ्क्षा बोके तापनि यस्तो हुनुपर्छ भन्ने सन्देश दिन आउने हुँदा उसमा यथार्थको अभाव हुन्छ । स्रष्टाले उसलाई मुख पात्र बनाउने उद्देश्यले उसका इच्छाहरूलाई लुकाएर कृत्रिम बनाएको हुन्छ ।

### २.५.३ अन्तर्मुखी र बहिर्मुखी

जीवनलाई आफ्नै रचनामा ढालेर संसारिक भद्रगोलदेखि टाढा रहन चाहने पात्र अन्तर्मुखी हुन्छ । बहिर्मुखी पात्रको स्वभाव भने आफ्ना मनका कुराहरू अरुलाई भनिहाल्ने र बाहिरी सम्पर्कमा रम्ने हुँदा आशावादी हुन्छ । उसले जीवनलाई रमाइलो अनुभवको रूपमा लिएको हुन्छ ।

### २.५.४ गोला र च्याप्टा

जीवनलाई जटिल रूपले भोग्ने र क्षणक्षणमा विशेषता परिवर्तन गरी कथानकलाई रोमाञ्चपूर्ण बनाउने पात्रलाई गोला भनिन्छ । गोला पात्रमा स्वच्छन्दता र स्वाभाविकता ज्यादा हुन्छ । गोला पात्र संघर्षशील हुन्छन् । जीवनलाई सपाट रूपामा भोग्ने विशेष गरी सजिलै बुझ्न सकिने पात्रलाई च्याप्टा भनिन्छ । च्याप्टा पात्रमा आदर्शको मात्रा गह्रौं हुन्छ भने स्रष्टाको निश्चित धारणामा च्याप्टा पात्र अट्दछन् । त्यसैले ती सतही र अप्रभावकारी हुन्छन् । गोला पात्र चाहिँ जीवनलाई आफै भोग्छन् । यस्ता पात्रहरू मनोविश्लेषणका लागि अत्यन्त प्रभावकारी ठहर्छन् ।

### २.५.५ सार्वभौम र आञ्चलिक

जतातत‌ै उही रूपले ग्रहण गर्न सकिने पात्र सार्वभौम हुन्छन् । जसका क्रियाकलाप वातावरणमा आबद्ध हुँदैनन् । मानवकै मौलिक सम्पत्तिको रूपमा तिनीहरूले

मान्यता पाउँछन् । आञ्चलिक पात्र भने आफ्नो निश्चित पर्यावरणमा विशिष्ट पहिचान लिएर बसेका हुन्छन् । यिनले निजी संस्कार र आन्तरिक रूपमा प्रदर्शन गर्दछन् ।

### २.५.६ पारम्परिक र मौलिक

पूर्व परिचित स्वभाव, आचरण र कार्यकै अनुकरणमा कुदी हिड्ने पात्र पारम्परिक वा रुढ हुन्छन् । सिर्जना भइसकेको वा परम्पराको गोरेटोमा हिड्ने त्यस्ता पात्रहरू कहिलेकाहिँ प्रभावकारी पनि सिद्ध हुन्छन् । तिनले प्रतीकात्मक रोगन पाए पनि मूलतः परम्परालाई प्रष्ट्याएका हुन्छन् । मौलिक पात्र भनेको स्रष्टाको नौलो सिर्जना हो । यसमा पाठकलाई तान्ने शक्ति हुन्छ । नवीन ढङ्गमा जीवनको अन्वेषण गर्ने त्यस्ता पात्रले आस्वादनका नयाँ ढोकाहरू खोल्दछन् ।

यसरी आख्यानको आरम्भदेखि समसामयिक युगसम्ममा विभिन्न प्रवृत्ति र प्रयोगका सबै उपन्यासहरूमा पात्र आवश्यक मात्र होइन अनिवार्य भएको पुष्टि हुन्छ ।

## २.६ उपन्यासको अन्य तत्त्वसाग पात्रको सम्बन्ध

उपन्यास बृहत आख्यान भएको विभिन्न खण्डहरूमा विभाजित जीवन जगतको सम्रगताको अभिव्यक्ति गर्ने गद्य महाकाव्य समकक्षी रचना भएकाले उपन्यासको कथानकलाई अगाडि बढाएर निश्चित दिशा दिने काम पात्रको हुन्छ । तसर्थ अन्य तत्त्वहरूसँग पात्रको कस्तो सम्बन्ध रहेको छ भन्ने कुराको तल चर्चा गरिएको छ ।

### २.६.१ कथानक र पात्र

कथानक उपन्यासको मुख्य वा आधारभूत तत्त्व हो । उपन्यासमा घटित हुने घटनाहरूको योजनाबद्ध ढाँचा नै कथानक हो । यसमा आउने घटकहरू कार्यकारण सम्बन्धद्वारा कसिएका र व्यवस्थित गरिएका हुन्छन् (बराल र एटम, २०६६:२०) । कथानकमा घटित हुने घटनाहरूलाई जोडेर गति दिने काम पात्रले गर्ने हुँदा कथानक र पात्रको अभिन्न सम्बन्ध हुन्छ । कथानकलाई कार्यकारणको तारतम्यपूर्ण सूत्रबद्ध स्वरूप अथवा घटनाहरूको सङ्गठन भन्न सकिन्छ जसको संयोजनमा उपन्यासको आकृति खडा हुन्छ (प्रधान, २०६१:७) । कथानकलाई दोर्‍याउने काम पात्रले गरेको हुन्छ । कथानकले

केको बारेमा कथा छ भन्ने बुझाउँछ भन्ने चरित्रले कसको कथा छ भन्ने प्रष्ट पार्छ । कथानकको प्रारम्भ कुनै जटिल समस्याको मूलबाट हुन्छ र त्यस समस्याको समाधान पात्रको संवादद्वारा गरिन्छ । पाठकका मनमा कुनै जिज्ञासा कुनै कौतूहलता सिर्जना गर्ने पहिलो घटनाबाट कथानकको सुरुवात हुन्छ भने त्यस कौतूहलताले पूर्ण सन्तुष्टिको अवस्था प्राप्त गर्ने घटनालाई देखाएर पात्रको माध्यद्वारा कौतूहलताको पूर्ण सन्तुष्टि भएपछि कथानकको अन्त्य हुन्छ । त्यसैले उपन्यासमा कथानक र पात्रको अभिन्न सम्बन्ध रहेको हुन्छ ।

उपन्यास लेखनका क्रममा उपन्यासकारले कुनै न कुनै स्रोतबाट कथानक ग्रहण गरेको हुन्छ । मुख्यतः उपन्यास रचनामा इतिहास, यथार्थमूलक अनुभव, मिठक, रागात्मक सौन्दर्य र स्वेर कल्पना आदिलाई स्रोत वा आधार बनाउने गरिएको पाइन्छ ( बराल र एटम, २०६६:२२) । जुन स्रोतबाट कथानक लिइएको छ तदानुरूपका नै पात्र हुनुपर्छ । यदि कथानकको स्रोत इतिहास भए त्यही कथानकलाई बहन गर्नसक्ने इतिहास प्रसिद्ध हुनुपर्छ तब मात्र उपन्यासको उद्देश्य पुरा हुन्छ । कथानक विभिन्न प्रकारका हुन्छन् । कथानकको वर्गीकरण, यसको विस्तार, सङ्गठन, बनोट, प्रभाव, उद्देश्य आदिलाई बहन गर्नसक्ने चरित्रको अपेक्ष उपन्यासमा गरिन्छ । कथानकमा आङ्गिक विकासको अपेक्षा गरिन्छ । ती अङ्गहरूको विकास नै कथानकको विकास हो । जर्मनेली समालोचक फ्रेटागले पिरामिड शैलीमा कथानकको विकास देखाएका छन् । उनले आदि, मध्ये र अन्त्यमा कथानकको विकासका पाँच अवस्था देखाएका छन् । ती हुन् : आरम्भ, संघर्ष विकास, चरम उत्कर्ष, संघर्ष ह्रास र उपसंहार । आरम्भ घटनाको उठान, विकास त्यसको विस्तार, चरम उत्कर्ष त्यसको सबभन्दा प्रभावशाली स्थिति, संघर्ष ह्रास त्यसको शिथिलता र उपसंहार त्यसको समापन हो । यी सबै अवस्थाहरू पात्रका क्रियाकलापबाट अगाडि बढ्छन् ।

### २.६.२ परिवेश र पात्र

परिवेश भनेको उपन्यासमा कार्यव्यापार हुने समय, स्थान र वातावरण हो । परिवेशले उपन्यासको यात्रालाई गति दिने कार्य गर्नुका साथै कथानकलाई विश्वसनीयता प्रदान गर्दछ । परिवेश भनेको घटना घटित हुने स्थान वा कार्यपिठिका हो । विभिन्न

पात्रहरूको क्रियाकलाप एवम् मनोदशाबाट परिवेशको अवगत हुन्छ अर्थात परिवेश अनुसार नै पात्रहरूले कार्य गर्दछन् । यदि कथानक देश काल अनुरूप भयो मात्र वास्तविक र पत्यारिलो हुन्छ । उपन्यासमा जुन समय, स्थान र वातावरण सम्बद्ध रहेको हुन्छ पात्र पनि त्यही अनुरूप चित्रण गरिनुपर्छ । चन्द्र शमशेरको पालाको कुरा गरेर आजको परिवेशलाई समेटिएमा त्यो उपन्यास निरर्थक, अस्वाभाविक र अविश्‍वसनीय हुन्छ । आख्यानात्मक कृतिको तुलना मानव देहसँग गर्ने हो भने कथानक त्यस देहको ढाँचा हो, चरित्र त्यसको प्राण हो र देश काल त्यसको धीर बाहिनी नसा हो । यस नसारूपी देश काल कृतिरूपी देहमा प्राणको सञ्चार गर्ने माध्यम पात्र हो भन्ने स्पष्ट हुन्छ (प्रधान, २०४०:२६) । कुनै पनि कृतिमा देश, काल र वातावरण नै कथानकलाई आधार प्रदान गर्ने र पात्रहरूलाई क्रियाशिल गराउने भएकाले परिवेश उपन्यासको अपरिहार्य तत्त्व मानिन्छ । परिवेश र पात्रको तालमेल भएमा मात्र उपन्यास स्वाभाविक र वास्तविक बन्दछ । त्यसैले आख्यानात्मक रचनामा परिवेश विधान जीवनका अनुरूप र अनुकूल हुनुपर्छ, तब मात्र कथानक पत्यारिलो र स्वाभाविक बन्दछ ।

### २.६.३ उद्देश्य र पात्र

उपन्यासमा व्यक्त भएको मूल भाव, विचार र दृष्टिकोण नै उद्देश्य हो । उद्देश्यले उपन्यासमा सार वस्तु, जीवन दर्शन आदि पनि भनिन्छ । उपन्यासकारले कुनै न कुनै उद्देश्यको प्रतिपादन गर्ने लक्ष्य लिएर उपन्यासको सिर्जना गरेको हुन्छ । उपन्यासमा रचनाकारको विचार, धारणा, अनुभूति आदि प्रकट भएको हुन्छ । उपन्यासकारले उपन्यासमा मूल विचारलाई नाटकीकरण गरेर साधारणीकृत अवस्थामा पुऱ्याउँछ र पाठकले त्यसको बोध गर्छ (बराल र एटम, २०६६:३८) । उपन्यासको मूल कथ्य वा बीज विषय नै उपन्यासको विषय हुन्छ । त्यही उद्देश्य पूरा गर्नका लागि पात्रहरूले संवाद वा कथोपकथनद्वारा महत्त्वपूर्ण भूमिका निर्वाह गरेका हुन्छन् । उपन्यासकारले समाजका विभिन्न पक्षहरूमध्ये कुनै एक पक्षको उद्‌घाटन गर्ने उद्देश्य राखेको हुन्छ । जुनसुकै उपन्यासको उद्देश्य कुनै न कुनै तवरबाट मानिसको जीवनको चित्रण गर्नु हो । कुन युग र कस्ता प्रकृतिको मानिसको चित्रण गर्ने भन्ने कुरा उपन्यासकारले छनोट गर्दछ ।

उद्देश्यबिना कुनै पनि कार्य हुँदैन । खासगरी उपन्यास मानव जीवनसँग सम्बन्धित रहने हुँदा यसको उद्देश्य मानव जीवन जगतका विविध परिवेशलाई समेत्नु हुन्छ । कुनै उपन्यासकारले कुनै युगका चित्रण गरेका हुन्छन् भने कुनै उपन्यासकारले कुनै स्थान, घटना वा विचारलाई अगाडि सार्ने उद्देश्य राखेका हुन्छन् । उपन्यासकारले आफ्नो उद्देश्य पूरा गर्न त्यही अनुरूपका पात्रहरू नियुक्त गरेको हुन्छ । तसर्थ उद्देश्य र पात्रको अभिन्न सम्बन्ध रहेको हुन्छ ।

### २.६.४ भाषा शैली र पात्र

उपन्यास साहित्यिक विधा भएकाले यसले अभिव्यक्त गर्ने माध्यम भाषा हो । भाषालाई अभिव्यक्त गर्ने ढङ्गलाई शैली भनिन्छ । चित्रको अभिव्यक्ति गर्ने माध्यम रङ र रेखा हुन् भने उपन्यासको अभिव्यक्ति गर्ने माध्यम भाषा हो । उपन्यास जीवनको यथार्थ तस्विर हो । त्यसैले यसलाई अभिव्यक्त गर्ने माध्यम गद्य भाषा हुन्छ । उपन्यासमा भाषा व्यक्त हुँदा लेख्य रूपमा आएको हुन्छ भने उपन्यासमा पात्रहरूमा संवादका माध्यमबाट भाषा कथ्य रूपमा पनि आएको हुन्छ । उपन्यासमा प्रयोग भएका घटना, दृश्य र पर्यावरणहरूमा सजिवता ल्याउनका साथै रोचकता स्वाभाविक सृष्टि गरी संवादका माध्यमद्वारा भाषाको अभिव्यक्ति गरिन्छ (प्रधान, २०६१:८) । भाषाशैली अन्तरगत संवाद तत्त्व पर्दछ । संवादले मात्र पात्रको बाह्‍य र आन्तरिक तत्त्वको पहिचान दिन सक्दछ । कथोपकथन नाटकीय तत्त्व पनि हो । त्यसले उपन्यासलाई नाटकीय निकटता प्रदान गर्दछ (सुवेदी, २०६४:२४) । भाषाशैली परिवेश अनुसारको भयो भने कृति पत्यारिलो र जीवन्त बन्दछ । जस्तै : हिमालको परिवेश आएको ठाउँमा तराईका मानिसहरूले बोल्ने मैथली लेग्रो भएको भाषाशैली उपयुक्त हुँदैन । त्यस्तै निम्न स्तरको पात्रहरूको भाषा बौद्धिक र उच्च स्तरीय भएमा पनि त्यो स्वाभाविक हुँदैन । त्यसैले परिवेश अनुसार पात्र र त्यही अनुरूपको भाषाशैली हुनुपर्दछ ।

कथ्य वियषलाई पाठक समक्ष प्रभावकारी ढङ्गमा सम्प्रेषण गर्ने सामग्री नै भाषा हो । उपन्यासमा सरल भाषा प्रयोग गरेर सबैले बुझ्ने खालको पनि हुन सक्छ भने उपन्यास साहित्यिक विधा भएकाले अलाङ्कारिक, प्रतीकात्मक, बिम्बात्मक वा व्यञ्जनात्मक भाषाको पनि अपेक्षा गरिन्छ । यस्तो भाषाको प्रयोग बढी बौद्धिक

पाठकहरूको लागि उपयुक्त हुन्छ । भाषाको प्रस्तुति गर्ने ढाँचा नै शैली हो । उपन्यासको आ-आफ्नै शैली हुन्छ । हरेक लेखक शैलीका कारणले अन्य लेखकभन्दा भिन्न हुन्छन् । अतः शैली भन्ने बित्तिकै कुनै पनि लेखकको विशिष्ट रचना प्रकार भन्ने बुझिन्छ । वास्तवमा शैली भनेको अभिव्यक्तिको प्रकार हो । कुनै पनि लेखकले जेजसरी आफ्ना विचार, दृष्टिकोण वा भावना व्यक्त गर्दछ त्यो अभिव्यक्तिको प्रकार नै शैली हो । उपन्यास रचनाको सन्दर्भमा वर्णनात्मक, आत्माकथात्मक, पत्रात्मक, डायरी पद्धति, चित्रात्मक, चेतना प्रवाहात्मक जस्ता विविध शैलीको प्रयोग गरिन्छ (प्रधान, २०४० : ५६) ।

कुनै पनि आख्यानात्मक कृतिमा भाषा र पात्रको घनिष्ठ सम्बन्ध रहेको हुन्छ । उपन्यासमा प्रयोग हुने भाषाशैली, देश, काल, वातावरण र पात्र अनुकूल हुनुपर्दछ । उपन्यासकारको उद्देश्य अनुरूपको भाषाशैली पात्रले बोल्नु पर्दछ । तब मात्र कृति जीवन्त र स्वाभाविक बन्न पुग्दछ । जस्तैः थारू समुदायको पात्र उपन्यासमा लिइएको छ भने नेपाली वा हिन्दी भाषा बोलेर उपन्यास स्वाभाविक बन्दैन । त्यसका लागि थारू समुदायबाट लिइएको पात्रको भाषाशैली थारू भाषा नै उपयुक्त मानिन्छ । त्यसैले उपन्यासको सारभूत तत्त्व भाषाशैली नै हो । यदि भाषाको माध्यम नभएको भए एउटा व्यक्तिको मनका भावनाहरू अर्को व्यक्तिले बुझ्न सक्दैनथ्यो । साहित्यकारले पनि भाषिक अभिव्यक्तिका माध्यमद्वारा समाजमा केही न केही सन्देश दिन चाहेको हुन्छ ।

यसरी उपन्यासको संरचनाको क्रममा विभिन्न तत्त्वहरूको आवश्यकता पर्दछ । ती विभिन्न तत्त्वहरूको एक अर्कामा अन्योन्याश्रित सम्बन्ध रहेको हुन्छ । पात्रका माध्यमद्वारा नै कथानकको गतिलाई अगाडि बढाएर निश्चित लक्ष्यमा पुऱ्याउने काम हुन्छ । उपन्यासको एक महत्त्वपूर्ण तत्त्वको रूपमा रहेको पात्रको पनि अन्य तत्त्वसागको आपसी सम्बन्धबाट उपन्यासले सहज, स्वाभाविक रूपमा मूर्तता प्राप्त गर्दछ ।

## २.७ निष्कर्ष

उपन्यास साहित्यको एक आख्यानात्मक विधा हो । मानव र मानव समाजसँग सम्बन्धित जीवन जगत्का व्यापक पक्ष समेटिएको विविध सत्यलाई कलात्मक रूपमा अभिव्यक्त गर्ने, मानव जीवनका रहस्यको उद्घाटन गर्ने, विभिन्न खण्डहरूमा संरचित गद्य भाषामा लेखिएको आख्यानात्मक रचना उपन्यास हो । उपन्यासको विभिन्न तत्त्वहरू मध्ये पात्र एक महत्त्वपूर्ण तत्त्व हो । उपन्यासमा देखा पर्ने मानव वा मानवेत्तर प्राणी नै पात्र हो । कथावस्तुलाई अगाडि बढाउने काम पात्रले गर्ने हुादा पात्र विना उपन्यासको कल्पना गर्न सकिँदैन । लिङ्ग, कार्यभूमिका, प्रवृत्ति, स्वभाव, जीवन-चेतना, आसन्नता, आबद्धता आदि उपन्यासका पात्र विधानका आधारहरू हुन् भने गतिशील र गतिहीन, यथार्थ र आदर्श; अन्तर्मुखी र बहिर्मुखी, गोला र च्याप्टा; सार्वभौम र आञ्चलिक, पारम्परिक र मौलिक पात्रका प्रकारहरू हुन् र उपन्यासका अन्य तत्त्वहरू कथानक, परिवेश, उद्देश्य, भाषाशैली इत्यादिसँग पात्रको अत्यन्तै घनिष्ठ सम्बन्ध रहेको हुन्छ ।

## परिच्छेद तिन

# लैनसिंह वाङ्‌देलको औपन्यासिक यात्रा र प्रवृत्ति

### ३.१ विषय परिचय

लैनसिंह वाङ्‌देल आधुनिक नेपाली उपन्यास परम्परामा देखा परेका अग्रणी उपन्यासकार  हुन् । २००४ सालमा **मुलुक बाहिर** उपन्यास लिएर देखा परेका वाङ्‌देलले यसै उपन्यासबाट आधुनिक नेपाली उपन्यासका फाँटमा सामाजिक यथार्थवादी धाराको थालनी गरेका हुन् । त्यसैले उनी यस धाराका प्रवर्तक पनि मानिएका छन् । २००४ सालदेखि उपन्यासका क्षेत्रमा देखा परेका वाङ्‌देलको औपन्यासिक यात्रा के कस्तो रहेको छ अनि त्यस औपन्यासिक यात्राका क्रममा उनका के कस्ता प्रवृत्तिहरू देखा परेका छन् भन्ने प्राज्ञिक जिज्ञासाको समाधान यस परिच्छेदमा गरिएको छ ।

### ३.२ उपन्यास विधातर्फ अभिरुचि

नेपाली साहित्यको औपन्यासिक क्षेत्रमा लैनसिंह वाङ्‌देलको योगदान अविस्मरणीय रहेको छ । औपन्यासिक फाँटमा उनको स्थान बेग्लै रूपले प्रतिस्थापित भएको छ । उपन्यासबाहेक वाङ्‌देलका थुप्रै अरू रचनाहरू पनि छन् । जसमध्ये अनूदित कथा सङ्ग्रहहरू, जीवनी र यात्रासंस्मरण विशेष उल्लेखनीय छन् । यी उल्लिखित उनका कृतिहरूमध्ये उपन्यासले नै साहित्यिक क्षेत्रमा उनलाई बढी चर्चित बनाएको छ (आचार्य, २०५८:३१) । उनका चार उपन्यासहरू **मुलुकबाहिर** (२००४), **माइतघर** (२००६), **लङ्गडाको साथी** (२००८) र **रेम्ब्रान्ट** (२०२३) ले परम्परागत नेपाली उपन्यासको विकासक्रममा नयाँ मोड ल्याइदिन सफल भएको छ ।

लैनसिंह वाङ्‌देलको साहित्यिक जीवनको प्रारम्भ स्कुल अवस्थादेखि नै भए पनि साहित्यको उर्वर समय कलकत्तामा रहँदा कला सम्बन्धी अध्ययनमा डिप्लोमा प्राप्त गरिसकेपछि उच्च अध्ययन र जागिर नहुँदाको फुर्सदको अवधिमा रचना गरिएका कृतिहरूलाई मान्न सकिन्छ (आचार्य, २०५८:३१) । त्यस समय उनले सर्वप्रथम

**विश्वकथा** सङ्ग्रह नामक अनुवाद कृति प्रकाशन गरे तापनि पछि गएर **मुलुकबाहिर** उपन्यास २००४ सालमा, **माइतघर** २००६ सालमा, **लङ्गडाको साथी** २००८ सालमा र **रेम्ब्रान्ट** २०२३ सालमा प्रकाशित भयो ।

साहित्यिक जीवनको उर्वर समयको सुरुवात नै उपन्यास लेखनतर्फ झुकाव रहनुमा पनि केही कारकहरू छन् । राणाकालमा त्यतिखेर नेपालभित्र राजनैतिक कारणले स्वतन्त्र रूपमा विचार पोख्न पाइँदैनथ्यो । यस स्थितिमा नेपालबाहिर रहेका लेखक कविहरूले नेपाली साहित्यका लेखनमा प्रशस्त सहयोग पुऱ्याएका थिए । त्यसबेला दार्जिलिङको समाज धेरै अघिदेखि निकै स्वतन्त्र थियो । भावनामा, विचारमा र साहित्यिक सिर्जनामा स्वतन्त्र पक्षलाई बढी महत्त्व दिएको पाइन्छ । त्यसैले त्यहाँका लेखकले जहिले पनि स्वतन्त्र तथा उन्मुक्त वातावरणमा धेरै उपन्यास सिर्जना गर्न सकेका छन् (आचार्य, २०५८:३२) ।

यसरी दार्जिलिङका लेखकहरूको उपन्यास लेख्ने परम्परा र प्रवृत्तिबाट वाङ्देललाई पनि सुरुमा उपन्यास नै लेख्ने अभिरुचि भएको बुझिन्छ । यसको मुख्य कारणमा दार्जिलिङमा स्वतन्त्र वातावरण र स्वतन्त्र वैचारिक अभिव्यक्तिको सहुलियत हुनु पनि हो । तसर्थ उनको झुकाव अरू विधामाभन्दा उपन्यासमा भएको प्रतित हुन्छ । यस कारण जीवनलाई विस्तृत वर्णन गर्न र स्वतन्त्र अभिव्यक्ति दिन उपन्यासमा सकिने हुँदा उनले आफ्नो मौलिक अभिव्यक्ति दिन उपन्यासको चयन गरेका हुन् भन्न सकिन्छ ।

## ३.३ लैनसिंह वाङ्देलका औपन्यासिक यात्रा

नेपाली साहिन्य कथा र कविता विधाबाट नेपाली साहित्य संसारमा प्रवेश गरेका वाङ्देलले नेपाली साहित्यलाई उर्वर बनाएका छन् । वाङ्देल उपन्यासकार मात्र नभएर नियात्राकार, अनुवादक, जीवनीकार र कवि पनि हुन् । साहित्यिक जीवनको सुरुवात वि.स.१९४१ मा प्रकाशित सरकारी हाई स्कुल पत्रिकामा छापिएको **भग्न जीवन** कथाबाट भएको हो (गौतम, २०७०:२५) । पाश्चात्य साहित्यकारहरूको प्रभाव ग्रहण गरी नेपाली उपन्यास क्षेत्रमा नयाँ धारा सामाजिक यथार्थवादी धाराको सुरुवात **मुलुकबाहिर** (२००४) उपन्यासबाट गरेका छन् । नेपाली उपन्यास परम्परामा **मुलुकबाहिर**ले महत्त्वपूर्ण योगदान

पुऱ्याएको छ । यसपछि **माइतघर**, **लङ्गडाको साथी र रेम्ब्रान्ट** जस्ता उपन्यासले विसङ्गतिका कोणहरूलाई प्रस्तुत गरेका छन् । लैनसिंह वाङ्देलका औपन्यासिक कृतिहरूको परिचय यसप्रकार दिन सकिन्छ :

### क) मुलुकबाहिर

**मुलुकबाहिर** (२००४) उपन्यास नेपाली उपन्यास साहित्यको पहिलो यथार्थवादी उपन्यास हो भने वाङ्देलको पनि पहिलो औपन्यासिक कृति हो । यस उपन्यासम आर्थिक अवस्था अत्यन्त कमजोर भएका कारणले काम र मामको खोजीमा आफ्नो मुलुक छोडी विदेसिनुपर्ने बाध्यता र त्यहाँ तिनीहरूले भोग्नु परेको पीर व्यथालाई सफल रूपमा उतारिएको छ । यसमा विशेष गरेर पहिलो र दोस्रो विश्वयुद्धको अवधिलाई समेटिएको छ ।

यस उपन्यासका पात्रहरूको जीवन परिस्थिति वर्षभरी काम नहुने प्रत्येक वर्षको दसैं लागेपछि चैत्रसम्म केही काम नहुने र खाना लाउन धौधौ पर्ने किसिमको रहेको छ । यही सिलसिलामा रने र म्याउची पनि हिँउद लागेपछि अरुण खोलाबाट मुग्लान पस्छन् र दाम्पात्य जीवनमा बाँधिन पुग्छन् । सानो कुरामा झगडा परेका कारण रनेले म्याउचीको हत्या गर्छ र पश्चातापमा विश्वयुद्धतिर होमिन्छ । पहिलो विश्वयुद्धमा दलबहादुर र रने भेट हुन पुग्छन् । दलबहादुरलाई गोली लागेका कारण रनेले दलबहादुरको स्याहार संहार गरी दार्जिलिङ फर्किन्छ र रनबहादुर दलबहादुरकै घरमा बस्न पुग्छ । आफ्नी सालीलाई देख्दा रने म्याउचीलाई हत्या गरेको डाहा झनझन बढ्दै जान्छ र खप्न नसकी आत्माहत्या गर्न पुग्छ ।

माहिला भुजेल र दलबहादुर गाई पालनको व्यावसाय गर्छन् । कान्छा राई र आफ्नी श्रीमती मसिनीको सम्बन्ध रहेको सङ्काले मसिनीलाई नराम्रोगरी कुटपीट गरेर माहिला भुजेल घर छोड्छ । आसाम, सिलगुडी जस्ता विभिन्न ठाउँ हुँदै १८ वर्षपछि आफ्नी छोरी रूपासँग भेट गर्न पुग्छ र बाबु छोरीको चिनजान भएपछि माहिला भुजेलको देहावसान हुन्छ र उपन्यासको अन्त्य हुन्छ ।

यसरी सोझा निष्कपट र परिश्रमी नेपालीलाई जहाँ गए पनि दुःखले छाडेको छैन । आरा काट्ने, मुढा बोक्ने कामदेखि लिएर विश्वयुद्धसम्म यिनै नेपाली पुगेका छन् । गाँस, बास जोड्ने समस्याले गर्दा आफ्नो मुलुक छाडी अर्काको मुलुकमा जानुपर्ने बाध्यात्मक स्थितिलाई छर्लङ्ग उतारेका छन् ।

**ख) माइतघर**

**माइतघर** लैनसिंह वाङ्देलद्वारा लेखिएको दोस्रो औपन्यासिक कृति हो । यस उपन्यासले नेपाली समाज र संस्कारका मूल्यहरूलाई प्रस्तुत गरेको छ । सुवेदार बलबीर खत्री र रत्नाको पारिवारिक वृत्तको पृष्ठभूमिमा रचना भएको यस उपन्यासले दुई परिवारको आपसी व्यवहार सुखदुःख सानी र हरिको बीचमा एकअर्काप्रति अङ्कुरण भएको प्रेमभाव तथा त्यसमा सामाजिक मर्यादाले गरेको कुठाराघात र त्यही कुठाराघातले खेप्नु परेको पीडा र यसका कारण आपसमा टाढिन पुगेको कारूणिक कथा छ ।

प्रस्तुत उपन्यासमा सानी र हरि बाहिरबाट दाजु र बहिनी हुन् तर उनीहरूमा एक अर्काप्रति प्रेमभाव पलाएको छ । सामाजिक संस्कार र बन्धनका कारणले हरिप्रतिको आफ्नो प्रेमभाव प्रकट गर्न नसकी सानी माइत जान बाध्य हुन्छे । उसलाई पराई घरमा पनि सुख भएन । उसको लोग्नेले सौता हालेपछि ऊ विचल्लीमा पर्छे । यस उपन्यासमा आफूलाई चाहेको मान्छेसँग विवाह गर्न नपाइने र परिवारको हस्तक्षेपलाई सहर्ष स्वीकार गर्नुपर्ने बाध्यात्मक स्थितिलाई छर्लङ्ग उतारिएको छ । पुरुष प्रधान समाजमा नारीले जस्तोसुकै परिस्थिति आए पनि सहनुपर्ने, निरीह भएर पतिदेव भनी पूजा गर्नुपर्ने अवस्था छ । समाजमा घटित हुने यस्ता घटनाहरूलाई उपन्यासकारले सानी र हरि पात्रका माध्यमबाट उपन्यास मार्फत प्रस्तुत गरेका छन् ।

**ग) लङ्गडाको साथी**

वाङ्देलको अर्को महत्त्वपूर्ण उपन्यास **लङ्गडाको साथी** हो । आधुनिक नेपाली उपन्यास परम्परामा यथार्थवादी परम्परामा नै अर्को ईँट थप्ने काम **लङ्गडाको साथी** उपन्यासले गरेको छ । यथार्थताका साथै अति यथार्थता पनि उक्त उपन्यासमा पाइन्छ ।

मानिसमा हुने मानव प्रवृत्ति दानवतामा परिणत भएको छ । वाङ्देल प्रवासी नेपाली समाजका वास्तविकता पस्कनेक्रममा एउटा कुँजो माग्ने र एउटा पशुका माध्यमबाट मानिसमा हराउँदै गएको मानवताप्रति तिखो व्यङ्ग्य प्रहार गर्न पुगेका छन् ।

आर्थिक अवस्था कमजोर भएका कारण पूर्वी नेपालबाट दार्जिलिङ गएको व्यक्ति गोठालाको रूपमा घरायसी काम गरेर बसेको छ । घाँस दाउरा जाँदा रुखबाट लडेर त्यसले दुईवटै खुट्टा गुमाउँछ र अपाङ्ग हुन्छ । यही अपाङ्गताको परिणाम स्वरूप लङ्गडो त्यस घरका मालिकका घरबाट निकालिन्छ । त्यसपछि ऊ विभिन्न ठाउँमा अपाङ्ग भएर असहाय जीवन व्यतित गर्न पुग्छ । उसको सहारा भन्नु कोही भएन । उसले कसैबाट साहनुभूति प्राप्त गर्न सकेन बरु एउटा मानवेतर प्राणी कुकुरले उसलाई साथ दिन पुग्छ । उसको आफ्नो भन्नु नै त्यही कुकुर हो । उसको दिनचर्या सहरिया बुजुकहरूको तिखो व्यङ्ग्य सुन्नु, केटाकेटीको भुइँभालु हुनु र दिनभरी मागेर हिड्नुमा नै बित्छ । यसरी मागेर ल्याएको पैसाले उसले केही किनेर आफू र कुकुरलाई बराबर भाग लगाउँछ अनि दुवै खान्छन् र सँगै बस्छन् । दुवै साथी एकचोटी बिरामी पर्दा एक प्रतिष्ठित व्यक्तिको पेटीमा बस्दा पनि उनीहरूलाई त्यहाँ बस्न नदिई गलहत्याएर लङ्गडोलाई अझ घाइते बनाउन पुग्छन् । यसरी बस्ने बास र खाने गाँस नहुँदासम्म दुवै साथी एक भएर बस्छन् । एक दिन लङ्गडोले दुःख गरी मागेको पैसा सबै चोरी हुन्छ त्यसपछि उसको साथी कुकुर पनि हराउँछ । लङ्गडो आफ्नो साथी हराएको चिन्ताले विरामी पर्छ र उसलाई भोक र तिर्खाले सताउँछ । एकदिन कुकुर पनि लङ्गडो भएकै ठाउँमा आइपुग्छ तर लङ्गडो भोक तिर्खा अनि सुर्ताले मृत्युवरण गर्न पुग्छ । कुकुरले उसलाई धेरै बेरसम्म छाड्दैन । उसले जताततै लङ्गडालाई खोज्छ तर पाउँदैन । अन्त्यमा मानव र पशु कङ्काल घाटमा सँगै देखिन्छन् ।

मानवीय जीवनमा सवलाङ्गहरूले अपाङ्गहरूलाई गरेको व्यवहारले अपाङ्गको मनमा नकारात्मक धारण सिर्जना हुन पुग्छ । मानवेतर प्राणी कुकुर पनि मानवभन्दा उच्च स्तरको हुन सक्छ र कुकुरले जति माया प्रेम पनि मान्छेले मान्छेलाई नदिने यो सभ्य मानव समाजप्रति तिखो व्यङ्ग्य प्रस्तुत लङ्गडाको साथी उपन्यासमा व्यक्त भएको पाइन्छ ।

### घ) रेम्ब्रान्ट

**रेम्ब्रान्ट** (२०२३) उपन्यास वाङ्देलको चौथो उपन्यास हो । रेम्ब्रान्ट वाङ्देलको एक जीवनीपरक उपन्यास हो । यथार्थवादको सुरुवातको साथसाथै वाङ्देलले जीवनीपरक उपन्यासको थालनी गरेका छन् । यस उपन्यासमा सातौँ शताब्दीका प्रसिद्ध कलाकार रेम्ब्रान्टको जीवनीलाई औपन्यासिक कलाको कलात्मकता थपेर प्रस्तुत गरिएको छ ।

**रेम्ब्रान्ट** हल्यान्डका प्रसिद्ध चित्रकार रेम्ब्रान्टकै जीवनीमा आधारित उपन्यास हो । उपन्यासकारले एउटा चित्रकारको जीवनमा भएका घटनाहरूको यथार्थ चित्रण गरी औपन्यासिक कलात्मकता थपेका छन् । रेम्ब्रान्ट एक लगनशिल व्यक्तित्व हुन् । उनले थुप्रै तस्विरहरूको निर्माण गरेका छन् र प्रख्यात पनि भएका छन् । यसै समयमा उनको शास्किया नामक धनाढ्य केटीसँग विवाह हुन्छ । केही समय उनको जीवन यापन सहज बन्न गएको थियो ।

चित्रकलामा नै व्यस्त जीवन बिताइरहेका रेम्ब्रान्टलाई एक क्याप्टेनले एउटा तस्विर बनाउन लगाए जुन अत्यन्त महत्त्वको तस्वीर थियो । विधिको विडम्बना भनेझैँ उक्त तस्विर रेम्ब्रान्टले बनाए पनि मन पराइएन र उनका चेलालाई बनाउन लगाइयो । यसै बीचमा आफ्नी श्रीमती शास्कियाको मृत्यु भयो । आफ्नो गुरुको मृत्यु भएको खबरले रेम्ब्रान्ट चिन्तामा परेका थिए । यसमा झनै तस्विर मन नपराइएको चिन्ता थपिएको थियो । यसपछि उनका जीवनमा अनेक विपत्ति आईलाग्छन् । सारा पिडैपिडाका बीच रेम्ब्रान्टले मृत्युवरण गर्न पुग्छन् ।

प्रस्तुत उपन्यासमा विश्व प्रसिद्ध कलाकार रेम्ब्रान्टको कहाली लाग्दो र पीडदायक जीवनवृत्तलाई उतारिएको छ । यो कल्पित कथावस्तु नभई यथार्थ छ । एउटा चित्रकारको जीवनमा घटेका घटनाहरूको यथार्थ प्रस्तुति रेम्ब्रान्टमा पाइन्छ ।

## ३.४ वाङ्देलका औपन्यासिक प्रवृत्ति

लैनसिंह वाङ्देल नेपाली उपन्यासका फाँटमा नौलो आयाम थप्ने उपन्यासकार हुन् । उनले नेपाली उपन्यासलाई नयाँ भावभूमि र ढाँचा दिएका छन् । रूपनारायण सिंहले दोऱ्याएको औपन्यासिक यात्रालाई अर्को श्रृङ्खला जोड्ने काम यिनले गरे (भुसाल, २०६१:२७८) । उपन्यासबाहेक वाङ्देलका अरू थुप्रै रचनाहरू पनि छन् । जसमध्ये अनुदित कथा सङ्ग्रहहरू, जीवनी र यात्रा संस्मरण विशेष उल्लेखनीय छन् । यी उल्लेखित कृतिहरूमध्ये उपन्यासले नै साहित्य क्षेत्रमा उनलाई बढी चर्चित बनाएको छ । वाङ्देलका उपन्यासहरूमा **मुलुक बाहिर**, **माइतघर**, **लङ्गडाको साथी** र **रेम्ब्रान्ट** रहेका छन् ।

वाङ्देल नेपाली उपन्यास परम्परामा आधुनिक कालका रुद्रराज पाण्डे र रूपनारायाण सिंहपछिका महत्त्वपूर्ण प्रतिभाको रूपमा देखा परेका छन् (गौतम, २०७०:२९) सर्वप्रथम नेपाली उपन्यासलाई यथार्थवादी जीवनदृष्टि दिई नयाँ मोड प्रदान गर्ने काम यिनकै **मुलुक बाहिर** उपन्यासले गरेको हो । मूलतःप्रवासी नेपाली समाजको यथार्थ चित्रण गर्दै काम र मामको खोजीमा प्रवासीएका नेपाली र तिनका अवस्थितिको चित्रण वाङ्देलपूर्व कुनै पनि उपन्यासमा गरिएको पाइँदैन । आफ्नो राम्रो कमाइ नहुने देखेर मुग्लान पस्न बाध्य नेपालीहरूको पीडा, व्यथा, शङ्का तथा मृत्युको सिकार बन्न विवश भएका पात्रहरूको यथार्थ चित्रण **मुलुक बाहिर**मा रहेको पाइन्छ । वाङ्देलको **माइतघर** उपन्यासमा पनि समाजिकताको यथार्थ चित्रण पाइन्छ । एउटै परिवार भएर फरकफरक दुई परिवार बसोबास गर्दै पहिले दाजु र बहिनी पछि प्रेमीप्रेमीका बन्न पुग्छन् तर समाजमा आफ्नो प्रेमलाई साकार बनाउन नसक्दा विवश जीवन बिताउन बाध्य भएका छन् ।

**लङ्गडाको साथी** उपन्यासमा मानिसको जीवन वृतान्त, सङ्घर्ष, मानवताको उपेक्षा तथा जीवनको अस्तित्त्वप्रति सचेतता जस्ता कुराको व्यङ्ग्यात्मक प्रस्तुति पाइन्छ । वाङ्देलको अन्तिम उपन्यास रेम्ब्रान्ट हल्याण्डका महान् चित्रकार रेम्ब्रान्टको जीवनमा आधारित छ । एउटा चित्रकारले भोग्नु परेका दुःखद क्षण र तीसँग सङ्घर्ष

गरेर संसारलाई केही दिन खोज्ने पवित्र भावनालाई यसमा कारूणिकताका साथ प्रकट गरिएको छ । दैविक, आर्थिक र सामाजिक भार सहदै कला सिर्जनामा जीवन अर्पण गर्ने त्याग र धैर्यका प्रतिमूर्ति रेम्ब्रान्टको दुःखान्त जीवन कथा भएको **रेम्ब्रान्ट** नेपालीमा लेखिएको प्रथम जीवनीमूलक उपन्यास हो (बराल र एटम, २०५८:१७३) । यिनै चार उपन्यासका आधारमा वाङ्देलका निम्नलिखित औपन्यासिक प्रवृत्तिहरूलाई औँल्याउन सकिन्छ :

### ३.४.१ सामाजिक यथार्थवादी प्रवृत्ति

नेपाली उपन्यासमा सामाजिक यथार्थवाद ल्याउने पहिलो उपन्यासकार लैनसिंह वाङ्देल नै हुन् । पेरिसमा यथार्थवादी कला र साहित्यको छ वर्ष लामो अध्ययन गरेपछि वाङ्देल त्यहाँको यथार्थवादी आन्दोलनबाट प्रभावित थिए । **प्रभाव** पत्रिकामा प्रकाशित साहित्यिक यथार्थवाद लेखबाट त उनी यस प्रवृत्तिका दार्शनिक नै बन्न पुगे (भुसाल, २०६१:२७८) । यिनले आफ्ना उपन्यासमा समाजमा पाइने यथार्थ पात्र, घटना र समस्याहरूलाई प्रस्तुत गरी तिनको सङ्घर्षमय वास्तविक जीवनको उद्घाटन गरेका छन् । नेपाली साहित्यमा आदर्शवाद र स्वच्छन्दतावादका विरुद्ध जन्मिएको यथार्थवादले जीवनका कटुतम् पीडा, नराम्रा वेदनामय कुराहरू, आदर्शीकरण नगरी जस्ताकोतस्तै यथार्थ ढङ्गले प्रस्तुत गर्ने काम यथार्थवादले गर्छ । यही यथार्थवादका हाँगाहरू आदर्शोन्मुख यथार्थवाद, ऐतिहासिक यथार्थवाद, आलोचनात्मक यथार्थवाद जस्तै एक हाँगो सामाजिक यथार्थवाद हो । साहित्यमा प्रचलित सामाजिक यथार्थवाद जीवन जगतको बारेमा जेजस्तो छ त्यसलाई फोटोग्राफिक रूपमा अर्थात वस्तुगत प्रस्तुत गर्दछ र सम्पूर्ण निर्णयहरू गर्न समाजलाई छाडिदिन्छ । यथार्थवाद यथार्थको समग्र र गतिशील चित्रण हो । यो समाजगत वस्तुतामा आधारित छ (सुवेदी, २०६४:३०) । यसले समाजको ठोस कुरालाई बाहिर ल्याउने काम गर्दछ ।

वाङ्देलले पाश्चात्य यथार्थवादी मान्यतालाई अनुसरण गर्दै नेपाली उपन्यासका क्षेत्रमा वि.सं.२००४ मा **मुलुकबाहिर** मार्फत प्रथम सामाजिक यथार्थवादी उपन्यास प्रस्तुत गर्न पुगे । बिहान बेलुकाको छाक टार्न धौधौ परी प्रत्येक हिउँद लागेपछि विदेसिनुपर्ने बाध्यता, प्रवासमा भोल्नुपर्ने व्यथा, सामाजिक कुरीति जस्ता यथार्थको

प्रस्तुति मुलुकबाहिरमा पाइन्छ । सामाजिक अन्धविश्वास, धार्मिक रुढि र सामाजिक संस्कारलाई जीवन्त रूपमा प्रस्तुत गरिएको उपन्यास माइतघर हो । उनी माइतघरमा समाजका अगाडि विवशताको जिन्दगी विताउनुपर्ने बाध्यत्मक कुरीतिलाई पन्छाउन नसकी सहजै स्वीकार गरेर आफ्नो आन्तरिक प्रेमलाई लुकाइ पराइ घर जानैपर्ने सामाजिक परम्पराको यथार्थिक ढङ्गले प्रस्तुत गर्न खोजेका छन् । वाङ्देलको अर्को उपन्यास **लङ्गडाको साथी** फरक प्रकारको व्यथा बोकेको उपन्यास हो । यसमा सभ्य समाजको घृणा र अपमान सहेर जीवन यापन गर्ने लङ्गडाको दुःखदायी वर्णन छ । मान्छेलाई कुकुरले मित्रवत व्यवहार गर्ने तर मान्छेले मान्छेलाई घृणाको रूपमा हेर्ने सामाजिक यथार्थको प्रस्तुति लङ्गडाको साथीमा पाइन्छ । **रेम्ब्रान्ट**मा तत्कालिन युरोपेली पृष्ठभूमिमा चित्रकारको जीवनीलाई सरल, सहज र स्वाभाविक पारेर चित्रण गरिएको छ । एउटा चित्रकारले भोगेको दुःखकष्ट उसमाथि आइपरेका समस्याहरूका प्रस्तुति, समस्या नै समस्या भए पनि बाँच्नुपर्ने बाध्यात्मक स्थिति रेम्ब्रान्टमा पाइन्छ ।

आर्थिक स्थिति कमजोर भएर विदेसिनुपर्ने बाध्यात्मक परिस्थिति, प्रवासमा बिताउनुपर्ने नरकीय व्यथा, सामाजिक परम्पराका अगाडि विवश जीवन बिताउनुपर्ने बाध्यात्मक परिस्थिति, मान्छेलाई कुकुरले मित्रवत व्यवहार गर्ने तर मान्छेले मान्छेलाई घृणा एवम् अपमानपूर्ण व्यवहार गर्नु चित्रकारका वास्तविक जीवनमा घटित घटनामा केन्द्रित रहनु सामाजिक यथार्थवादी प्रवृत्ति हुन् ।

### ३.४.२ मानवतावादी प्रवृत्ति

वाङ्देल मानवतावादी उपन्यासकार हुन् । मानवले मानवलाई मानवकै दृष्टिले हेर्नु नै मानवतावादी प्रवृत्ति हो । एक मान्छेले अर्को मान्छेलाई मान्छेका रूपमा हेर्नुपर्छ र सबै किसिमका व्यवहारहरू त्यसैअनुरूप हुनुपर्दछ भन्ने व्यवहारिक पक्षका तर्क र संस्कार नै मानवतावाद हो (भुसाल, २०६१:२७९) । मानिसले धन, पद र सत्ता प्राप्तिका लागि जस्तोसुकै कुकर्म पनि गर्दछ । त्यस्तै सामाजिक संस्कार र धर्मको चेपुवामा परेर पनि मानिसले अर्कालाई आदर सत्कार उपकार गर्नुभन्दा वेवास्ता गर्ने प्रवृत्ति बढेको छ । वाङ्देलका चारओटै उपन्यासमा यस्ता गलत प्रवृत्तिको विरोध गर्दै उनले अन्याय र अत्याचारमा परेका पात्रहरूप्रति साहनुभूति र मानवीय भावना दर्शाएका छन् ।

यिनले मुलुकबाहिरका सबै निम्नवर्गीय पात्रलाई, माइतघरका हरि र सानी जस्ता दुःखी पात्रलाई अनि लङ्गडाको साथीको लङ्गडालाई मानवीय दृष्टिले हेर्दै तिनीहरूप्रति आफ्नो गहिरो सद्भाव र साहनुभूति प्रकट गरेका छन् । सामाजिक भेदभावले ल्याउने विखण्डनलाई पन्छाएर मान्छेभित्र मानवता र संवेदनाका मानवीय भाव भर्दै समाजका सबैले ससम्मान सुखपूर्वक बाँच्न पाउनुपर्ने विचार वाङ्देलले व्यक्त गरेका छन् ।

वाङ्देलका सबै उपन्यासमा भन्दा लङ्गडाको साथीमा मानवतावादी सिंहदान्त वढी मुखरित भएको छ (भुसाल, २०६१:२७९) । आजको विकसित सभ्य समाजमा अमानवीय प्रवृत्ति बोकेका सभ्य .कहलाउन खोज्ने मानिसहरूमा कतै पनि मानवताको सङ्केत पाइदैन । लङ्गडाको साथी उपन्यासमा लङ्गडालाई मानिसले नकारात्मक व्यवहार गरेको तर मानवेतर पात्र कुकुरले लङ्गडाप्रति देखाएको ममताले मानव समाजलाई राम्रो शिक्षा दिएको पाइन्छ । यसरी लङ्गडाको साथीमा मानवतावादी प्रवृत्ति ज्यादै प्रखर छ ।

### ३.४.३ अतियथार्थवादी प्रवृत्ति

नेपाली उपन्यास परम्परामा अतियथार्थवादका प्रथम प्रयोगता लैनसिंह वाङ्देल हुन् । लङ्गडाको साथी अतियथार्थवादको प्रयोग हो । शैलीको अनौठो पनदेखि विचारको विश्रृङ्खलता सम्ममा अतियथार्थवादी प्रभाव पाइन्छ । लङ्गडाप्रति सभ्य भनाउँदाहरूको तिरस्कारको चरम चित्रणद्वारा उनीहरूको अमानुषिकता प्रचलित नैतिकताको घृणापूर्ण विरोध प्रकट गर्छन् भने कुकुरले लङ्गडालाई र लङ्गडाले कुकुरलाई गर्ने गरेको आत्मीय सहयोग, सहयात्राको निर्विकार, निष्पृह अङ्कनले प्रेमको वास्तविकता अतियथार्थ रूपमा स्थिर गरेका छन् (प्रधान, मधुपर्क ६/७, २०३०) ।

**लङ्गडाको साथी**को प्रमुख पात्र लङ्गडाको अचेतन मनका इच्छाहरूलाई सपनाको प्रयोगद्वारा प्रस्तुत आफ्नो आत्मीय मित्र कुकुर हराएपछि लङ्गडामा अनिश्चिता उत्पन्न हुन्छ । सपनामा गिद्धले कुकुर र आफूलाई खानु, आफू सबल अङ्ग र सक्षम भएर धिरधाम गएको देख्नु, आफूलाई चराजस्तै उडेको देख्नु अतियथार्थवादका लक्षणहरू हुन् । लङ्गडाको मनमा आएका स्वप्निल तरङ्गहरूलाई उपन्यासमा चित्रण गरिएकोले

लैनसिंह वाङ्देलमा यो औपन्यासिक प्रवृत्ति पाइन्छ । उनले नेपाली उपन्यास परम्परामै पहिलो पटक अतियथार्थवादको प्रयोग उनका लङ्गडाको साथी उपन्यासमा गरेकाले उनी प्रथम अतियथार्थवादी उपन्यासकारका रूपमा परिचित छन् (भुसाल, २०६१:२६१) ।

### ३.४.४ मनोद्वन्द्वको सफल प्रयोग

वाङ्देलले आफ्नो उपन्यासहरूमा मनोद्वन्द्वको सफल प्रयोग गरेका छन् । फ्राइडीय मनोविश्लेषणलाई प्रस्तुत गर्ने मूल उद्देश्य नरहे पनि सामाजिक पृष्ठभूमिमा सिर्जना भएका पात्रहरूको मनस्थितिको चित्रण गरेर उनले नेपाली उपन्यासमा मनोद्वन्द्वलाई सफलताका साथ प्रयोग गरेको पाइन्छ (बराल र एटम, २०५८:१७३) ।

**मुलुकबाहिर** उपन्यासले पात्रका इर्ष्या, शङ्का, पश्चाताप्, अपराधबोध उद्घाटन गरेको पाइन्छ । शङ्काका भरमा मृत्युको सिकार बनाउनु, पश्चाताप्ले आफ्नै जीवनको अन्त्य गराउनु जस्ता मनोद्वन्द्वात्मक क्रियाकलाप मुलुकबाहिरमा पाइन्छ । सामाजिक अन्धविश्वासका कारण प्रणय सूत्रमा बाँधिन नसक्नु, सानी र हरिका मनस्थितिको विचलनलाई माइतघर उपन्यासमा छर्लङ्ग उतारिएको पाइन्छ । लङ्गडाको साथीमा सामाजिक तिरस्कार, लङ्गडाप्रति हेर्ने मानवीय नकारात्मक प्रवृत्ति, सवलाङ्गहरूले गर्ने अमानवीय क्रियाकलापले गर्दा लङ्गडामा मनोद्वन्द्व सिर्जना भएको पाइन्छ । मान्छेको अन्तस्करणभित्र प्रवेश गर्दै त्यहाँ पाइने स्नेह, दया, माया, करुणा, पश्चाताप्, क्रोध, शङ्का आदि आन्तरिक मनोद्वन्द्वको भावनालाई चित्रण गर्नु वाङ्देलको मनोवैज्ञानिक सचेतताको प्रमाण हो ।

### ३.४.५ प्रकृतिको यथार्थ र सुन्दर चित्रण गर्ने प्रवृत्ति

वाङ्देल प्रथमतः कलाकार हुन् त्यसपछि उपन्यासकार (श्रेष्ठ, २०३२:१०) । प्रकृतिको सुन्दर चित्रण गरेर वाङ्देलले उपन्यासमा सुन्दरता थपेका छन् । उनी प्रकृतिको सौम्य रूपदेखि रौद्र रूप सबैको जीवन चित्र उपन्यासमा प्रस्तुत गर्दछन् । घामको झुल्को, छ्याङ्ग उघ्रेको पहाडलाग्दो दिन, हिउँदका रातको सिरेटो, ठन्डी, तुसारो, वर्षा, हिलोमैलो र भलवाडी हुरीबतास सबै कुरालाई उपन्यासको कथावस्तु अनुसार प्रस्तुत गरेको पाइन्छ । वाङ्देल प्रकृतिसँग समाज, वातावरण, परिवेश र व्यक्तिव्यक्ति बीचको

द्वन्द्व जीवन्त रूपमा प्रस्तुत गर्छन् । उनका उपन्यासमा मानिसको मन दुःखी हुँदा प्रकृति पनि रिसाउँछ र मानिसको मन शान्त हुँदा प्रकृति पनि स्थिर हुन्छ (गौतम, २०७०:३३) । यिनको उपन्यासमा प्रकृति र मानवको सम्बन्ध अत्यन्त घनिष्ठ रहेको कुरामा जोड दिएको हुन्छ ।

वाङ्देलको जन्म नै सुन्दर प्राकृतिक परिवेशमा भएको हुनाले उनी सानैदेखि प्रकृतिप्रेमी देखिन्छन् । प्रकृतिको दृश्यावलोकन गर्नु, विभिन्न रूपका चित्रण गर्नु, प्रकृतिमा सधैँ रमाउनु उनको औपन्यासिक प्रवृत्ति हुन् । लङ्गडाको साथी र माइतघरमा प्राकृतिक छटा पाउन सकिन्छ । मुलुकबाहिर उपन्यासमा दार्जिलिङको परिवेश, टिस्टातिरको प्राकृतिक दृश्यावलीले उपन्यासलाई सजिसजाउ बनाएका छन् ।

### ३.४.६ प्रवासी नेपालीहरूको चित्रण गर्ने प्रवृत्ति

लैनसिंह वाङ्देल स्वयम् प्रवासी नेपाली हुन् । उनी कामको खोजीमा विदेसिएका नेपालीहरूलाई आफ्नो उपन्यासका पात्र बनाउँछन् । तिनैका चरित्रचित्रमा सीमित राख्छन् । रेम्ब्रान्टबाहेक उनका तीनै उपन्यासमा प्रवासी नेपाली समाजको चित्रण छ र त्यस समाजका व्यक्तिको चित्रण छ । नेपालीहरू प्रवासमा केकस्ता पेशा अँगालेर बसेका छन्, उनीहरूको जीवन स्तर कुन प्रकारको छ, प्रवासमा भएका दुःख, कष्ट, व्यथा, शङ्का, पश्चाताप्, बिहान बेलुकाको छाक टार्न, चाडपर्व मनाउन, राम्रो लगाउन विदेसिनुपर्ने बाध्यताको यथार्थ वाङ्देलको **मुलुक बाहिर** उपन्यासमा चित्रित छ ।

राणा शासनको क्रुरता र सामाजिक शोषणको प्रातडनाले आजित भई जीवन धान्न नसकी रोजगारीका लागि भारतीय भूमिमा प्रवेश गर्न बाध्य हुनु, नेपालीहरू सिपाही हुन विदेश जाने तथा तेल खानी र कोइला खानीमा जोखिमपूर्ण काम गर्ने गरेको तथ्य **मुलुक बाहिर**मा समेटिएको छ । प्रवासीय नेपालीहरूको कारूणिकताको चित्र उतार्न सक्नु वाङ्देलको महत्त्वपूर्ण प्रवृत्ति मानिन्छ ।

### ३.४.७ कारूणिकताको चित्रण गर्ने प्रवृत्ति

आधुनिक नेपाली उपन्यास परम्परामा लैनसिंह वाङ्देल कारूणिक उपन्यासकार हुन् । वाङ्देल समाजका उपेक्षित, उत्पिडित र अपहेलित वर्गका मानिसका कारूणिक संवेदना पाठकसामु पस्केर सबैलाई त्यसमा सहभागी गराउने उपन्यासकार हुन् । उनका उपन्यासका पात्रहरू आफू मात्र कारूणिक बन्ने होइन आफ्ना करुणा पाठकलाई बाँडेर उनीहरूलाई पनि करुणामा डुबाउँछन् । उनका चारओटै उपन्यासमा करुणाका पक्ष सफल भएकाले सुरुदेखि अन्नतक उनी कारूणिक प्रवृत्तिका उपन्यासकार हुन् । उनी दार्शनिक अरस्तुले भनेजस्तै करुणाले पाठकको मनको कलुषित भाव पखाल्छन् (भुसाल, २०६१:२८१) । यसले मानव मनलाई शुद्ध पार्ने काम गर्दछ ।

वाङ्देलको प्रथम उपन्यास **मुलुक बाहिर**का म्याउचीको हत्या, रनेको आत्माहत्या र माहिला भुजेलले मसिनीप्रति गरेको व्यवहार जस्ता घटनाले कारूणिकता प्रस्तुत भएका छन् । यस्तै माइतघर उपन्यासको हरि र सानीप्रतिको सम्बन्धले कारूणिकता सिर्जना भएको छ । लङ्गडाको साथी उपन्यासको लङ्गडाको अवस्थाले कारूणिकता सिर्जना भएको छ र रेम्ब्रान्टले जीवनमा गर्नुपरेका सङ्घर्ष पनि कारूणिक रहेको छ । नेपाली उपन्यास परम्परामा करुणामय वातावरणको चित्रण गर्ने कार्यमा वाङ्देल अरू उपन्यासकारभन्दा धेरै अघि छन् । निष्कर्षतः यथार्थ वस्तुघटनाभित्र करुणा पक्षलाई सशक्त रूपमा प्रस्तुत गर्नु लैनसिंह वाङ्देलको औपन्यासिक प्रवृत्ति हो ।

### ३.४.८ जीवनीमूलक उपन्यासका स्रष्टा

वाङ्देल आधुनिक नेपाली उपन्यास परम्परामा जीवनीमूलक उपन्यास लेख्ने पहिलो उपन्यासकार हुन् । विभिन्न चरण र मोडको विकास भइसकेको भए पनि जीवनीपरक उपन्यासका प्रारम्भकर्ता लैनसिंह वाङ्देल नै हुन् (गौतम, २०७०:३३) । चार ओटा उपन्यासमध्ये अन्तिम उपन्यास रेम्ब्रान्ट व्यक्तिको जीवनसँग सम्बन्धित रहेको पाइन्छ ।

वाङ्देल व्यक्तिका जीवनमा यथार्थ घटनालाई औपन्यासिक तत्त्वका आधारमा प्रस्तुत गरेर उपन्यासमा रूपान्तरण गर्ने उपन्यासकार हुन् । उनको रेम्ब्रान्ट उपन्यासमा

विश्व प्रसिद्ध हल्याण्डका महान् चित्रकार रेम्ब्रान्टका जीवनमा घटित सङ्घर्षमय क्षणहरूलाई यथार्थ रूपमै राखेर त्यसमा उपन्यास शिल्प भर्न सक्ने उपन्यासकार लैनसिंह वाङ्देल जीवनीलाई रोचक उपन्यास बनाउन सक्ने उपन्यासकार हुन् ।

### ३.४.९ निराशावादी जीवनदृष्टि प्रस्तुत गर्ने प्रवृत्ति

लैनसिंह वाङ्देलका सबै उपन्यासका पात्रहरू जीवनयात्राका अनेक समस्या र झन्झटमा फस्छन् । तिनीहरू सङ्घर्ष गरेर सावधानीपूर्वक समस्याबाट किनारा नलागी आपतविपत परेका आवेशमा अप्रिय निर्णय गर्छन् र सङ्घर्षमय जीवनबाट पलायन हुन्छन् । **मुलुक बाहिर**का रने र माहिला भुजेल वास्तविकता पत्ता लगाउनुका सत्ता निराश भएर शङ्काका भरमा दौडिन्छन् । यसैको फलस्वरूप मुग्लान पलायन हुन्छन् र अन्तमा रने आत्माहत्या गर्न पुग्छ । माइतघरका सानी र हरि पनि समाजसँग सङ्घर्ष गर्न नसकेर आपसी प्रेम हुँदाहुँदै दाम्पत्य जीवन व्यतित गर्न सक्दैनन् । लङ्गडाको साथीमा लङ्गडो त्यति लामो जीवनमा सङ्घर्ष गर्दै बाँचेको छ तर कुकुर हराएपछि निराश बन्छ र यताउता भौँतारिदा भौँतारिँदै झुप्रोमा समेत आइपुग्न सक्दैन र परिणामतः मृत्युवरण गर्छ । रेम्ब्रान्टमा रेम्ब्रान्टका जीवनका हरेक मोडमा असफलता हात लागेपछि निराशाको पराकाष्ठामा पुगेको छ ।

वाङ्देलका उपन्यास यथार्थवादका नाममा निराशाको कल्पना र त्यसको साहनुभूतिशिल जीवन दृष्टिमा आधारित भएर उभिएका छन् । सामाजिक समस्या र आर्थिक विडम्बनाको समाधानतिर नलागे यस्तो निरिहताको स्थिति उत्पन्न भई नै रहन्छ भन्ने कुरा यसमा सङ्केत गर्न खोजिएको छ ।

### ३.४.१० पाश्चात्य शिल्प शैलीको प्रयोगगत प्रवृत्ति

नेपाली उपन्यासको ऐतिहासिक विकासक्रममा वाङ्देलले जुन स्थान र महत्त्व प्राप्त गरे त्यो उनको नवीन प्रवृत्ति र मान्यताका कारण नै सम्भव भएको हो । आधुनिक नेपाली उपन्यास परम्परामा नयाँनयाँ चरण र मोडहरूको सुरुवात गर्ने उपन्यासकार एक प्रयोगवादी उपन्यासकार हुन् ।

सर्वप्रथम **मुलुक बाहिर** उपन्यासमा यथार्थवादी धाराको सुरुवात गरेर नयाँ धाराको विकास गरेको पाइन्छ । आदर्शवादी र स्वच्छन्दवादी धाराको विकास भइसकेको अवस्थामा यथार्थवादको प्रयोग गरी उपन्यासको सिर्जना गर्नु उनमा पाश्चात्य शैली शिल्पको प्रभाव पर्नु हो । माइतघर उपन्यासमा मानवताको नवीन अन्वेषण गर्दै मनोवैज्ञानिक सूक्ष्मताको पनि प्रयोग गरेका छन् । त्यसैगरी लङ्गडाको साथीमा क्षीण कथानक र अति यथार्थवादको प्रथम प्रयोग पाइन्छ भने रेम्ब्रान्टमा जीवनीमूलक उपन्यासका प्रयोगताका रूपमा वाङ्देल नेपाली उपन्यास परम्परामामै पहिलोपल्ट स्थापित भएका छन् (गौतम, २०७०:३६) । जसको फलस्वरूप यिनी पाश्चात्य शिल्प शैलीको प्रयोगताको रूपमा स्थापित भएका छन् ।

**मुलुक बाहिर** उपन्यास कथानकीय केन्द्रीय अन्वितिलाई वेवास्ता गरी दुई भिन्न जीवनवृत्तमा उपन्यास अघि बढेको छ भने माइतघरले लघु आयामिक दिशा बोधको सङ्केत गरेको छ । यसरी नै लङ्गडाको साथीले एउटा माग्ने र कुकुरको कथन मात्रमा क्षीण कथानक अङ्गिकार गरेको छ । वर्णानात्मक र संवादात्मक दुवैको मिश्रित रूप नै वाङ्देलको औपन्यासिक शिल्प हो (शर्मा, २०१४:५९) ।

यसरी वाङ्देलले आफ्ना चारओटै उपन्यासहरूमा नयाँनयाँ मोड एवम् शैलीको प्रयोग गरेर नेपाली उपन्यास परम्परालाई नयाँ मोड दिएका छन् । उनका उपन्यासहरू साधारण पाठकले पनि बुझ्न सक्ने कथानक, पात्र, परिवेश, सुहाउँदो भाषाको प्रयोग गरेर अभिव्यक्तिलाई यथार्थ बाटोमा दोऱ्याएका छन् र उपन्यासलाई सौन्दर्य थप्ने काम गरेका छन् ।

## ३.५ उपन्यासकार लैनसिंह वाङ्देलको योगदान

उपन्यासकार लैनसिंह वाङ्देल आधुनिक नेपाली उपन्यास परम्पराका एक सशक्त एवम् उल्लेखनीय प्रतिभा हुन् । चित्रकलामा योगदान पुऱ्याएका वाङ्देलले पाश्चात्य मुलुकका विभिन्न स्रष्टाहरूका कृतिको अध्ययन गरेर चित्रकारिताले सजाए झैं विभिन्न सिद्धान्तहरूको प्रयोग गरी नेपाली उपन्यासलाई सजाउन सफल भएका छन् । पाश्चात्य यथार्थवादी चित्रकलाबाट प्रभाव ग्रहण गरेका वाङ्देल कलम र कुचीलाई एक साथ

दौडाउन सफल सर्जक हुन् । प्रथमतः कथा लेखनबाट साहित्यमा प्रवेश गरेका वाङ्देलको ख्याति प्राप्त गर्ने माध्यम भने उपन्यास बन्न पुग्यो । चित्रकला र उपन्यासका साथमा जीवनी लेखन, अनुवाद, नियात्रा आदि विधालाई पनि यिनले अगाडि बढाउने काम गरे । उनका प्रकाशित कृतिहरूलाई देहाय अनुसार सूचिकृत गर्न सकिन्छ :

**उपन्यास**

१. **मुलुक बाहिर** (२००४)

२. **माइतघर** (२००६)

३. **लङ्गडाको साथी** (२००७)

४. **रेम्ब्रान्ट** (२०२३)

साहित्यका धेरै विधामा कलम चलाए पनि वाङ्देल आफ्ना चार ओटा उपन्यासले गर्दा नेपाली साहित्यका उच्च मूल्याङ्कनमा रहन सफल भएका छन् । उनको योगदानको कदर गर्दै मूल्याङ्कन गर्दा उनी साहित्यलाई अग्र स्थानमा पुऱ्याउन सफल भएको देखिन्छन् । वाङ्देलले नेपाली उपन्यासलाई सामाजिक यथार्थवादी धारामा प्रवेश गराए । नेपाली उपन्यास क्षेत्रमा प्रवेश गरी वाङ्देलले सङ्ख्यात्मक र गुणात्मक दुवै दृष्टिमा योगदान दिएका छन् ।

वाङ्देलको प्रथम प्रकाशित उपन्यास **मुलुक बाहिर**मा उनले आर्थिक समस्याका कारण विदेसिन बाध्य प्रवासी नेपालीहरूले भोगेको जीवन, भोल्नुपरेका समस्या र त्यसभित्र पाइने सहयोग, सद्भावना, दया, माया एवम् यदाकदा उब्जने मानवीय आवेगले गर्दा सिकार हुन पुगेका निरीह व्यक्तिको झलक प्रस्तुत गरेका छन् । समाजका न्यून मध्यम वर्गीय वृत्तभित्र जीवन गुजारा गर्ने व्यक्तिको आर्थिक, सामाजिक एवम् साँस्कृतिक पक्षको यथार्थ चित्र उतार्ने काम यस उपन्यासमा भएको छ । दोस्रो उपन्यास माइतघरमा वाङ्देलले सामाजिक विषयवस्तुको चयन गर्दै मानसिक संवेदना प्रस्तुत गरेका छन् । सुवेदार, बलवीर खत्री र रत्नको पारिवारिक पृष्ठभूमिमा रचना भएको यस उपन्यासले दुई परिवारको आपसी व्यवहार दुःख सुख हरि र सानीको अन्तरमा एक अर्काप्रति अङ्कुरण भएको प्रेमभाव तथा त्यसमा सामाजिक मर्यादाले पुऱ्याएको

कुठाराघाट, यही कुठाराघाटले गर्दा खेप्नुपरेको मानसिक पीडा र यसका कारण आपसमा टाढिन बाध्य हुनुपरेको कारूणिक कथा प्रस्तुत गर्न सफल भएका छन् । त्यसैगरी लङ्गडाको साथी वाङ्देलको तेस्रो औपन्यासिक प्रस्तुति हो । वाङ्देलबाट प्रवासीय नेपाली समाजका वास्तविकता पस्कने क्रममा दार्जिलिङको एउटा कुँजो माग्ने र एक पशुका माध्यमबाट त्यहाँका समाजमा हराउँदै गएको मानवीयता तथा पशुभन्दा पनि हिनतर मानवीय सभ्यताप्रति व्यङ्ग्य गर्ने काम भएको छ । विषयवस्तुको यथार्थिक प्रयोजन भएको उक्त उपन्यासको प्रस्तुति यथार्थवादी र अतियथार्थवादीका साथै आदर्शको छाप पनि पाउन सकिन्छ । चार ओटा उपन्यासमध्ये चौथो उपन्यास रेम्ब्रान्ट पनि मह□वपूर्ण औपन्यासिक कृति मान्न सकिन्छ । यथार्थवादी औपन्यासिक रचनाका स्रष्टा वाङ्देलले नेपाली उपन्यास परम्परामा जीवनीमूलक उपन्यासको अभाव पूर्ति गर्ने ध्ययका साथै एक कलाकारको जीवनवृत्तलाई यथार्थ रूपमा चित्रण गरेका छन् । यसरी वाङ्देलका उपन्यासहरू सङ्ख्याका आधारमा थोरै भए पनि गुणात्मकताका आधारमा एकदमै स्तरीय बन्न सफल भएका छन् ।

उपन्यासकारका रूपमा वाङ्देलको उपस्थिति नभएको भएदेखि हामीले परम्परागत मान्यतामा अल्झिनुपर्ने अवस्था हुने थियो होला । वाङ्देलले आदर्शवादी र परम्परामुखी उपन्यासबाट मुक्त तुल्याउँदै यथार्थवादलाई समृद्ध बनाउने काम गरेका छन् । यथार्थवादको सुरुवात **मुलुक बाहिर**बाट भएको पाइन्छ । वाङ्देलका उपन्यासका आदर्शवाद र स्वच्छन्दतावादलाई पछाडि पार्दै सामाजिक यथार्थको प्रस्तुति उपन्यासमा पाइन्छ । नैतिक शिक्षा, औपन्यासिक र अतिरञ्जनाको प्राङ्गणलाई चिर्दै रूपमति र भ्रमण नेपाली उपन्यासमा देखा परे पनि यथार्थमाथि बिछ्याएको आदर्शको खोल च्यात्ने काम वाङ्देलको **मुलुक बाहिर**ले गर्न पुग्यो । सामाजिक जीवनका टड्कारा प्रश्न र समस्याको पृष्ठभूमिले उपन्यासकार वाङ्देललाई यथार्थवादका प्रयोगताका रूपमा स्थापित गराएको छ ।

वाङ्देलको ह्रासोन्मुख मानवताको प्रवर्तनका निमित्त प्रयास अथक रहेको पाइन्छ । उनी मानिसले आवेशमा आएर कस्तोसम्म पनि कार्य गर्न पुग्छन् भन्ने यथार्थलाई **मुलुक बाहिर**मा प्रष्टसँग देखाउन सफल भएका छन् । रनेले र म्याउँचीलाई सानोतिनो ठाकठुकमा ठूलो रूप लिएर ज्यान लिई टिस्टा खोलामा बगाउन पुग्छ र आफ्नो प्रेमको

अन्त्य गर्छ । माहिला भुजेलले पनि मानिसप्रतिको अविश्वासको कारणले निर्दोष मसिनिलाई निर्ममतापूर्वक कुटपिट गर्छ र घर छोडेर हिड्न पुग्छ । यसैगरी वाङ्देलले अर्को उपन्यास माइतघरमा पनि ह्रासोन्मुख मानवताको प्रस्तुति दिन सफल भएका छन् । सानी र हरि बीचको प्रेमलाई समाजले सही नमान्ने भएपछि सानीलाई समाजले नकारात्मक रूपले हेर्ने भएकोले हरि र सानीको सम्बन्ध साकार हुन सकेन । लङ्गडाको साथीमा त झनै ह्रसोन्मुख मानवता पाइन्छ । लङ्गडाप्रति मानिसले गर्ने दुर्व्यवहार र पशुले सद्व्यवहारले गर्दा वाङ्देलले मानिसबाट हराउँदै गएको मानवतालाई छर्लङ्ग देखाउन सफल भएका छन् । वाङ्देलले रेम्ब्रान्टमा एउटा चित्रकारमाथि आइपरेका विभिन्न समस्याहरू, आफ्नो चित्रको अवहेलनामा भोग्नु परेको सिङ्गो तस्विर खिच्न सफल भएका छन् ।

## ३.६ निष्कर्ष

उपन्यासकार लैनसिंह वाङ्देल नेपाली उपन्यास क्षेत्रमा एक उल्लेखनीय प्रतिभा हुन् । **मुलुक बाहिर** उपन्यासबाट पहिलोपल्ट नेपाली उपन्यास परम्परामा सामाजिक यथार्थवादको सुरुवात गरेका हुन् । उनी समाजमा भएका विभिन्न किसिमका समस्याहरूको अध्ययन गर्न सफल भएका छन् । उनका चार औटै उपन्यासहरूको समग्र भावभूतिलाई नियाल्दा कहालीलाग्दो आर्थिक स्थितिले रहरलाग्दो जीवन क्षतविच्छेद हुन पुगेको, **मुलुक बाहिर** पनि मौलाउन नसकेको, प्रवासमा रैथाने भएर बसेकाहरूको करुण स्थितिको यथार्थ ढङ्गमा चित्रण गर्नमै केन्द्रीत रहेको देखिन्छ ।

वाङ्देलका चार ओटै उपन्यासहरू सङ्ख्यात्मक र गुणात्मक दृष्टिकोणले महत्त्व पुऱ्यउने उपन्यासहरू प्रकाशित भएका छन् । उनले सामाजिक यथार्थको सिङ्गो चित्र उतारेर उपन्यासमा एकदमै विशिष्टता थपेका छन् । प्रकृतिको मनमोहक दृश्यलाई कैद गरेर उपन्यासमा सजाउन सफल भएका छन् । उनका उपन्यासका पात्रहरूमा विभिन्न समयका सामाजिक घटनाहरू, आफू हुर्केको वरिपरिको वातावरण र तत्कालिन समयको आर्थिक दुरावस्थाको सजिव चित्रण गरिएको छ । यसका साथै उपन्यासमा अतियथार्थता, कारूणिकता र दुःखान्त निराशावादी जीवन दृष्टि पनि पाइन्छ । यसरी आफूले देखे भोगेका यथार्थ घटनाहरूलाई उपन्यासमा सजाउन सक्नु उनको सफलता हो र साहित्यिक उपलब्धी पनि हो ।

## परिच्छेद चार

# मुलुक बाहिर उपन्यासका पात्रहरूको विश्लेषण

## ४.१ विषय परिचय

**मुलुक बाहिर** लैनसिंह वाङ्देलको बहुपात्री उपन्यास हो । यसमा अन्य नेपाली उपन्यासका तुलनामा धेरै पात्रहरूको उपस्थिति रहेको पाइन्छ; त्यसैले पात्र प्रयोगका दृष्टिले यस उपन्यासको अलग्गै पहिचान रहेको छ । यस उपनयासमा उपस्थित भएका पात्रहरू के कस्ता छन् भनी केलाउनु पनि एउटा प्राज्ञिक समस्या हो र यसै समस्याको समाधानमा यो शोधकार्य केन्द्रित रहेको छ । यस उपन्यासमा उपस्थित भएका सबै पात्रहरूलाई लिङ्ग, कार्यभूमि, स्वभाव, जीवन चेतना, प्रवृत्ति, आसन्नता, आबद्धताका आधारमा केलाएर तिनको समग्र चारित्रको विश्लेषण यस परिच्छेदमा गरिएको छ ।

## ४.२ प्रमुख पात्रहरू

**मुलुक बाहिर** उपन्यासमा समाजका विभिन्न किसिमका सामाजिक परिवेश एवं घटनाहरूलाई प्रतिनिधित्व गर्न थुप्रै पात्रहरूको प्रयोग गरिएको छ । एउटै पात्रले समाजका विभिन्न पाटाहरूको प्रतिनिधित्व गर्न नसक्ने हुनाले यस उपन्यासमा अनेक पात्रहरूको प्रयोग हुनु स्वभाविकै हो । सामन्यतया : उपन्यासमा जुन पात्र वा चरित्रको नाम वा सर्वनाम बढी आएको छ त्यो पात्र नै उपन्यासको प्रमुख पात्र हुन्छ। यस उपन्यासमा कार्यभूमी, आवृत्ति, चारित्रिक विशेषताका आधारमा रनबहादुर, म्याउची, माहिला भुजेल र मसिनीलाई प्रमुख पात्रको रूपमा लिन सकिन्छ । यि चारवटा पात्रहरू मध्ये कुनै एकलाई मात्र बाहिर निकाल्ने हो भने उपन्यास पूर्ण हुन सक्दैन । यसरी उपन्यासमा वर्णित कार्यभूमीको आधारमा प्रमुख पात्रहरूलाई निम्नानुसार प्रस्तुत गरिएको छ ।

४.२.१ रनबहादुर

रनबहादुर **मुलुक बाहिर** उपन्यासको प्रमुख पात्र हो । ऊ यस उपन्यासका अन्य प्रमुख पात्र म्याउचीको श्रीमान्, मसिनीको भिनाजु र माहिला भुजेलको साढुभाई पनि हो । काम र मामको खोजीमा प्रवासीएको पात्रको रूपमा रनबहादुर चित्रित छ । पहाड अरुण खोला तिर घर भएको रनबहादुर आर्थिक विपन्नताकै कारणले अरु साथीहरूको साथमा दार्जिलिङ तिर लागेको  हो । ऊ त्यहाँ काठ काट्ने, ठेक्काको काम गर्ने जस्ता विभिन्न किसिमका बलका कार्यहरू गर्दछ । रनबहादुरलाई रने साहिँला भनेर पनि धेरैले चिन्दछन् । रने फट्टी स्वभाव भएको एक नौ जवान आकर्षक व्यक्तित्व हो ।उसको बाह्रय व्यक्तित्वको वर्णन उपन्यासकारले यसरी व्यक्त गरेका छन् । “रने चौबिस पच्चिस बर्ष पुगेको, न अग्लो न पुड्को गहुँगोरो वर्णको थियो । त्यसका काला काला आँखामा सबैलाई मन पर्ने ज्योति थियो । त्यसका अघिल्लतिर भने दुइटा दाँत भने खप्टिएका सेता दाँत एक प्रकारले राम्रै देखिन्थे (पृ ६) ।”

रने सँगै म्याउची पनि दार्जिलिङ घुम्न गएकी हुन्छे । म्याउची सँगै काम गर्ने क्रममा रनबहादुरले म्याउचीलाई प्रेम गर्न पुग्दछ । ऊ हाँसखेल गर्न कसैलाई मायामा रनभुल्ल र गित गाउनमा खप्पिस देखिन्छ । “रनेले पात चुँडेर बजायो, लैबरी गीत गायो । त्यसको स्वर टिस्टा खोलाको वारीपारी ठोकिन पुग्यो तथा खोला माथि माथि बग्ने बेलुकीको हाँवाले पनि त्यो ध्वनीलाई बगाएर उतै उतै मधेशतिर लग्यो (पृ ९) भन्ने उपन्यासकारको भनाईबाट पनि रने गीत गाउन सौकिन थियो भन्न सकिन्छ । म्याउची सँग जंगल, बाटोघाटो, मेला इत्यादीमा माया पिरतीको कुरा गर्दागर्दै रने साहिँला खालिङ बूढाको सल्लाह बमोजिम विवाह बन्धनमा बाँधियो । रने जत्तिको हँसिलो, फुर्तिलो, गफी र फट्टी छ । त्यस भित्र त्यत्तिकै रिस र शंकाभाव पनि छ । म्याउची कसैसँग बोलेको हाँसेको देखी नसहने रने उद्धुम ईष्यालु पनि छ । रनेको त्यही दुर्वलताले म्याउची सँगको त्यसको जिन्दगी एक हिँउद पनि उर्वर हुन सकेन (राई २०५५:७१) । रने साँहिलाको रीसलाई छिट्टै कसैले पनि शान्त पार्न सक्दैन । ऊ सानो तिनो कुरामा पनि रिसाई हाल्ने, आफ्नो आवेशलाई थाम्न नसक्ने पात्रको रूपमा चित्रित छ । ऊ आफु सँगै डेरामा जान लागेकी आफ्नी श्रीमती म्याउचीसँग सामन्य ठाकठुक हुँदा अति नै बेजोडले

क्रोधित भएको थियो । जसलाई उपन्यासकारले यसरी व्यक्त गरेका छन् । "क्रोध र घृणाले त्यसको अनुहार रातो कालो हुँदै आयो । त्यसका दुवै आँखा अपराधीका जस्ता देखिए । त्यसको मुखमा एउटा अचम्मको कलुषित भावनाको रेखा झल्किरहेको थियो । त्यसले आफ्ना दुवै हात बलियो मुठी पारेको थियो । त्यसको जम्मै रगत उम्लिँदै आयो- वनको निर्दयी पशु झै स्वाँ-स्वाँ सास फेर्दै त्यसले म्याउचीलाई हेरिरह्यो ।" (पृ २४)

रने हँस्यौली र ठट्यौली स्वभावको चरित्र हो । ऊ आफूसँग रिसाएको मानिसलाई फकाउन अति नै निपूर्ण रहेको छ । उसले एकदिन उसको श्रीमती म्याउची रिसाउँदा "किन त्यसरी रिसाएको हँ ? तँ मुखाले छस् । साँच्चि, तँ मुखाले नभए ता देवी भनेर पूजा गरे पनि हुन्थ्यो (पृ. १७) भनि सम्झाएको छ । त्यस्तै गरेर उसका साथी भाईहरू कोही कसै सँग रिसाउँदा "जीवन छउन्जेल चोखो हाँसखेल गर्नुपर्छ, एक मुठी सास रहे सम्म सवैसित बोली राख्नु पर्छ, एक पल्टको जुनीमा हाँसेको खेलेको मात्र संम्झना बढ्छ है .........मरे पछि त केहि लानु छैन ............यो जिन्दगी, आज कि भोली (पृ. ४३)"। जस्ता भनाई राख्दछ ।

रने सामन्यतयाः मिलनसार तर चौपट्टै झोक्की स्वभाव र आवेग प्रधान जन जातीय स्वभाव किराँती जातिमा पर्ने राइ लिम्बुको स्वभाव सँग नजिक छ र यसले लेखकको आफ्नै जातिय आवेगको पनि संकेत दिन्छ (आचार्य, २०५८: १०३) । यी जातिको प्रवृत्तिमा रिसको आवेगमा कि मर्ने कि मार्ने जस्ता प्रचण्ड आवेगमय क्रियाक्लापहरूले आकस्मिक रूपमा क्षति हुने गरेको पाइन्छ । यस्तै प्रचण्ड आवेगमा आएर रनबहादुरले शंकाउपशंकाले गर्दा कुनै छानबिन नै नगरी आफ्नी पत्नीको हत्या गर्छ र त्यही हत्याको पश्चाताप स्वरूप चौध सालको प्रथम विश्व यूद्धमा होमीएको छ । ऊ जाँगरीलो र मेहनती पनि छ । थुप्रै नेपालीहरू नाम र दाम कमाउनका लागी डिपुमा भर्ति भए जस्तै रनबहादुर पनि भर्ति भएको कुरालाई लेखकले यसरी व्यक्त गरेका छन् । "डिपुमा भर्ति भएर लडाईमा जाने सिपाहीहरूको एक हुलमा एउटा भर्खरको तन्नेरी केटो पनि भर्ति हुनलाई नाउँ लेखाउन आयो । त्यो गफी थियो । डिपुमा भर्ति भएको दिन देखी त्यसले सबै साथीहरूलाई हसाउन थाल्यो । साथीहरूले त्यसको नाउँ सोध्दा

त्यसले आफ्नो नाउँ रनबहादुर भन्यो (पृ. ३०) ।"रनेको पल्टनमा छँदा त्यहीको भेष भुषा प्रयोग गरेको छ । उसमा सिपाहीमा हुनुपर्ने गुण, जोस र चञ्चलता पनि छ । उसले सोही अनुसारको पहिरन पल्टने बुट र पट्टि, शरिरमा खाकीको लुगा र टाउकोमा छत्रे टोपी लगाएको छ ।

पल्टनमा रहँदा ऊ धेरै सँग राम्रो सम्बन्ध र परिचय बनाउन सफल भएको छ उसले आफ्नै स्वदेसीय साथी दलबहादुरलाई आत्मिय साथी बनाएको छ । रनेमा आबेग प्रबल स्वभाव हुनुको साथै परोपकारी भावना पनि त्यत्तिकै प्रबल रूपमा रहेको पाईन्छ । ऊ अत्यन्त मिजासीलो, सहयोगी दुखमा परेकालाई सहयोग गर्ने मानवतावादि सोंच भएको व्यक्ति हो । उसको सहयोगी भावना एवं व्यवहारलाई उजागर गर्न उपन्यासकारले यसरी प्रस्तुत गरेका छन् । "अब प्रदेशमा निराश्रय भएको साथीलाई स्याहहार गर्ने तथा घर सम्म पुऱ्याई दिने निश्चय गऱ्यो । आफ्ना साथीका लागी रनबहादुरले वास्ता राखेन अस्पतालबाट छुट्टी भएपछि त्यसले घाईते साथीलाई रेलमा चढाएर ल्यायो । परदेशमा विचल्लीमा परेका साथीको निम्ति त्यसले दुख कस्ट सबै सहन गऱ्यो (पृ ३४)"। विदेशमा रहदा पनि गोली लागेर अस्पतालमा रहेको साथी दलबहादुरलाई खोज्दै गएको र उसलाई सहारा दिँदै बचाएर देख्दा जति रिसाहा र क्रुर रने देखिन्छ त्यत्तिकै कोमल, उदार र परोपकारी भावना पनि उसमा रहेको पाईन्छ र त्यही परोपकारी गुणले ऊ दलबहादुरको घरमा आश्रय पाएको छ ।

रनबहादुरको जीवनमा मुग्लान पस्नु भन्दा पहिले र मुग्लान पसिसके पछिको अवस्थामा धेरै नै परिवर्तन भएको छ । पहाडमा छँदा उसलाई भने जस्तो लुगा थिएन । सभ्यता र संस्कृतिले नछोएको साह्रै सोझो विचार भएको अवोध प्राणी थियो । तर भाग्यले भनौ या वाध्यताले गर्दा सिपाहीमा भर्ती भई देश विदेश घुमेर आएपछि त्यसको विचार विमर्श पनि धेरै बेग्लै भैसकेको छ । "त्यसले ठाँट पारेर लुगा लगाउन बोल्न, बस्न सिकेको छ । मानिसहरू सित कसरी व्यवहार गर्नुपर्छ सो त्यसले सबै जानेको छ । पल्टनमा कवाज खेली खेली शरिरलाई कसरी फुर्तिलो राख्नुपर्छ सो कुरा पनि सिकेको छ (पृ ४४) ।"रने जीवनमा एक दिन जन्म लिई सके पछि मर्नुपर्ने शास्वत चिजलाई राम्ररी बुझेको छ । अझ मान्छेको जीन्दगी धेरै नै कष्ट सँग मात्र पाईने हुनाले यो दुई दिनको

जिन्दगीमा हाँसखेल, रमाइलो मोजमस्ति गर्नुपर्दछ भन्ने धारणा रहेको छ । दुनियाँमा बाँचेसम्म खान लाउन पछि पर्नु हुदैंन मरेपछि केही पनि लानुछैन । “एक पल्टको जुनिमा के लानु छ र ? खाई सार कि लाई सार ............(पृ. ४३)”जस्ता भनाई व्यक्त गर्दछ ।

रनबहादुर धेरै दिन पछि माहिला भुजेल र उसकी श्रीमती मसिनी अर्थात साढु भाई र साली सित भेट हुदा उसलाई टिस्टा खोलामा आफ्नी श्रीमती म्याउचीको हत्या गरेको स्मरण आउँछ । मसिनीले आफ्नी दिदीको बारेमा सोध्दा रनबहादुरले “कान्छी तिम्री दिदी त उहिले नै खसी नि । टिस्टामा काम गर्दा मुटु दुख्ने व्यथाले एकै रातमा लग्यो (पृ ५०)”भनि त्यस अपराधलाई ढाकछोप गर्न असत्य कुरालाई बताई सत्य कुरालाई लुकाउँछ । ऊ एक छिनको आवेशमा आएर म्याउचीको हत्या गरेकोमा धेरै नै पश्चाताप मानेको छ । “कान्छि यो मेरो मनको विरह, यो दुख, यो व्यथा कसलाई सुनाऊ । कसलाई भनु...........लडाईंमा गए उहाँ पनि त्यही विरहले, त्यही पिरले मन रुन्थ्यो...............कान्छी अब संसारमा कता जाऊ ? अब पहाड फर्केर पनि के गर्नु रोएको कसले देख्छ ? त्यही पिरले एक दिन कान्छी .............यो अपराधी मन ...........(पृ. ५५) जस्ता विरह आफ्नो साली मसिनीसँग पोखी अपराधीको परिचय रनबहादुर आफैले दिएको छ । यसरी रनेले मसिनीलाई देखेपछि उसको खाटा बस्न लागी सकेको अपराधी घाऊ दिन प्रति दिन बल्झिदै जान्छ । मनको विरहले ऊ पल्टनबाट कमाएर ल्याएको पैसा पनि जुवा तास खेलेर सकिदिन्छ । ऊ सधै आफ्नो अपराधी मनलाई उसकी साली समक्ष लुकाएर राख्न सक्दैन र एक दिन अवश्य पनि खुल्छ भन्ने डरले गाउँ नजिकै रहेको एउटा कटुसको रुखमा पासो लगाएर आत्माहत्या जस्तो जघन्य अपराध गर्न पुग्दछ ।

**मुलुक बाहिर** उपन्यासको रनबहादुर नेपाली समाजको वास्तविक चित्र उतार्ने पुरुष पात्र हो । ऊ प्रथमतः लोग्ने हो र प्रत्येक लोग्ने वा पुरुषमा स्वास्नी प्रति हुन सक्ने शङ्का र ईर्ष्या उसमा पनि छन् । त्यसैले ऊ निम्न वर्गीय आवेग प्रधान र विवेक दुर्वल लोग्ने पनि हो । साथै ऊ आवेग प्रचण्ड रहने विवेक चेत प्राय कमजोर रहने राई जनजातिय युवा पुरुष र लोग्ने समेत हो । ऊसको चरित्रमा नै अधिकांश घटना केन्द्रित

भएकाले र धेरै पटक नाम पुनरावृत्ति भएकोले ऊ प्रमुख पात्र पनि हो । सुरुमा जीवनमा अनेक दुख भोग्नुपरेता पनि साथीहरूका बिचमा खुब रसिक तथा गफाडी कहलिन्थ्यो । सबैलाई हसाएर एकछिन भए पनि दुःख बिर्साईदिने रनबहादुर सबैको प्रिय पात्र थियो । ऊ अत्यन्त श्रमजीवि, छलकपट नगर्ने युवक थियो । त्यसकारण उसलाई सुरुमा सकारात्मक भूमिका निर्वाह गरेको हुनाले अनुकूल पात्रको रूपमा लिन सकिन्छ । तर पछि गएर सानो ठाकठुक र मन मुटावको कारणले रीसको आवेगमा आएर आफ्नी श्रीमतीको हत्या गर्नु नकारात्मक कार्य भएकोले प्रतिकुल पात्रको रूपमा देखिन्छ । यसरी ऊ अनुकूल र प्रतिकुलको दोसाँधमा उभिएको पात्रको रूपमा लिन सकिन्छ । काम र मामको खोजीमा पहाडबाट मुग्लान पसेको, मुग्लानमा विभिन्न किसिमको काम गरेको, प्रथम विश्व युद्धमा होमिएको र अन्त्यमा आत्म हत्या समेत गरेको देखिन्छ । यसरी ऊ विभिन्न काल खण्डमा विभिन्न किसिमले परिवर्तन भएकाले उसलाई गतिशील पात्रको रूपमा लिन सकिन्छ । नेपालीहरू पैसा कमाउन बाहिर (मुग्लान) जाने र पुनः पैसा कमाई कति पय घर फर्कने र कतिपय उतै रैथाने भई बस्ने र त्यहाँ विभिन्न किसिमको दुःख कस्ट भोग्नुपर्ने बाध्यता इत्यादिको यथार्थ प्रस्तुति उपन्यासकारले रनेबाट गरेको हुनाले उसलाई वर्गीय पात्रको रूपमा लिन सकिन्छ । उपन्यासमा कथानकको सुरु देखी अन्त्य सम्म विभिन्न क्रियाकलापबाट छुट्याउन नसकिने भएकाले उनी बद्ध र मञ्चीय पात्र हुन । केही स्वभावगत कमजोरी रहेता पनि ऊ यथार्थवादी अनुकूल मञ्चीय पुरुष प्रमुख बद्ध गतिशील र मञ्चीय पात्र हो ।

रनेको चरित्रलाई हेर्दा म्याउचीको हत्या गर्नु भन्दा अगाडिको रनेको बर्हिमुखी व्यत्तित्व बढि मात्रामा झल्केको पइन्छ । भने म्याउचीको हत्या गरिसके पछि रनेमा पलाएको अपराधबोध र पश्चातापको कारणले अन्तर्मनमा नै औ डुल्न हराउन र करुणाजनक स्थिती भोग्ने अन्तर्मुखी पात्र बन्न पुगेको देखिन्छ । यसरी एकै व्यक्तिमा बहिर्मुखिता र अन्तर्मुखिता भएकाले रनेलाई एक उभयमुखी पात्र हो भन्न सकिन्छ (आचार्य, २०५८ः ११९) । युवावस्थाको प्रारम्भिक अवस्थामा रने उत्तानो अथवा चेप्टो पात्रको रूपमा प्रकट भएको छ । यसैगरी सुरुमा उद्धत स्वभाव भएको र पर पिडन दिने रनेमा पछि आन्तरिक हाहाकार र कोलाहल मच्चिन थाले पछि ऊ स्वप्नदृष्य र तन्द्रका त्रासद स्थितीलाई बेहोर्दै स्वपिडित हुदै गोलो पात्रको रूपमा देखा परेको छ ।

समाजका विभिन्न स्थानमा उही रूपले ग्रहण गर्न सकिने सार्वभौम पात्रको रूपमा रने चित्रित छ । सुरुमा साथीभाइहरू सँग जस्तो किसिमको ठट्टा मजाग गर्ने रने पल्टनमा जाँदा पनि त्यहाँ त्यस्तै किसिमको हाँसो मजाग गर्दछ । जहाँ जादा पनि उसको बानिव्यबहारमा खासै परिवर्तन भएको महसुस हुदैंन । जसले गर्दा रने सार्वभौम पात्र हो भन्ने कुरा पुष्टि हुन्छ । उपन्यासकारले नेपाली समाजमा चल्दै आएको काम र मामको खोजीमा विदेशिने नेपालीहरूको प्रतिनिधित्व रनेद्वारा गराएका छन् । यसमा पहिले देखी चल्दै आएका सैनिकमा भर्ति हुने, श्रम गर्ने, श्रीमान्ले श्रीमतीलाई पिट्ने जस्ता कुराहरू प्रस्तुत गर्नका लागी उपन्यासमा रनेलाई उभ्याइएकोले ऊ पारम्परित पात्र हो ।

यसरी रनबहादुर गतिशील, यथार्थ, उभयमुखी, गोला, सार्वभौम, पारम्परित, पुरुष, अनुकूलबाट प्रतिकुल, वर्गीय, मञ्चीय, बद्ध र प्रमुख पात्र हो ।

### ४.२.२ म्याउची

**मुलुक बाहिर** उपन्यासका प्रमुख नारीपात्रहरू मध्ये म्याउची पनि एक हो । रनेको श्रीमती तथा मसिनीको दिदी पनि हो । प्रस्तुत उपन्यासको प्रथम खण्डमा मात्रै सिमित देखिए पनि म्याउचीको भूमिका महत्त्वपूर्ण रहन गएको छ । यस उपन्यासमा म्याउचीलाई किँरात जातकी एक निर्दोष नारीको रूपमा प्रस्तुत गरिएको छ । नैतिक आचरणको दृष्टिले हेर्दा उसलाई एक सत नारी पात्र बनाएको छ । उसको शारीरिक बनावट निकै आकर्षक र सुगठित थियो । शारीरिक बनावटको बारेमा बयान गर्ने क्रममा उपन्यासकारले म्याउचीको परिचय यसरी दिएका छन् । “म्याउची भर्खर अठारा वर्ष पुगेकी थिई । त्यसको लाम्चो अनुहार, भरिलो छाती, गम्भीर आँखा र राता राता दुई चञ्चले ओठले नारी यौवनको सम्पूर्ण विकास भएको बुझाउँथे । त्यसको जीउडाल पनि खुब मिलेको थियो । औधी राम्री पनि थिई (पृ.४) ।”

ग्रामिण समाजमा हुर्केकी म्याउची एक गोठाल्नी हो । गोठमा काम गर्दा गर्दै रने सँग दार्जिलिङ हेर्ने रहरले विदेशिएकी छे । दार्जिलिङ पुगेपछि रनेले उसलाई आफुलाई थाहा भएका ठाउँमा घुम्न लगेको छ । म्याउची त्यहाँका ठूला ठूला घर र चिल्ला गाडी एवं सडकहरू देख्दा आनन्दले गद गद भई । जीवनमा आफूले नदेखेका कुराहरू रेल

मोटर देख्दा त्यो छक्कै परेकी छे । "राती सहरमा चारै तिर बिजुली बत्ती बलेको देख्दा म्याउचीले आफूले इन्द्रपुरीको बिषयमा सुनेका कुरा सम्भी (पृ. ५)"रने सँगै दार्जिलिङ हेर्ने रहरले भागेर हिँडेकी म्याउची मुग्लानको जंगलभरि बीम बटम र तख्ता बोकेर जीउ पालेकी ऊ रनेको प्रणयमा बाधिन्छे । सौन्दर्य प्रिय र कोमल नारी स्वभावैले रने जस्तो युवक सुन्दर गफी लैवरीको गायक मिलनसार मिठो बोल्ने पुरुषसँग आकृष्ट हुनु नौलो कुरा होइन (राइ २०५५: ७२) । शरदको पूर्ण चन्द्रमा जस्ती थिई म्याउची हँसिली, रसिली, थिई नारी सुलभ कोमलताले पूर्ण थिई । म्याउचीको सौन्दर्यलाई सँकेत गर्दै माहिला भुजेलले भन्दछ "साँहिला दाइ ! आज आकाशको जुनलाई किन बादलले छोपेर त्यसरी अँध्यारो पारेछ ? त्यो हाँसिरहने जुनमा कालो बादल लागेको देख्ता हेर्नेलाई त कति नराम्रो लागेको हो नि होइन त साहिँला दाइ..... (पृ. १४) ।"त्यस्तै गरेर "रने र म्याउची बीच एकान्त जंगलको वातावरणमा प्रेमको कुराकानी दुवैका राता राता ओठमा उत्तेजना चञ्चलता र यौवनका अपूर्ण तेज भल्कि रहेका थिए । त्यसका दुवै आँखा आवेश र उमङ्गले चञ्चल भए ।"(पृ. ९) जस्ता लेखकको भनाईले पनि म्याउचीको अपूर्ण सौन्दर्य भल्किन्छ ।

म्याउची समाजको एक वर्गीय चरित्र हो । उसले समाजमा वसेपछि सामाजिक सँस्कार, मूल्य एवं मान्यतालाई कहिल्यै पनि भुल्न हुँदैन भन्ने सोँच राख्दछे । त्यसकारण उसले रने सँग प्रेम गर्दा पनि कसैले थाहा पाउला र के भन्ला ? भन्ने द्विविधामा परेकी छे । त्यस्तै गरेर ऊ ठुलालाई आदर सम्मान गर्न पनि जानेकी छे । एक दिन डेरामा फर्कन लाग्दा रनेसँगको प्रेम प्रितीले अबेर हुँदा भन्छे "जाउ न.. अब... त ...रात.. पऱ्यो ... पर डेरामा आज रात विरात पुग्दा हामीलाई अरुले के भन्लान ? भन खालिङ वुढाले.... ।"(पृ. ११) यस भनाई बाट ऊ आफुभन्दा ठुला जान्ने मान्ने विशेष गरि वुढा र बूढीलाई सम्मानको दृष्टिले हेदर्थी भन्ने कुरा पुष्टि हुन्छ । म्याउचीमा कुनै पनि कुरालाई गहिरिएर सोँच्ने विचार गर्ने चेतनत्वको कमि देखिन्छ किनभने जुनसुकै कुरालाई पनि सोच्दै नसोची भवट्ट स्विकार गरिदिने र इन्कार गरी अडान समेत लिई दिने आवेश धर्मिताले संकेत गरेको अवचेतनमूलक उत्प्रेणा सहज प्रवृत्तिको प्राधान्यता उसमा पाइन्छ । रने एक दिन साँभ लखतरान भएर डेरामा फर्केको बेला म्याउची रनेतिर पनि नहेरि काम गरिरही । म्याउची ठुस्स मुख लाएर बसेकी रहिछ रनेले त्यो लक्ष्य गऱ्यो तर

केहि बोलेन”(पृ. १६) भन्ने लेखकको भनाइ बाट ऊ कुशल गृहिणी र रनेको कुशल श्रीमती हुन सकेकी छैन भन्ने भान हुन्छ ।

यसै गरी म्याउचीमा धीरताका तत्त्वहरू देखिँदैनन् । ऊ सहज प्राकृतिक पद्धतिका प्रेरणामा हिँड्ने आवेगशिल नारी भएकीले घरवाट साथीहरू सित भागेर मुग्लान लागेकी छे र उसले अनायासै रनेलाई पतिका रूपमा अँगाली दिएकी छे । त्यसै गरी उसको आफ्ना घर छिमेकी ठिटाहरूसँगको चोखो ख्याल ठट्टा गर्ने बानी पनि धीर चरित्रको अनुकूल देखिदैन रनेसँगको दाम्पत्य जीवनमा ठाक ठुक पर्दा “पर डेरामा पनि तँ ता भुजेल सितै टाँसिएर बसेकी थिइस (पृ.२३)”भनि रनेले अनुचित शङ्का गरी बीच बाटोमा केरकार गर्दा बुद्धिमती व्यवहारिक र सहिष्ण नारीका धीरता तत्त्वहरू प्रदर्शन गर्नुको सट्टामा “तर म्याउची पटक्कै मानिन अर्कालाई विना सित्ति दोष लाए पछि नाइ डेरामा जाँदै जान्न भनेर रुन लागी । रनेले फकायो सम्झायो तर म्याउची मान्दै मानिन (पृ. २३)”भन्ने लेखकको भनाईबाट उसले अभिमान र हठ देखाएकी हुन्छे । म्याउचीमा सहनशिलताका साथै व्यवहारिक सम्झौता र समजदारी देखाउने वा बेलाबखत बुझि पछि हट्ने जस्ता गुणको अभावबाट उसको चरित्रमा धिरताको कमि देखिन्छ । उसको र रनेको दाम्पत्य जीवनको दुखान्तता रहेको शंकालुपन र प्रचण्ड हिस्रकत्व मूल कारक रहे ता पनि म्याउचीमा देखिने धीरताको उपर्युक्त कमिले आगोमा घिउ थप्ने काम गरेको छ ।

म्याउचीको सबभन्दा ठूलो दुर्बलता पक्ष भन्नु नै उसको रिसाउने बानी र हाठी प्रवृति हो । त्यसको मुखाले बानी र रनेको ठट्टा ठट्टैमा मर्म पारी पारी जिस्काउने बानिले एकदिन डेरा छोडेर माहिला भुजेलहरूको डेरामा आँउछे । “मरोस अब त पोडे होला मारे काटे पनि परको डेरामा जान्नँ (पृ. १८)”भन्छे । त्यस्तै गरेर एकदिन मुसुमुसु हाँसेर माहला भुजेलले रनेसित आज भाउजुलाई के भएछ ? भनि सोध्दा म्याउची रिसले रनक्क भएर “होस न त, अर्काको घरमा के हुन्छ के हुदैन त्यो भुजेललाई के खाँचो परेछ ?” (पृ. १७) भनि मुखभरि जवाफ फर्काउछे । “म्याउचीलाई असहय भयो रिसले मुर्मुरिन थाली”(पृ. १६) भन्ने भनाइबाट पनि म्याउची अत्यन्त रिसाहा र हठी थिइ भन्ने पुष्टि हुन्छ।

म्याउची गाउँले वातावरणमा हुर्केकी, सभ्यता देखि धेरै टाढा रहेकी एक निष्कपट अबोला सत् नारी पात्रका रूपमा यस उपन्यासमा प्रस्तुत भएकी छे । ऊ लोग्ने स्वास्नीको झगडा परालको आगो हो भन्ने कुरा थाहा हुँदा हुदै लोग्ने स्वास्नी प्रति गरेको देखावती माया र दुर्व्यहार प्रति व्यङ्ग्य गर्दै "लोग्ने मान्छेको जात पहिले पहिले पो माया गर्छ, तर पछि त उई हो कुटाई खानु छ । (पृ. १८)"लोग्ने मान्छेको व्यवहार प्रति घृणा व्यक्त गर्दछे । उसले लोग्ने स्वास्नीमा पनि ठट्टा मजाग गर्नाले पछि त्यसको परिणाम नराम्रो हुने संकेत गर्दै "अँ ठट्टा त्यसरी अर्कासित आँखा लाउने त ? एक दिन पो ठट्टा हुन्छ दुई दिन पो ठट्टा हुन्छ (पृ. २२)" भन्दछे । जसबाट उसले ठट्टा मजागमा अरुलाई भित्री चोट पर्ने कुरा गर्नु हुदैन भन्ने विचार उपर्युक्त भनाई बाट पुष्टिन्छ ।

म्याउची एक स्वाभिमानी नारी हो । एकान्त बनको बाटोमा पुगेपछि रनेले आँखा लाग्ने कुरा झिकेपछि त्यसको हृदयमा ठूलो आघात पर्दछ र त्यो हिड्न डेग नचल्ने हुन्छे । त्यहाँ नेर म्याउचीको नारित्वले स्वाभिमानको पूर्ण परिचय दिएको छ । प्रणय पश्चात एकै डेरामा बसेपछि त्यसले रनेलाई नजिकैबाट पूरै चिनिसकेकी थिई त्यस बखत पनि "रनेको रीसले धुरी नाघ्दै गएको थाहा पाएकी थिई र वनको निर्दय पशु झै स्वाँ स्वाँ सास फेर्दै त्यसले म्याउचीलाई हेरिरहेयो । म्याउचीलाई ठूलो आशङ्का र भयले छोपेको थियो" (पृ.२४) । त्यस बखत सरासर डेराको बाटो लागेकी भए दुर्घट्ना नहुन सक्थ्यो । तर त्यसले ज्यानको माया मारी स्वाभिमानलाई त्यागनसकिन । म्याउची आफु टिष्टामा बगाई मागी र रनेलाई पनि तड्पाइ तड्पाइ मारी मरेर पनि म्याउचीको स्वाभिमानले विजय प्राप्त गरेको छ ।

म्याउची यस उपन्यासको प्रमुख नारी पात्र हो । ऊ रनेकी पत्नीका रूपमा देखिएकी छे । यस उपन्यासको प्रथम खण्डमा रने र म्याउचीको नै प्रमुख भूमिका रहेकोले नायिकाको रूपमा देखिएकी छे । कहिले काँही पतिलाई पिडा दिएको बाहेक म्याउचीले यस उपन्यासमा सबै सँग हाँस खेल गर्ने, परिश्रम गर्ने, कसैलाई ठगी नगर्ने, नकारात्मक भन्दा सकारात्मक भूमिका बढी भएको निश्चल स्वभाव भएकी नारीको रूपमा चित्रित भएकीले ऊ प्रवृत्तिका आधारमा अनुकूल देखिन्छ । आफ्नो लोग्ने रनेलाई माया गर्ने तथा आफ्नो पति बाहेक अरुसँग यौन सम्पर्क नगर्ने शील स्वभाव राम्रो भएकी

पात्र हो (लामीछाने र लामिछाने, २०६७) । म्याउचीको स्वभाव हेर्दा उसको जीवनका मुग्लान पस्नु र रनेलाई लोग्नेका रूपमा अंगाल्नु जस्ता घटनात्मक बाह्य परिवर्तन देखिन्छ तर उसको आन्तरिक चरित्रगत स्वभावमा गतिशील र परिवर्तन देखिदैन । ऊ आन्तरिक स्तरमा अपेक्षाकृत स्थिर वा गतिहीन पात्र हो । ऊ आर्थिक कारणले दुःख पाएका नेपाली नारीको प्रतिनिधित्व गरेकीले जीवनचेतनाका आधारमा वर्गगत पात्र हो । उपन्यासका पहिलो परिच्छेदमा विभिन्न कार्य व्यपारमा संलग्न भएकी हुनाले ऊ मञ्चीय पात्र हो । उपन्यासमा म्याउची सशक्त पात्रको रूपमा देखिएकी बद्ध पात्र हो । उसलाई उपन्यासको कथानकबाट हटाउँदा संरचना नै बिग्रन्छ ।

म्याउचीको व्यवहारबाट साथी संगातीसँग मुग्लान पस्ने र हाँसखेल गर्ने बहिर्मुखी प्रवृत्ति झल्कन्छ तर उसमा आफ्नो व्यक्तिगत धारणा भन्दा समूचित नै प्रबल रहेको पाइन्छ । लेखकले उसको मनको बिर्को उघारी अवचेतनको उद्घाटन गर्ने तर्फ रुचि नलिएको ले उसको अन्तर्मुखीताको विवरण पाइँदैन तापनि उसका समग्र व्यवहारबाट उसको आवेगप्रधान र सहज प्रवृत्ति प्रेरित अर्न्तजगत्को संकेत भने भेटिन्छ । त्यसैले स्पष्टरूपमा अन्तर्मुखी वा वहिर्मुखी भन्न नसकिने तर यी दुवै तत्त्वको योग रहेको चरित्रको रूपमा म्याउचीको चरित्र झल्किन्छ (आचार्य, २०५८ : १२२) ऊ लेखकको निश्चित धारणामा अटेकीले च्याप्टा पात्र हो । म्याउची नेपाली समाजको निश्चित पर्यावरणमा विशिष्ट पहिचान झल्काएकी छे त्यसैले ऊ आञ्चलिक पात्र हो । कुनैपनि कुरालाई गहिरिएर सोच्ने, विचार गर्ने चेतनत्वको कमि देखिन्छ किनभने जुनसुकै कुरालाई पनि सोच्दै नसोची झ्वाट्ट स्वीकार गरिदिने र इन्कार गरी अडान समेत लिइ हाल्ने प्रवृत्तिको रूपमा म्याउची चित्रित छे । यसलाई राई, लिम्बुको जनजातिय स्वभावको सुचक प्रवृत्तिको एक रूप लिन सकिन्छ त्यसकारण ऊ पारम्परित पात्र हुनुको साथै यथार्थ पात्र पनि हो ।

### ४.२.३ माहिला भुजेल

उपन्यासको प्रारम्भदेखि अन्त्य सम्म रहने एउटै मात्र पात्र माहिला भुजेल हो । रने मरे पछि उपन्यासको दोस्रो खण्डमा माहिला भुजेलले नै ढाकेको छ । ऊ यस उपन्यासको प्रमुख नारी पात्र मसिनिको श्रीमान पनि हो । माहिला भुजेल अतुल परिश्रमी देखिन्छ । बिहान रिमरिम उज्यालो हुँदै ऊ ओछ्यान देखि उठ्छ त्यस पछि गाईगोठ सोहोर-साहर पारेर परिष्कार पार्छ र कुँडो पनि आफै पकाउने काम गर्छ । उपन्यासकारले जीवनको पूवार्द्ध चरणमा भुजेलको आचरण व्यवहार रूपरंग इत्यादि प्रस्तुत गर्नका लागी यसरी प्रस्तुत गरेका छन् । "पुगनपुग अठतीस वर्ष पुगेको हुदो हो, तर अग्लो, सुगठित कद र भरिलो अनुहारले भने उत्तिकै वयस्क देखिन्छ । गाउँघरमा डुल्नु, जाँडरक्सी खानु तास - जुवा खेल्नु यी संसर्गदेखि ऊ सँधै टाढा बस्छ । बिनासित्ती जथाभावी बोल्दैन । अरु तल्लो श्रेणीका मानिसहरू झै मुखबाट छिः छि कुरा झिक्दैन, अश्लील कुरा पनि गर्दैन । ऊ अल्पभासी विचारशिल भावुक तथा स्थिर भावको छ (पृ. ८०) ।" तर पछि जीवनको उत्तरार्ध चरणमा माहिला भुजेलमा निकै परिवर्तन भएको देखाइएको छ । उसको पूवार्ह जीवन र उत्तरार्ध जीवनका आकाश पतालको फरक देखाइएको छ । जीवनको उत्तरार्ध चरणको रूपरंगलाई लेखकले यसरी देखाएका छन् "उसको रूपरंग नै अर्कै भयो । कालाज्वरले गर्दा उसको अनूहार जम्मै कालो भयो । उसका दुवै आँखा भासिए जीउ हाड र छाला भयो - गाला खोप्चिए । उसको उमेर उत्ती नढल्केको भए पनि उसलाई छिट्टै बुढेसकालले  समात्यो । अघि माहिला भुजेललाई हेर्दा त्यही माहिला भुजेल हो भनी चिन्न पनि सक्तैनथे (पृ. १७०) ।"

महिला भुजेल रनेको साडुभाइ भएका नाताले रनेको आत्मीय मित्र दल बहादुरको घरमा आश्रय पाएकोछ । ऊ त्यहाँ बसेर पनि पैसा कमाउन नसकेकोले पहाड तिर फर्कने विचार गरेको हुन्छ । उसलाई अरुको घरमा धेरै वास वसेर अरुको कमाइ नखाने स्वभावको देखिन्छ । त्यसकारण एकदिन रनेको मृत्यु पछि दलबहादुरको घरमा नबस्ने मानसिकता यसरी व्यक्त  गर्दछ । "दाइ यतिका दिन त हामी तिम्रा घरमा पाहुना भएर वस्यौं - मोजले खायौं । अब हामी पनि बाटो लाग्ने विचार गर्दैछौं" (पृ. ७२) । तर दलबाहादुरले त्यहीँ गाई किनिदिने र मिलेर काम गर्ने सल्लाह दिए पछि ऊ त्यहीँ बसेको

छ । उसलाई नेपालको विकास प्रति खिन्नता लागेको छ । ऊ नेपालमा रोजगार, विभिन्न किसिमका सेवा सुविधाहरू नभएको प्रति गहिरो चिन्ता व्यक्त गर्दै निराशावादी विचार यसरी प्रस्तुत गरेको छ । "अब पहाड फर्केर के गर्ने ? उही पहाडको एक कुनामा पसेर फेरि लुम्रे -भुम्रे भएर वस्नु पर्छ -गरिबी जीवन विताउनु पर्छ- खेतीपाती भन्नु नाम मात्रै -आफूले हाड खियाएर नजोते सम्म वर्ष भरि खाना पुग्दैन। नुन लिन लाई सातु चामल बोकेर भोट पुग्नु पर्छ यस्तो अनिकालले जग्गामा फर्केर के गर्ने ? कसो गर्ने (पृ. ८६)"बरु उसले मुग्लानमा नै आफूलाई रमाएको महसुस गरेको छ । त्यहाँ सवै किसिमको सुविधा भएको भान उसमा छ । "जीउमा एकसरो सुकिलो लाउन र खान त पुग्छ । नुन लिन भोट जानु पर्दैन दुःख गर्नु पर्दैन (पृ.८७) ।" भन्ने माहिला भुजेलको भनाई वाट पनि प्रष्ट हुन्छ ।

माहिला भुजेल एक सच्चा देशप्रेमी नागरिक थियो भन्ने कुरा उसको मानसिकताबाट पनि थाहा पाउन सकिन्छ । वास्तवमा आफु जन्मेको भूमि सवैलाई प्यारो हुन्छ । जहाँ आफू जन्म्यो, बढ्यो आफूले बाल्यकाल वितायो जहाँ संसार सित आफ्नो प्रथम परिचय भयो त्यो ठाउँ सबैको लागी प्रिय हुन्छ । माहिला भुजेलले पनि आफ्नो फुपुको छोरो सित पहाडको कुरा सुन्दा बडो नरमाइलो लाग्यो । अतितको स्मृतिले उसलाई विगलित बनाएको छ । त्यस्तै गरेर दलबहादुर घर छोडेर बाहिर काम गर्ने क्रममा बाटो पठाउन जाँदा खेरी "दाइ परदेशमा के हुन्छ के हुदैन यति आफू सित छ भने विपत परि आएका बेलामा टार्छ । परदेश गए पनि दाइ घरलाई नबिसर्नु हामीलाई नसम्भे पनि बूढी आमाको सम्भना गरेर दाइ घर छिट्टै फर्कनु है (पृ. ८८)" भन्ने माहिला भुजेलको भनाइले पनि उसमा देशप्रेम र राष्ट्रियता भल्कन्छ ।

असल संगतले असल बाटो देखाउँछ भने जस्तै दलबहादुरको संगतले ऊ केही वर्ष मनग्गै आम्दानी गर्न सफल भएको थियो । ऊ गाई पालन गरी दूध बेच्ने काम गरि खुबै नाफा कमायो । लेखकले माहिला भुजेलको जीवनस्तर सुधार भएको कुरा यसरी प्रष्ट्याएका छन् । "माहिला भुजेल भने पछि पहाडका सबै मानिसहरूले चिन्थे । दूधको कारोबारले गर्दा उसको आर्थिक अवस्था निकै सप्रदै गयो । कसैको बिहेको वेला भयो वा कसैलाई साह्रो पर्‍यो, छिमेकीहरू माहिला भुजेल काहाँ दगुरेर आउँथे - रुपियाँ सापट

लिन्थे (पृ. ९२) । त्यस्तै गरेर कान्छा राइले नि माहिला भुजेललाई “दाइ मुग्लानबाट पहाड फर्कने दाइहरूले त तिम्रो औधी कुरा गर्छन मुग्लान गएर उसले खुब पैसा कमाएको छ । गाँजिएर बसेको छ । गाई वस्तु पनि पालेको छ” (पृ. १०२) । भन्ने भनाई बाट पनि नाम र दाम दुवै कमाएको कुरा प्रष्टिन्छ ।

यी सवै कुरा राम्रा हुँदा हुँदै पनि उपन्यासको पूर्वाद्व अर्थात उसको जीवनकै पूवार्द्वमा माहिला भुजेल पनि रने जस्तै प्रचन्ड वेगी व्यत्तीको रूपमा देखिन्छ । ऊ आफू राम्ररी सोंच विचार नगरी सेर्वा बूढाले भनेको भरमा शंका गर्दछ । सेर्वा बूढाले माहिना दिन देखि तिम्रा घरमा त्यो पहाडबाट आएको केटा बसेको देख्छु । तर मैले निको ढङ्ग त देख्दैन पो माहिला (१०६) जस्तो भनाइले उसलाई शसंकित बनाएको छ । त्यस्तै गरेर पुनः सेर्वा बूढाले अगाडि थप्दछ “त्यो केटाले घरमा कान्छीलाई भाउज्यू भाउज्यू भनेर बोलाउँछ ......... तर कुन्नी है निको ढङ्ग त देखिनँ । मैले एक दुई पटक ती दुई जनालाई छिल्लाएको पनि देखेँ । कसै कसैले त हात लाएर चलेको पनि देखेछन् (पृ. १०७) यस्ता किसिमका भनाइले माहिलाको मनमा शंकाका बादलहरू मडारिन थाल्दछन् जसमा उसले स्वयम् मसिनी र कान्छा राइलाई कटकुरोको एकान्तमा वसेर देख्यो जसको फलस्वरूप उसलाई शङ्का सत्य भए जस्तो लाग्यो र रिसले आफ्नो श्रीमतीलाई कुटेर सदाको निम्ति घर छाडेर परदेशतिर लागेको देखिन्छ । परदेशमा धेरै वर्ष विभिन्न ठाउँमा काम गर्दै एक दिन जीवनको उत्तरार्धमा पुनः आफ्नो पहिलो कर्मथलो दार्जिलिङ्ग आएर आफ्नो छोरी रूपासँग भलाकुसारी गरी प्राणको अन्त्य गरेको छ ।

माहिला भुजेललाई एक अधिर पाकोको रूपमा लिन सकिन्छ । उसमा क्षण भर पनि सहन गर्ने शक्ति नभएको देखिन्छ । सेर्वा बूढाले बाटैमा मसिनी र कान्छा राईको अनैतिक कुरा सुनाउने वित्तिकै ऊ वर्षौं देखि जीवन सँगिनीको रूपमासँगै वसेकी मसिनी प्रति कुनै सोँच विचारै नगरी त्यही कुरा सुनेको भरमा शंकाको दृष्टिले हेर्न थाल्दछ । मसिनीप्रति रहेका उसका माया र प्रेम तुरुन्तै हट्न थाल्दछन् र मसिनी र कान्छा राईको प्रत्येक क्रियाकलापमा उसले शङ्का उपशङ्का बढाउन थाल्दछ । जसको फलस्वरूप एक दिन मसिनीलाई निर्ममता पूर्वक कुटेर घरबाट सदाका लागी बाहिरिन्छ । यसरी

उसको चेतनालाई प्रबल अनियन्त्रित अवचेतनले विवेकशुन्य प्रचण्डावेगी र अधीर बनाइदिएको छ - (आचार्य २०५८:१२४)।

ग्रन्थि विकासको दृष्टिले हेर्दा सुरुदेखि अन्त्य सम्म नै ऊ हीनता ग्रन्थिले ग्रसित भएको देखिन्छ । सेर्बा बूढाको कुरा सुनेर मसिनीलाई कुट्नु, घर छोडेर हिड्नु, पछि गएर विदेशबाट रोगी भएर घर फर्कदा "सवैको सम्मुख मुख देखाएर हिड्न - डुल्न पनि उसलाई सरम लाग्छ कसैलाई म अघिकै माहिला भुजेल हुँ भनी सुनाउन पनि लाज भयो"(पृ.१७२) भन्ने उपन्यासकारको भनाइबाट पनि उसमा हीनताबोधले नै उसको जीवनको अन्त्य समेत गराएको छ ।

जब मान्छेमा हीनताबोधको विकास चरम चुलीमा पुग्छ र आफ्नो अवचेतनलाई चेतनले नियन्त्रण गर्न सक्दैन त्यति खेर कुनै पनि मान्छेले त्रास र करुणाको अनुभव गर्दै आफ्नो जीवनलाई अन्त्य गर्न बाध्य हुन्छ भन्ने मनोवैज्ञानिक सत्यको उद्घाटन माहिला भुजेलको चरित्रले गरेको छ ।

जीवनको पूर्वाद्ध चरणमा हाँस खेल र रमाइलो गरेर जीवन गुजार्ने माहिला भुजेल उत्तरार्ध चरणमा विसङ्गती जीवन भोग्न बाध्य भएको छ । ऊ बुढेशकालमा जीउमा मैलो वा फाटिसकेको पुरानो खाकीको पल्टने ओभरकोट गोडामा पनि फाट्न लागेको रातो क्यान्भासको जुत्ता र त्यसमाथि पट्टी बेरेको चिथ्रा भइसकेको रातो गलबन्दि लगाएको छ । उसले पूर्ण रूपमा विसङ्गती जीवन विताइरहेको थियो भन्ने कुरा उपन्यासकारको यो भनाइबाट थाहा पाउन सकिन्छ । "उसका आशा र उमङ्ग सबै विनिष्ट भए । ऊ जति पैसा कमाउँथ्यो त्यो तास र जुवा खेलेर उडाउँथ्यो पहिले पहिले त ऊ उति रक्सी खाँदैनथ्यो तर अधोगति भएका सम्प्रदायमा बसेर उसले पनि खुब रक्सी खान थाल्यो । त्यस पछि ता उसको जीवनको राम्रै पतन भयो (पृ. १६९)"

**मुलुक बाहिर** उपन्यासको माहिला भुजेल वास्तविक फोटो उतार्ने यथार्थवादी पात्र हो । उसको चरित्रमा नै उपन्यासको अधिकांश घटना केन्द्रित भएकोले उसलाई कार्यका आधारमा प्रमुख पात्रको रूपमा लिइन्छ । सुरुमा अतुल परिश्रमी, मिष्ठ भाषी, सहयोगी, अपशब्द नबोल्ने र कसैलाई अप्ठ्यारोमा नपार्ने माहिला भुजेल अनुकूल देखिन्छ

भने पछि गएर शंकाको भरमा आफ्नो जीवन सङ्गीनीलाई बेस्सरी पिटनु, श्रीमती र छोरीलाई गर्नुपर्ने जीम्मेवारीवाट टाढा रहनु, पछि जुवा तास जाँड रक्सी खानु जस्ता प्रवृत्तिले ऊ प्रतिकुल पात्र देखिन्छ । त्यसकारण उसलाई अनुकूलबाट प्रतिकुल पात्रको रूपमा लिन सकिन्छ । माहिला भुजेलको युवास्था र बृद्धा अवस्थाको अर्न्तविकासलाई हेर्दा उसलाई गतिशील पात्रको रूपमा लिन सकिन्छ । काम र मामको खोजीमा **मुलुक बाहिर** बसेका नेपालीहरूको प्रतिनिधित्व गरेका हुनाले उसलाई वर्गगत पात्रको रूपमा लिन सकिन्छ । ऊ मञ्चमा देखिने मञ्चीय पात्र हो । माहिला भुजेलका कारणले नै उपन्यासमा विभिन्न घटनाहरूको निर्माण भएको उपन्यासबाट हटाउन नमिल्ने बद्ध पुरुष पात्र हो ।

भुजेलको स्वभावलाई हेर्दा ऊ सुरुमा रने झैँ बहिर्मुखी पात्रको रूपमा देखा परेको छ तर पछि गएर उसले मसिनी कुटेर घरबाट निस्केर हिँडेपछि उसको आबेग सेलाउँछ अनि उसले बिस्तारै अन्तर्मुखीपन तिर प्रवेश गरेको देखिन्छ । यसरी सुरुमा हाँसखेल गरेर रमाइलो मनाउने र बहिर्मुखी ब्यत्तित्व भएको भुजेल पछि आफ्नै अपराधबोधले गर्दा अन्तर्मुखी पात्र बन्न पुगेको छ । यी दुवै चरित्र माहिला भुजेलमा पाइने हुनाले उसलाई रने झैँ एक उभयमुखी पात्रको रूपमा लिन सकिन्छ । युवावस्थाको भुजेलको चरित्रलाई हेर्न ऊ सतही अथवा चेप्टो पात्रको रूपमा प्रस्तुत भएको छ भने जीवनको उत्तारार्धमा अएर ऊ गोलो पात्रको रूपमा देखापर्दछ । भुजेल निश्चित पर्यावरणमा विशिष्ट पहिचान लिएर आएको छ त्यसकारण आन्चलिक पात्रको रूपमा लिन सकिन्छ । त्यस्तै गरेर पूर्वपरिचित स्वभाब आचारण र कार्यमा कुदिहिड्ने भुजेल एक पारम्परित पात्र हो ।

### ४.२.४ मसिनी

**मुलुक बाहिर** उपन्यासमा प्रस्तुत भएका दुई नायिका मध्ये एउटी मसिनी पनि हो । मसिनी म्याउचीको बहिनी र माहिला भुजेलकी श्रीमती पनि हो । प्रथम खण्डमा नै म्याउचीको अन्त्य भए पछि **मुलुक बाहिर** उपन्यासलाई अघि बढाउदै लैजाने क्रममा दोस्रो खण्ड देखी अन्तिम चौथो खण्ड सम्म मसिनीलाई महत्त्वपुर्ण नारी पात्रको भूमिका निर्वाह गराउन लगाइएको छ । म्याउची र मसिनी एउटै पेटका दिदी बहिनी भएता पनि उनीहरूको स्वभाव एक अर्कासँग मिल्दैन तर शारीरिक बनावट भने एक अर्का सँग

मिल्ने गर्दछ । उपन्यासकारले मसिनीको शारीरिक वनोटको बारेमा खासै वर्णन नगरेता पनि रनेले मसिनीलाई "कान्छी थाहा छ ? जुन दिन मैले तिमीलाई देखे मलाई त कसो कसो तिम्रै दिदीको झल्याँस सम्झना भयो । ऊ पनि तिमी जस्तै थिइ । तिम्रै जस्ता नाक, कान, आँखा दिदीका पनि थिए । तिमी हाँसेको बोलेको हेर्दा कान्छी ! म ता ............तिम्रै दिदीलाई देख्छु ....... झलझली सम्झन्छु".........................(पृ. ५४) भनेबाट उसको शारिरीक बनावटको चिनारी पाईन्छ। यसरी ऊ सबै सँग हाँसखेल गर्ने, बोली बचन मिठो भएको साधारण कदको गोरी - गोरी र औंधी फर्सेली नारी थिइन् ।

मसिनीमा यौवनको पूवार्द्ध देखी बुढ्यौली सम्म नै एकनासको स्वभाव देखिन्छ । कसैलाई भनेर नबिझाउने, कुनै कुरामा पनि हठ नगर्ने, कोमल र सहनशील स्वभाव भएकी मसिनीमा कठोरताको गन्ध सम्म पनि देखिदैन । माहिला भुजेलले मसिनी प्रति गलत शंङ्का गरी पिट्दा पनि मसिनी केहि तर्क नगरी रून थाली - त्यसले उच्छवासित कण्ठले सोधी -कस्ले भन्यो ? कसले यस्तो कुरा सुनायो.............. ? (पृ. १११) आफू प्रथम पटक माहिला सित दार्जीलिङ् आँउदा रेल देखेर छक्क परेको, रेल कराउँदा अचम्म मानि बाटामुनि भागेकी थिई तर भुजेलले बिना कसुर मसिनीलाई पिटेर बाहिर गएपछि "मुग्लान पसुँला, मुग्लानमा पैसा कमाउँला, फेरि पहाड फर्कुला ......................... जीवनका ती सबै आशा आकाङ्क्षाहरू अहिले अर्थहीन कल्पना जस्ता छन् (पृ. १२५) ।"

मसिनी एक आदर्श नारी भएका कारणले पनि होला माहिला भुजेलले शङ्काको भरमा आफ्नी श्रीमती मसिनीलाई पिट्दा तिनका छिमेकी, र नातागोताबाट सहानुभुति प्राप्त गरेकी छे । ऊ सवैको प्रिय पात्र हो । सेर्वा वूढा बाहेक सबैले उसलाई सकारात्मक नजरले हेरेको देखिन्छ । "भुजेलकी स्वास्नी उक्ति मुखाले नि त होईन ............तर दशा लागे पछि के ............"(पृ. १२२) । भन्ने छिमेकीको भनाइ र "कान्छिको के कसुर छ र ? माहिलाले पनि अर्काको कुरा सुनेर त्यसरी नकुट्नु पर्ने । खै के हो के हो, बाबै-लोग्ने मान्छेको जात भएर स्वास्नी जाबीलाई त्यसरी कुट्दा कसैले ऊलाई राम्रो भन्यो र ? (पृ. १३१) भन्ने बूढी आमाको भनाईबाट पनि मसिनीले प्रशस्त मात्रामा सहानुभूति प्राप्त गरेको देखिन्छ ।

मसिनी एक निराशावादी जीवन बिताईरहेकी पात्र हो । उसले नारी वा महिला भएर यो धर्तीमा जन्म लिनु भनेको दुःख पाउनु हो भन्ने ठान्ने गर्दछे । त्यसैको कारणले पनि होला नयाँ दुलही अर्थात दलबहादुर की श्रीमती गर्भवती हुदाँ छोरी नहोस् भन्ने कामना यसरी व्यक्त गरेकी छे । "तर भाउज्यु, छोरा हुन्छ की छोरी आ छोरी नहोस है । छोरीको जात के-पाल्यो, बढायो तरूनी भएपछि एकदिन माइत घर छोडी हामीलाई रुवाइ अर्काको घर जानुपर्छ । छोरी त आमा बाबुको मायाको काँचो धागो हो -छोरा जस्तो कहाँ हुन्थ्यो ? होइन त भाउज्यु ? (पृ. १४१) । त्यस्तै गरेर मसिनीले आफ्नी बूढी आमा सित माहिला भुजेल सित कुराकानी गर्दा पनि मसिनीले आमा ! ऊ फर्केर आउला भने जस्तो त लाग्दैन । किन हो आमा, मलाई त त्यस्तै लाग्छ । बाहुनलाई हेराउदा पनि त्यसै भन्थ्यो -टाढै गएको छ -हत्तपत्त फर्केर आउँदैन रे -तर परदेशमा साह्रै दुःख पाउँछ भनेको छ, आमा (पृ. १२०)"भन्ने भनाइ पनि निराशावादी कै संकेत हो ।

मसिनीले अविवेकी लोग्नेलाई भन्दा बढी छुल्याहा सेर्बा बूढालाई आफ्नो दाम्पत्य दुर्भाग्यको कारण मानेकी छे । उसले सेर्बा बूढाको चुक्लीबाट लोग्ने आशङ्कित भएको ठानी आफ्नो व्यवहारीक बुद्धिमताको परिचय दिएकी छे । सेर्बा बूढा मसिनीको घरमा काम गर्न नआए पछि आफ्नी बूढी आमालाई "सेर्बा बूढो नआए नआओस् .........आमा, त्यही पापी बूढाले गर्दा यो घरमा झगडा भएको हो । - यो घर फुटाउने त्यही पापी हो, गाउँ-छिमेकीले कुरा गर्थे -पालेको चराले एक दिन आफैलाई ठुङ्ला है भनेर -आज ठीक त्यस्तै भयो आमा (पृ. ११८) भने बाट पनि आफ्नो पति भन्दा बढी रीस मसिनीले बूढा सँग गरेकी छे भन्ने कुरा स्पस्ट हुन जान्छ । त्यस्तै गरी सेर्बा बूढा र माहिला भुजेलले गरेको आशङ्का प्रति धेरै नै दुःखी हुन्छे । उसले यो संसारमा कुनै व्यक्तिलाई आफु पवित्र भएको कुरा थाहा नभए पनि भगवानलाई थाहा होला भन्ने कुरा यसरी व्यक्त गरेकी छे "यो आगो साक्षी छ आमा, मैले त्यस्तो बिराम गरेकी भए देख्ने एउटा भगवान छ (पृ. १२०)"।

मसिनी एक कुशल गृहिणी र कुशल बुहारीको जिम्वेवारी बहन गर्ने पात्रको रूपमा उपन्यासमा देखा परेकी छ । ऊ सहनशिल र कोमल स्वभावकी भएकीले परदेशमा दलबहादुरको घरमा आनन्द सँग शान्त वातावरणमा बस्न सकेको देखिन्छ ।

“सबै सित हाँस्थी -बोल्थी, दलबहादुरकी बूढी आमालाई श्रद्धाको दृष्टिले हेर्थी, आफ्नै आमा जस्तो व्यवहार गर्थी । बूढी आमालाई आमा भनेर सम्बोधन गर्थी । मसिनीले तिनलाई वरको सिन्को पर सार्न दिदैँनथिइ (पृ. ८०)।”भन्ने उपन्यासकारको भनाइबाट पनि मसिनीको स्वभावमा व्यवहारिक्ता वा सांसारिक्ता बढी झल्केको पाईन्छ । त्यस्तै गरेर बूढी आमा अत्यन्तै बिरामी पर्दा मसिनीले आफ्नै आमा वा सासुलाई गर्नुपर्ने सम्पूर्ण क्रियाकलाप गरेकी छिन् । बूढी आमा जीवनको अन्तिम घडीमा आइपुग्दा पनि उनी सेवा सत्कारमा तल्लिन रहेकी देखिन्छिन् । “मसिनी बूढी आमा कै छेउ मै प्राय बसिरहन्छे । बूढी आमालाई कहिले काहीँ दुःख बिरामी पर्दा त्यो सधै त्यसै गरी सेवा शुश्रषा गर्थी, स्याहार सम्भारमा त्यसले आत्मा डुबाउथी । आज पनि त्यसले उसै गरी बूढी आमालाई हेरी”(पृ १४४) भन्ने लेखकको भनाईले पनि मसिनी एक कुशल बुहारीको जिम्मेवारी निभाउन सफल भएकी छिन् ।

मसिनीमा मनोवैज्ञानिक ग्रन्थिहरू पनि साङ्केतिक रूपमा देखिन्छन् । मसिनीमा प्रणयको प्रगाढता पाइन्छ । आदर्श नारी -अहम र दमित कामबृत्तिका सन्दर्भमा उसको पत्नी र गृहिणीको चरित्र आदर्शकृत हुँदा उसको अवचेतनले भोगेको तीब्र पिडाले उसलाई पतिको प्रत्यागमनको आशाको क्षिणताका क्रममा विक्षेप र उन्मादका आंशिक स्थिति तर्फ डोऱ्याइरहेको छ । “त्यो अनुहारले लोग्नेको झल्याँस्स सम्झना गराउछ । त्यसैको स्मृतिमा, त्यसैको आवेगमय विचारधारामा छोरीलाई छातीमा टाँसेर त्यसका गालामा, निधारमा, आँखामा अतृप्त ओठले बारम्बार म्वाइँ खान्छे । छोरी माथि त्यसरी आफ्नो वात्सल्य प्रेम पोखेर अनुतृप्त ह्रदयमा उठेको उमङ्गलाई त्यो मेट्न खोज्छे (पृ. १३५)”भन्ने उपन्यासकारको भनाइबाट पनि मसिनीले विरहका स्थितीमा समेत प्रणय भावनात्मक अविचलतालाई अँगालेकी छे । “बेलुकी रूपा स्कुलबाट छुट्टी भएपछि आमाका काखमा लुटुपुटु भएर दिनभरीको घटना आमालाई सुनाउँथी । त्यसै बेला मसिनीले आफ्नी छोरीलाई केहि नबोली गम्भीर स्नेहले कहिले अँगालो हाल्थी, कहिले त्यसका केश बाहु सुमसुमाई रहन्थी”(पृ. १५०) । यस वाक्यको संकेतले पनि मसिनीमा मनोवैज्ञानिक ग्रन्थ भएको पुष्टि हुन्छ ।

मसिनी लिङ्गका आधारमा स्त्री पात्र हो । माहिला भुजेलको पत्नि हो । यस उपन्यासमा उसको प्रमुख भूमिका रहेको छ । आफ्नो लोग्ने बाहेक कसै सँग पनि यौन सम्पर्क गरेकी छैन तर उसलाई कान्छा राई सँग अनुचित सम्बन्ध रहेको भनिए पनि उसको चरित्र स्वच्छ रहेकोले मसिनीलाई अनुकूल पात्रको रूपमा लिइन्छ । नेपाली महिलाहरू कामको खोजीमा विदेशिने र त्यहाँ विभिन्न किसिमका दुःख यातना पाउने, पति वियोगमा छटपटिने गर्छन । मसिनी पनि त्यस्तै जीवन भोग्ने नेपाली महिला हो । त्यसकारण ऊ वगीय पात्र हो । यद्यपी उसले वर्गीय हितमा कुनै ठोस काम गर्न चाहि सकेकी छैन । उपन्यासमा पहाडबाट मुग्लान पस्नु बाहेक उसमा केही पनि परिवर्तन आएका छैनन् । त्यसकारण ऊ स्वभावका दृष्टिले गतिहीन वा स्थिर पात्र हो । आसन्नताकका दृष्टिले उसको भूमिका मुख्य भएकोले उसलाई मञ्चीय पात्रको रूपमा स्विकार गरिन्छ । आबद्धताका दृष्टिले पनि ऊ बद्ध पात्र नै हो । उसको उपस्थिति नहुने हो भने उपन्यासको संरचना बिग्रन्छ ।

माहिला भुजेलले बिनाकारण निर्ममता पुर्वक कुटेर घरबाट हिँड्दा पनि सहनशिल भई, धैर्य धारण गरी मसिनी घरमै बसेकी र आन्तरिक स्तरमा समेत जागरुक रहेकी देख्दा ऊ बहिर्मुखी पात्र हो भन्ने आधार केही पनि देखिँदैन । मसिनीले रनबहादुर मरेको रातमा दुःस्वप्न देख्नु, उसले बिपनामा अचेतन स्तरमा नाना आशङ्का र उत्पीडनको परिणाम हो भन्न सकिन्छ । यसबाट उसको अन्तर्मुखी मननशीलताको सङ्केत प्रप्त हुन्छ । दमित अवचेतनको पिडा र आशाङ्का यहाँ दुःस्वप्नमा परिणत भएको छ । यसबाट अन्तर्मुखिताको पुष्टि हुन्छ । बैंसकी मसिनी हाँसखेल गर्ने र रमाइली सरल पात्रका रूपमा देखा परेता पनि उसको उत्तारार्ध चरित्र मानसिक अन्तर्द्वन्द्व र अन्तरमनका सन्दर्भमा गोलाईपूर्ण एवम् जटिल छ । मसिनीमा एक आदर्श नारीमा हुनु पर्ने गुणहरू विधमान रहेको प्रतीत हुन्छ । सुरुदेखि अन्त सम्म उसले कसैलाई पनि दुःख दिने, सताउने कार्य गराउने देखिँदैन । बरु बिना कसुर एक सत् नारी पात्रको रूपमा रहेर पनि उसले मानसिक पिडा र सजाय भोग्नु परेको छ । ऊ सर्वाधिक सत् पात्रको रूपमा उपन्यासमा देखा पर्दछ । त्यसकारण उसलाई एक आदर्श पात्रको रूपमा लिन सकिन्छ । साथै नेपाली महिलाहरूको वास्तबिक संसारलाई प्रतिनिधित्व गर्ने पात्र भएकाले यथार्थ पात्रको रूपमा लिन सकिन्छ । यसरी उसलाई यथार्थबादी आदर्श पात्रको

रूपमा लिन सकिन्छ । निश्चित पर्यावरणमा आफ्नो विशिष्ट पहिचान लिएर बसेको हुनाले उसलाई एक आञ्चलिक पात्र भनिन्छ र पूर्व परिचित स्वभाव आचारणकै रूपमा देखिने मसिनी एक परम्परित पात्र हो ।

## ४.३ सहायक पात्रहरू

उपन्यासमा कुनै पात्रले सुरुदेखि अन्त्यसम्म कथानकलाई लिएर अगाडि पढेका हुन्छन् भने कतिपय पात्रहरू सहायक कथानकसँग बिचमा आउने र बिचैमा हराउने पनि हुन्छन् तसर्थ कथानकको विकासलाई गति दिन मुख्य पात्रका साथ देखिने तर मुख्य पात्रको भन्दा कम भूमिका भएका पात्रलाई सहायक पात्र भनिन्छ । सहायक पात्रहरू तीन प्रकारका हुन्छन् । कुनै सुरुमा आएर बिचमा हराउने हुन्छन् कुनै पात्र बिचमा आएर बिचैमा हराउँछन् भने कुनै बिचमा आएर अन्त्यसम्म रहन्छन् । मुलुकबाहिर उपन्यास चरित्र प्रधान उपन्यास हो । यस उपन्यासमा प्रयुक्त सहायक चरित्रको निम्नानुसार विश्लेषण गरिएको छ :

### ४.३.१ दलबहादुर

मुलुकबाहिरको परिस्थितिसँग ज्यादै दु:ख र हण्डर खाँदै अन्तमा सबैलाई सहारा दिने परोपकारी व्यक्तिका रूपमा दलबहादुरको नाम अग्र पङ्तिमा रहेको छ । दलबहादुर सात वर्षको हुँदा उसका बाबु मरेपछि अनेक दु:ख कष्ट भोगेपछि पल्टनमा भर्ती हुन पुग्दछ । प्रथम विश्व युद्धमा परेको दलबहादुरको पाखुरामा गोली लाग्दछ । युद्धमा घाइते भएको अवस्थामा रनबहादुरको सहायता पाएपछि आफ्नो घर घुम पहाडमा फर्कन्छ । माहिला भुजेल र रनबहादुरभन्दा विवेकशील पात्र हो दलबहादुर (आचार्य, २०५८: ७५) । उसले जीवनमा विभिन्न किसिमका सङ्घर्ष गर्नुपरेकाले मान्छेको जिन्दगी जनावरभन्दा पनि नराम्रो ठान्ने गर्दछ । उसले जीवनमा अर्काको भरमा नोकर बस्नु परेको, स्टेशनमा कुल्ली काम गरेको सम्झँदा उसले मान्छेको जुनी त कुकुरको भन्दा पनि बेकम्मा पो देख्छु भन्ने धारणा राख्दछ ।

रनेले दलबहादुरको उपकार गरेको हुनले रनबहादुर, माहिला भुजेल तथा मसिनीप्रति ऊ कृतज्ञ बन्दछ । अर्काको दु:ख देख्दा आँसु खसाउने, मान्छेले लगाएको गुन

कहिल्यै नबिर्सने दलबहादुर रनेलाई लडाइँबाट बचाएर ल्याएपछि यस्तो विचार व्यक्त गरेको छ । "बस त्यसरी उसले मलाई बचाएर ल्याएको रेलमा, बाटोमा म घाइतेलाई खुब स्याहारसम्भार गर्दै ल्यायो । त्यो गुन कसरी बिर्सन सक्छु ? बिर्सन्न ! यो प्राण छउन्जेल बिर्सन्न । यो जाबो शरीर त के मट्टि न हो तर आफूले गरिराखेको गुन छ भने त्यो आफ्नो धर्म त्यो इमान त्यो गुन कतै जाँदैन कतै हराउँदैन "(पृ.७७) । दलबहादुर एक उदार हृदय र विशालता भएको व्यक्ति हो । "दलबहादुर ऊ केही भन्दैनथ्यो । धेरै तर्क गरेर प्रतिशोध गरेर साथीको हृदयमा आघात गर्नु उसलाई जाती लाग्दैनथ्यो (पृ. ४३) । भन्ने उपन्यासकारको भनाइबाट पनि उसको विशालता झल्किन्छ । त्यस्तै गरेर रनबहादुरले आफ्नो साढुभाइ माहिला भुजेल र साली मसिनीलाई दलबहादुरको घरमा आश्रय दिने प्रस्ताव राख्दा पनि उसले नाइनास्ती नगरी ती दुवैलाई आश्रय दिएर हृदयको उदारता र विशालताको परिचय दिएको छ ।

दलबहादुरले सिपाही भएर विश्वयुद्ध लडेको छ र आसाम आदि ठाउँहरूमा डुलेर अनुभव पनि बटुलेको छ । त्यसले लडाइँमा घाइते भएको बेला सुश्रुपा गरेर ल्याउने रनेको गुनले रनेलाई मात्र होइन केही नभएको माहिला भुजेल र मसिनीलाई आफ्नै घरमा आश्रय दिँदै गाईगोठ पालेर दूधको व्यापार गर्न सल्लाह दिएर आफ्नै पैसाले एक जोड गाई पनि किनिदियो । उसले आफ्नी आमालाई धेरै नै श्रद्धाको दृष्टिले हेर्दछ । उसलाई विहे गर्ने रहर मनमा नहुँदा नहुँदै पनि बूढी आमाले "आमाको मन दुखाइस भने राम्रो हुँदैन बाबै म बूढीको आँसु झरे त्यो आँसुले तँलाई भेट्छ"(पृ. १३८) । भनेपछि बिना तर्क उसले विहे गर्दछ । त्यस्तै गरेर बूढी आमाले मर्ने बेलामा सानी रूपालाई देखाएर "एउटा कुरा.....यो केटीलाई तिमीहरूले कहिल्यै दुःख नदिनु बाबै यो कुरा नबिर्सनु" (पृ. १४६) । भनेको कुरालाई मानी आफ्नी छोरी सरह प्यार दियो । यसरी उसले मातृप्रेम प्रशस्त मात्रामा झल्काएको देखिन्छ ।

छोरोको जात भएपछि त देशविदेश जानुपर्छ, सबै काम गर्नुपर्छ भन्ने धारणा भएको दलबहादुरको जीवनमा आमाको मृत्युपछि नयाँ परिच्छेदको आरम्भ भएको छ । माहिला भुजेल घरबाट बाहिर निस्केपछि विभिन्न ठाउँमा उसलाई खोज्न हिडेको र धेरै ठाउँमा नभेटाउँदा ऊ आफैँ घरमा गाई पालन गरी बसेको थियो । पछि गएर पहिरोले

गोठ बगाएपछि चियापसल खोलेको छ । उसका तीनवटा सन्तानमध्ये एक छोरी र दुई छोरा रहेका छन् । रूपाले माहिला भुजेल अर्थात् आफ्नो बुवालाई "अहिले त यहाँ म मात्र छु जेठा बा आजकाल विरामी हुनुहुन्छ नत्र यहाँ आइराख्नुहुन्थ्यो" (पृ. १७७) भनेकीले दलबहादुर जीवनको उत्तरार्ध अवस्थामा रहेको देखिन्छ । यसरी काम र मामको खोजीमा विदेसिएका नेपालीहरूलाई आफ्नै घरमा लामो समयसम्म आश्रय दिएर उदारताको परिचय दिने व्यक्ति दलबहादुर साँच्चिकै प्रशंसनीय पात्रको रूपमा चिनिन्छ ।

दलबहादुर बूढी आमाको छोरा र नयाँ दुलहीको श्रीमान् भएकोले लिङ्गका आधारमा पुरुष पात्र हो । कार्यको आधारमा उसको भूमिका सहायक रहेको छ । ऊ अनुकूल प्रवृत्ति भएको पात्र हो । किनभने ऊ प्रारम्भदेखि अन्तसम्म नै सहयोगी व्यक्तिको रूपमा उसको पहिचान रहेको छ । समय र वातावरण अनुसार आफूलाई परिवर्तन गर्दै लैजाने दलबहादुर एक गतिशील पात्र हो । ऊ कामको खोजीमा मुलुकबाहिर दुःख कष्ट गरेर विवश जीवन गुजारा गर्ने नेपालीको प्रतिनिधित्व गर्ने पात्र भएकाले जीवन चेतनाका आधारमा ऊ वर्गगत पात्र हो । आसन्नता उसको मञ्चीय रहेको छ भने आबद्धताको दृष्टिबाट ऊ बद्ध पात्र नै हो । परिस्थिति अनुसार परिवर्तन हुने ऊ एक गोलो पात्र हो । जताजतै उही रूपले ग्रहण गर्न सकिने विशेषता भएको दलबहादुर एक सार्वभौम पात्र हुनुका साथै उसको बानीव्यवहार अनुकरण गर्न लायकका भएकाले आदर्श पात्र पनि हो । आफ्ना मनका कुरा स्पष्टसँग भन्न सक्ने दलबहादुर एक बहिर्मुखी पात्र पनि हो ।

### ४.३.२ रूपा

माहिला भुजेल र मसिनीकी छोरीको नाम रूपा हो । कान्छा राईसँग मसिनीको अनैतिक सम्बन्ध छ भन्ने भ्रमात्मक सूचना सेर्वा बूढाबाट पाएपछि आफ्नी स्वास्नीको बानी व्यहोरा राम्ररी नबुझी रूपा जन्मेको केही समय नै छोरेर हिडेकाले बाबुको माया नपाएकी गम्भीर स्वभाव र मिठो बोलीवचन भएकी केटी थिइ । रूपा उपन्यासको त्यही प्रमुख भूमिका निर्वाह गर्ने चरित्र हो, जसले माहिला भुजेलको अन्तर हृदयमा रहेको सन्देहको कालो पर्दा हटाइदिने काम गरेकी छ, जसको सम्झनाले माहिला भुजेल दार्जिलिङ फर्केर आएको छ, जसको आशामा मसिनी बाँचेको छ अनि जसले मसिनी र

माहिला भुजेलको मिलन गराइदिने चेष्टा गरी । उपन्यासकारले रूपाको परिचय यसरी गराएका छन् । "रूपा खुब राम्री थिई- हँसिलो मुख, गोरो अनुहार, राताराता गाला र ओठ थिए । त्यो काटीकुटी माहिला भुजेल जस्तै थिई । त्यसको बोलीवचन पनि अत्यन्त मिठो तथा मधुरो थियो । त्यसको प्रकृतिमा चञ्चलताभन्दा बढ्ता गाम्भीर्य थियो । त्यसले आफ्ना लामालामा केश बाटेकी थिइन् - फुकै थियो । आफ्नो केश राशीलाई त्यसले पहेँलो रेशमी रिबनले पछाडि सपक्क कसेकी थिई । दुवै कानमा सानासाना पत्थरको इयरिङ लाएकी थिई । हाइल्याण्डर कुमसम्म झारेर त्यसका फेरोले आफ्नो दुवै पुष्ट छाती ढाकेकी थिई "(पृ. १७९) ।

जाडोमा तिठलाग्दो देखिने पैसा नभएको बूढोलाई सित्तैमा भुटेका मासु, चिउरा र चिया दिने रूपा मानवीय गुण र स्वभावयुक्त देखिन्छे । ऊ दुःखी, असहाय र आपत्मा परेका व्यक्तिप्रति गहिरो दुःख प्रकट गर्दछे । त्यसकारण ऊ बूढो मान्छे अर्थात आफ्नो बाबुको दयनिय अवस्था देखेर "कठैबरा ! किन परतिरको गाउँमा जानुभएन ? उततिर गए कसैले बास त दिँदो हो विचरा बूढो मान्छे .....त्यसमाथि पनि प्रदेशमा नौलो हुनुहुन्छ" (पृ. १६५) भनेर सहानुभूति प्रकट गर्दछे । त्यस्तै गरेर ऊ अत्यन्तै सहयोगी पनि देखिन्छे । उसको आफ्नो सानो चियापसल भए तापनि केही पनि नभएकालाई सहयोग गरेकी छे । उसले "कति जना त यही चिया दोकानमा चिया खाजा खान आउँछन्, पैसा हुनेले त किनेर खान्छन् बरा ! पैसा नहुनेले त के खान्छन् र ? तैपनि कसैकसैलाई म एक मुठी चियापानीसम्म त ख्वाएर पठाउँछु । भोक र तिर्खा भनेको एकै हो बाजे "(पृ. १६६) भनेबाट पनि उसको सहयोगी भावना रहेको पुष्टि हुन्छ ।

रूपा दलबहादुरको घरमा बस्ने गर्थी । त्यसले दलबहादुरलाई जेठा बाबु भन्थी । त्यो दलबहादुरको घरकी बत्ती नै थिई । ऊ आफू पनि स्कुल जान्थी र दलबहादुरका छोराछोरीलाई स्नेहसाथ स्कुल लान्थी, पढ्न सिकाउँथी । रूपा रूपाजस्ती थिई, सबैकी प्यारी थिई । उसले उसको घरधन्दा सबै गर्ने, आमाको सेवा गर्ने र दलबहादुर र उसकी स्वास्नीलाई आदरका साथ सुश्रुपा गर्ने गर्दथी । दलबहादुरले पनि रूपालाई आफ्नै छोरीजस्तै हेर्थ्यो साह्रै माया पनि गर्दथ्यो । त्यसकारण रूपाको सराहना गर्दै दलबहादुर

भन्दछन् "यो घरमा रूपा छैन भने त घरको बत्ती पनि बल्ने होइन । यो घरमा लक्ष्मीले पनि बास गर्ने छैन" (पृ. १५५) ।

रूपा मानवीय क्रियाकलापप्रति घृणा व्यक्त गरेकी छे । उसले समाजमा रहेका सेर्वा बूढाजस्ता व्यक्तिले घरपरिवार तहसनहस पारेको कार्य देख्दा असन्तुष्टि पोखेकी छे । "संसारमा जोड्नेभन्दा फोड्ने धेरै हुँदा रहेछन् बाजे संसारमा अर्काले गरी खाएको कसैले हेरीसक्तो रहेनछ"(पृ. १८०) भन्दै रूपाले समाजमा भलो चिताउनेभन्दा बिगार्ने र स्वार्थी मानिसको बिगबिगी रहेको तितो यथार्थ बूढासँग पोखेकी छे । चियापसलमा आएको वृद्ध आफ्नै बाबु हो भन्ने कुरा रूपाले थाहा पाएकी थिई । उसको बाबुले "रूपा यो औँठी ले - यो औँठ तैँले कहिल्यै नहराएस् । यो औँठी अघि एकदिन पहाडमा अरुण खोलाको पारीपट्टि जङ्गलमा गाई चराउँदा तेरी आमाले दिएकी थिई, मलाई माया गर्छौ भने यो औँठी कहिल्यै नहराउ है" (पृ. १८९) भनेर औँठी दिएपछि रूपाले त्यस औँठीलाई सहर्ष स्वीकार गरी लिएकी छे । आफ्नो बाबु आएको खबर सुनाउनलाई सबेरै चियापसलबाट उठेर खबर सुनाउन आफ्नी आमालाई बोलाएर ल्याएकी थिई तर त्यसबेलासम्म माहिला भुजेलले प्राण त्यागीसकेको हुन्छ । आफ्नो बाबुसँग व्यवहारिक कुरा गर्न समेत नपाएकी रूपा सहानुभूतिशील पात्रको रूपमा देखिएकी छे ।

रूपा माहिला भुजेल र मसिनीकी छोरी हो । ऊ स्त्री पात्र हो । रूपाको परिच्छेदगत आवृत्ति कम रहँदारहँदा पनि आफ्ना बाबुआमाको दाम्पत्य द्वन्द्वलाई सुल्झाउनका निम्ति अनुकूल भूमिका खेलेको हुँदा कार्यका आधारमा उसको भूमिका सहायक रहेको छ । गरिब र असहायप्रति सहानुभूति प्रकट गर्ने रूपा उपन्यासमा अनुकूल नै देखिन्छे । सामान्य रूपमा पढाइपछि चियापसलमा काम गरेबाहेक त्यसको जीवनमा खासै परिवर्तन आएको छैन त्यसकारण स्वभावको दृष्टिले हेर्दा ऊ गतिहीन पात्र हो । जीवन चेतनाका आधारमा व्यक्तिगत नभएर वर्गगत रहेको छ भने आबद्धताको आधारमा मुक्त र आसन्नताका आधारमा मञ्चीय पात्र हो । मानव सेवा नै धर्म ठान्ने रूपा एक आदर्शवादी पात्र हो । आफ्ना मनका कुराहरू माहिला भुजेललाई स्पष्ट रूपमा भनिहाल्ने रूपा बहिर्मुखी पात्र हो । रूपामा आदर्शको मात्रा बढी पाइन्छ भने स्रष्टाको निश्चित धारणामा आएकी छे । त्यसकारण उसलाई च्याप्टा पात्रका रूपमा

लिन सकिन्छ । पूर्व परिचित स्वभाव वा आचरण गर्ने रूपा एक परम्परित पात्र हो । उसले पढाइ गर्ने, चियापसलको व्यापार गर्ने, सेवा गर्ने काम परम्परागत कार्यहरू हुन् भने निश्चित पर्यवरणमा विशिष्ट पहिचान लिएर आउने एक आञ्चलिक पात्र पनि हो ।

## ४.४ गौण पात्रहरू

उपन्यासमा सबै पात्रहरू उत्तिकै महत्त्वका कार्य गरेका हुँदैनन् । जुन पात्रको उपस्थिति अति नै कम वा विभिन्न घटनाक्रममा कम भूमिका रहन्छ भने त्यस्ता पात्रहरूलाई गौण पात्र भनिन्छ । गौण पात्रलाई हटाई दिंदा पनि उपन्यासको कथानकमा त्यति ठुलो छाती पुग्दैन । गौण पात्रहरू पनि सहायक पत्र जस्तै ३ प्रकारको हुने गर्दछन् । **मुलुक बाहिर** उपन्यासमा प्रयुक्त गौण पात्रहरूलाई निम्नानुसार विश्लेषण गरिएको छ ।

### ४.४.१ सेर्बा बूढा

**मुलुक बाहिर** उपन्यासमा दुष्ट पात्रका रूपमा परिचित सेर्बा बूढा अरूलाई नचाहिँदो कुरा सुनाएर घरबार लथालिङ्ग परिदिने व्यक्तिका रूपमा देखिएको छ । बूढो भएर पनि उसको बुद्धि पलाएको छैन । अरूले प्रगति गरेको देखेर अथवा अर्काले गरेको कामको डाहा गर्ने तथा अर्काको खोइरो खन्ने तथा निन्दा गर्ने काम ६० वर्षको उमेर पुग्दापनि गरिरहन्छ । सेर्वा बूढाको परिचय उपन्यासकारले यसरी गरेका छन् । “सेर्वा बूढा निकै मै हुँ भन्थ्यो –गाउँघरमा निकै रवाफ देखाउँथ्यो । अहिले त पाको भएर पो नत्र जवान छँदा फुर्मान सेर्बा भनेपछि उसलाई गाउँघरमा कसले छुन सक्थ्यो ? बलियो उस्तै । आफू बाठो छु भन्ने त्यसलाई गर्व पनि थियो । तन्नेरी अवस्थामा तिन/चार जना बलिया जवानहरू आए पनि ऊ टेर्दैनथ्यो । सबैसित त्यसले बलको तुजुक गऱ्यो तर जवानीको त्यो फूर्ति, त्यो जोस, तागत, अब कहाँ ।”(पृ. ९७) ऊ घुर्माइलो रङको गलबन्दीले टाउकोदेखि च्यापुसम्म बेरेको कालो कोट लगाउने गर्दथ्यो ।

सेर्बा बूढा गोरु गाडामा काम गर्दथ्यो । उसको एउटा गोरु मरेपछि माहिला भुजेलले आफ्नै घरमा दूध बेच्ने काम दिएको छ । त्यही काम गरेर जिविकोपार्जन गर्ने बूढा आफ्नै मालिकको दाम्पत्य जीवनलाई फुटाउनमा महत्त्वपूर्ण भूमिका खेल्यो । उसले

माहिला भुजेललाई कान्छाप्रति सङ्केत गर्दै "त्यो केटाले घरमा कान्छीलाई भाउजू भाउजू भनेर बोलाउँछ तर कुन्नि है......निको ढङ्ग त देखेन । मैले एक/दुई पटक ती दुई जना खुब छिल्लिएको पनि देखेँ । कसैकसैले त हात लाएर चलेको पनि देखेछन् ।" (पृ. १०७) जस्ता शङ्कास्पद कुरा गरेपछि माहिला भुजेल र मसिनी बिचको सम्बन्धलाई धमिल्याइ दिने काम गरेको छ । माहिला भुजेलले मसिनीलाई पिटेर घर छोडेर बाहिर निस्केपछि सेर्बा बूढाले मसिनीलाई सक्दो सहयोग गर्नुको सट्टामा झनै काम गर्न नआउने, दूध बेच्न लगेपछि उतै रक्सी खाएर सबै पैसा सकिदिने जस्ता कार्य गरी मानसिक तनाव बढाउनतिर बढी लागेको देखिन्छ । माहिला भुजेलले मर्नेगरी मसिनीलाई पिट्दा सहानुभूति दिनुको सट्टामा झन उसले "आइमाईहरूलाई बेसी सुख भयो भने मात्तिन्छन् अरे ! सुखले दुःख खोज्छ, दुःखले काल खोज्छ"(पृ. ११८) जस्ता भनाइ प्रकट गर्दछ ।

सेर्बा बूढाले विसङ्गत जीवन बिताएको छ । उसले आफ्नो जीवनमा न पैसा कमायो न एउटा घरसम्म बनायो । बल र बुटा छउन्जेल स्टेसनमा तास खेल्थ्यो-गाउँघर डुलीडुली जाँडरक्सी खाने गर्दथ्यो यसो हुनुमा उसको चालीस वर्षको दीर्घकालीन दाम्पत्य जीवनमा एउटा पनि सन्तान नहुनाले पनि हो भन्न सकिन्छ । उसका गलत र दुष्ट प्रवृत्तिकै कारणले सन्तान नभएकाले छिमेकीहरू सान्त्वना दिनुको सट्टामा आपुताली बूढा भनेर सराप्थे । गलत प्रवृत्तिकै कारणले ऊ स्टेसनमा गएर भारी बोक्ने काम - कुल्ली काम पनि गऱ्यो तर ऊ जीवनमा कहिल्यै पनि सफल हुन सकेन । मान्छेमा हुनुपर्ने स्वाभाविक गुण सेर्बा बूढामा नभएकोप्रति सङ्केत गर्दै उपन्यासकार भन्छन् "सेर्बा बूढा पढेलेखेको मानिस होइन त्यो साँचो कुरो हो तर अनपढ तथा असभ्य मानिसमा पनि मनुष्यमा हुने अनेक स्वाभाविक गुणहरू पाइन्छन् तर यी गुणहरू सेर्बा बूढामा पटक्कै छैनन् भने पनि हुन्छन् ।" (पृ. १०४) त्यसकारणले पनि होला ऊ बिरामी पर्दा कोही पनि सोधपुछ गर्न आएनन् । कसैले सेवा गरेन । उसको मृत्यु भएपछि उसकी श्रीमतीले पनि त्यस छिमेकमा कुनै ठाउँ नपाएर बाहिर जानुपरेको छ । यसरी उपन्यासको सम्पूर्णता भरपूर गर्ने क्रममा बाँकी रहेको सामाजिक दुष्टकर पक्षलाई उद्घाटन गर्नु प्रस्तुत उपन्यासमा सेर्बा बूढाको महत्त्व रहेको छ भने अर्काको कुभलो चिताउनेको कहिल्यै भलो हुँदैन भन्ने चरितार्थ गर्नमा पनि प्रयोग गरिएको छ ।

सेर्बा बूढा यस उपन्यासको पुरुष पात्र हो । माहिला भुजेल र मसिनीको दाम्पत्य जीवनको प्रतिकूल कारक स्वरूप मध्यम भूमिकाको गौण वा खल पात्र हो । सुरुदेखि अन्तसम्म एकै विचारमा रहिरहेको सेर्बा बूढा स्वभावको दृष्टिले गतिहीन रहेको छ । आफू समानका दुःखी मान्छेलाई दुःखको भुमरीमा पुऱ्याउने दुष्चरित्रको रूपमा उसको उपस्थिति रहेको छ जुन नेपाली समाजमा प्रशस्त मात्रामा यस्ता किसिमका व्यक्तिहरू देखा पर्छन् त्यसैले ऊ एक वर्गीय पात्र हो । ऊ मञ्चमा देखिने पात्र हो । आबद्धताका दृष्टिले बद्ध पात्र हो । किनभने उसको निम्नस्तरीय भूमिकाले मसिनी र दलबहादुरका बिचमा कटुता र बैमनस्यता उत्पन्न भएपछि उनीहरूको जीवन दुःखपूर्ण बनेको छ । आफ्नो मनको कुरा स्पष्टसँग भनिहाल्ने सेर्बा बूढा एक बहिर्मुखी पात्र हो । जीवनलाई जटिल रूपमा भोग्ने सेर्बा बूढा गोला पात्र हुनुको साथै परम्परित पात्र पनि हो ।

### ४.४.२ कान्छा राई

प्रत्येक वर्ष मुग्लान जाने अनि केही समयपछि आफ्नो घरतर्फ फर्कने कान्छा राई एक तन्नेरी व्यक्तिहरूको प्रतिनिधित्व गर्ने वर्गीय पात्र हो । रने र म्याउची साँझ ढिलो डेरामा फर्कदा "आइयु...साँहिला दाइ ! साह्रै पो अबेर गऱ्यो त.....टिष्टा खोलामा माछा मार्न गयो कि कसो ?" (पृ. १२) जस्तो भाषा बोल्नु ग्रामीण युवाको प्रतिनिधित्व गर्ने पात्र देखिन्छ ।

उपन्यासकारले कान्छा राईको परिचय यसरी दिएका छन् : "कान्छा राई सिकुटे थियो तर गोरो र सुन्दर थियो । जीउमा त्यसले मैलो फाटेको दौरा, फाटेकै सुरुवाल र त्यसमाथि पटुका बाँधेको छ । पटुकामाथि खुकुरी पनि भिडेको छ । औँ त्यसले पिठ्युँमा बोकेको छ - कुम्लो र राडी ! कान्छा राई छ/सात वर्ष अघि जुन अवस्थामा पहिले दार्जिलिङ आउँथ्यो अहिले पनि उही अवस्थामा छ । त्यो वर्षेनी मुग्लान आउँछ औ पहाड फर्कन्छ ।" (पृ. १०२) कान्छा राई अशिक्षित थियो तर खराब थिएन । कसैप्रति कुनै पनि नराम्रो नचिताउने राईका मनमा पाप थिएन । उसले आफू र आफ्नो जाति (लोग्ने) प्रति लगाएको गलत आक्षेपको प्रतिकार गर्न पछि पर्दैन । त्यसकारण म्याउचीले लोग्ने मान्छेको जात, पहिले पो माया गर्छ, तर पछि त उही हो कुटाई खानु छ भनेपछि "लोग्ने मान्छेको जात के सबै एकै हुन्छ र ?"(पृ. १८) भनी म्याउचीको कुराको खण्डन गर्छ ।

माहिला भुजेलले “पहाडमा छँदा कान्छा राईको बानी व्यहोरा सबै राम्रो थियो मान्छे खुब सोझो हो ।”(पृ.१०९) भनेबाट पनि वास्तवमा कान्छा राई निर्दोष चरित्र हो त्यसलाई खोट लगाउने ठाउँ छैन तर बिना कसुर नै त्यसको उपस्थितिले माहिला भुजेल र मसिनीको ग्राहस्थ संसारमा आगो लाग्न पुग्यो । माहिला भुजेलको घरमा बस्दा स्टेसनको छेउमा भएको चिया पसलमा जान्थ्यो र त्यही चिया पसलमा काम गर्ने तरुनीलाई कान्छा राईले मन पराएको थियो । उसले मसिनीसँग चिया पसलकी केटीलाई फकाइदिनका लागि अनुरोध पनि गरेको थियो । अविवाहित राईले चिया पसलकी केटी आफूलाई पारिदिनका लागि मसिनीसित एकान्तमा कानेखुसी गरेकै भरमा माहिला भुजेलले मसिनीप्रति शङ्का गरेको थियो तर कान्छा राईको केही दोष थिएन । उसको कमजोरी पक्ष मात्र जतिखेर जिस्क्याउनु हो । अन्त्यमा उसले मसिनी र आफू बिच नराम्रो सम्बन्ध रहेको शङ्का गाउँका मानिस र माहिला भुजेलले गरेको थाहा पाएपछि ऊ माहिला भुजेलको घरमा नफर्की बाहिरिएको छ ।

कान्छा राई यस उपन्यासको पुरुष र गौण पात्र हो । प्रवृत्तिका आधारमा ऊ कसैलाई दुःख, पीड, कष्ट वा झन्झट नदिने अनुकूल रहेको छ । स्वभावका दृष्टिले गतिहीन रहेको छ । जीवन चेतनका दृष्टिबाट हेर्दा वर्गगत रहेको छ । आर्थिक विपन्नताको भुङ्ग्रोभित्र पर्ने मुलुक छाड्ने नेपालीहरूको प्रतिनिधित्व गर्ने पात्रको रूपमा पहिचान रहेको छ । आसन्नताका दृष्टिबाट हेर्दा ऊ मञ्चीय रहेको छ । सेर्बा बूढाले मसिनीलाई आरोप लगाउँदाको अवस्थामा कान्छा राईको सम्बद्धता देखिने भएकाले उसलाई मञ्चीय भन्ने आधार पाइन्छ । आबद्धताका आधारमा हेर्दा कान्छा राई स्वतन्त्र वा मुक्त देखिन्छ । सामाजको वास्तविक संसारलाई प्रतिनिधित्व गर्ने पात्र कान्छा राई भएकोले ऊ एक यथार्थ पात्र हो । बहिर्मुखी पात्रको स्वभाव आफ्ना मनका कुराहरू अरुलाई भनिहाल्ने गर्दछन् । कान्छा राई पनि आफूलाई चिया पसलमा काम गर्ने केटीलाई मन पराएको कुरा मसिनीलाई स्पष्ट रूपमा भनेकोले ऊ बहिर्मुखी पात्रको रूपमा प्रस्तुत भएको छ । कान्छा राई स्रष्टाको धारणामा अटेको र उसमा आदर्शको मात्रा पनि भेटिएकोले ऊ चेप्टो पात्र हो । ऊ आञ्चलिक पात्र हुनुका साथै एक परम्परित पात्र पनि हो ।

### ४.४.३ खालिङ बूढा

खालिङ बूढा उपन्यासमा थोरै भूमिका भएको बूढापाकाहरूको प्रतिनिधि चरित्र हो । मुग्लानतिर पसेका नेपालीहरूका बिचमा अत्यन्त प्रीय बनेका खालिङ बूढा ज्यादै राम्रो देखिन्छ । खालिङ बूढा अनपढ भए पनि ऊ एक विवेकी देखिन्छ । त्यसैकारणले होला साथीभाइले रने साँहिलालाई ठट्टा गर्दा रने रिसाउँदा उसले रनेलाई “साँहिला, साथीहरूले ठट्टा गर्दा किन रिस गर्छस् ? केही नराम्रो कुरा त भनेनन् होलान् तिमीहरूको उमेर छ खाने लाउने बेला छ । यी हामी त खै .....अब त बूढा भयौं, उमेर गयो, दिनदिनै डाँडापारिको घामजस्तै भयौं तर यो उमेर भयो म त आजसम्म कसैले ठट्टा गर्दा कहिल्यै रिसाएको छैन ।” (पृ. १३) भनी सम्झाएको छ । त्यस्तैगरी खालिङ बूढा सामाजिक संस्कारप्रति धेरै नै सजग देखिन्छ । ऊ समाजमा चल्दै आएका रीतिरिवाज र चालचलन विपरीत कसैले कार्य गरेको छ भने त्यसलाई रोक्ने प्रयास गर्दछ । रने साँहिला र म्याउची दुवैजना विवाह पूर्व नै सँगै दुई/चार दिन मेलामा घुमेको देख्दा व्यङ्ग्यात्मक शैलीमा “साँहिला ! सङ्क्रान्तिका दिन नै तिमी दुईको टिकोटालो गरिदिन पाएको भए बरु जाती हुने थियो ।”(पृ. १५) भन्दछ र ती दुवैको विवाह पनि गराइदिनमा महत्त्वपूर्ण भूमिका खेल्दछ ।

जीवनको अन्त्यतिर आइपुगेको खालिङ बूढाले धेरै नै अनुभव बटुलिसकेको छ । उसले भविष्यमा हुने घटनाको बारेमा पनि अनुमान गर्दछ । रने र म्याउची साँझ उसको डेराबाट आफ्नो डेरामा फर्किदा रनेले म्याउचीमाथि नराम्रो गर्ला भनेर नै उसले “साँहिला, हेर तेरो रिस कडा छ ! बाटाघाटामा केही नगर । आइमाई केटाकेटी भनेका सबै त्यस्तै हुन्छन्......केही नगर है साँहिला ।” (पृ. २१) भन्दछ । यसरी खालिङ बूढा हिउँद लागेपछि मुग्लान जाने र वर्षा लागेपछि पहाड फर्कने गर्दागर्दै रोग लागेर एक वर्ष पहाड पुगेपछि उसको मृत्यु हुन्छ । उसले प्रशस्त मात्रामा सहानुभूति प्राप्त गरेको छ । रनेले पनि बूढाको मृत्यु भएको थाहा पाएपछि “बूढाको कस्तो मन ! कस्तो उदार हृदय”( पृ. ५१) भन्दछ ।

खालिङ बूढा पुरुष र गौण पात्र हो । प्रवृत्तिका आधारमा उसलाई अनुकूल पात्र मानिन्छ । उसले कसैलाई नबिगार्ने र बेलामौकामा राम्रो अर्तिउपदेश दिने व्यक्तिका

रूपमा उसको चरित्र स्वच्छ रहेको छ । जीवन चेतनाका आधारमा ऊ वर्गगत पात्र हो । अरुको भलो चिताउने व्यक्तिका रूपमा देखिएकाले वर्गीय हीतका लागि समर्पित हुने देखिएकाले उसलाई वर्गगत पात्र भनिएको हो । आसन्नताका दृष्टिले हेर्दा मञ्चीय पात्र हो । आबद्धताका दृष्टिले मुक्त पात्र हो । यस उपन्यासको एक कुनाको अभावलाई पूर्ति गर्नु खालिङ बूढाको महत्त्व छ ।

### ४.४.४ बूढी आमा

बूढीआमा हस्तमानकी श्रीमती र दलबहादुरकी आमा हुन । आफ्नो साख्खै बुहारी नभएपनि उनले मसिनीलाई आफ्नै बुहारी तथा छोरीजस्तै ब्यवहार गरेकी छिन । त्यसकारण उनलाई एक कुशल र अनुकरणीय सासुको रूपमा हेर्न सकिन्छ । बूढीआमाले दलबहादुरलाई “अब त संसारमा कति दिन बाँच्छु ? दुई दिनको जिन्दगीमा घरमा बुहारी हेर्न पाए मलाई कति सन्तोष लाग्ने थियो बाबै !”(पृ १३७) भनेबाट दलबहादुरको बिहे गरेर नाती नातिनाको मुख हेर्ने तिब्र अकांक्षा बूढीआमा रहेको कुरा प्रष्टिन्छ । उनी दलबहादुरकी आमा मात्र नभएर उपन्यासमा सबैकी आमा पात्र हुन् । सोझी, सरल, निश्छल र ममतामय बूढीआमा पति हस्तमानको मृत्यु पश्चात् छोरो दलबहदुरलाई बडो दुःख गरेर हुर्काउछिन् । तिनको बारेमा उपन्यासकारले यसरी टिप्पणी गरेका छन् । “दलबहादुरकी आमा अशिक्षित र गरीब भएपनि आदर्श थिइन् । लोग्नेको मृत्युपछि कुनै परपुरुषको सम्झनासम्म मनमा राखिनन् । मरुन्जेलसम्म लोग्नेलाई देवता सम्झेर उसको सेवा, पूजा र भक्ति गरिरहिन ।” (पृ. १५८)

बूढीआमाको एउटा मात्र सन्तान दलबहादुर थियो । दलबहादुरले आफ्नो घरमा माहिला भुजेल र मसिनीलाई ल्याएपछि बूढीआमाले मसिनीलाई आफ्नै छोरी जस्तै माया गरेर राखिन । उनले बुढेसकालमा भएपनि शिशु सन्तानका अभावले लुकेको तृष्णालाई तिनले मसिनीलाई नै आफ्नी छोरी तुल्याएर धोको मेटिन् । मसिनीलाई माहिला भुजेलले बेस्सरी पिट्दा उनले पानी ल्याएर मसिनीको मुख धोइदिइन् र निधारमा बगेको रगतको धारालाई पुछिदिइन् । त्यस्तै गरेर मसिनीलाई पानी ल्याएर पनि खुवाइन् । बूढीआमाले माहिला भुजेल र मसिनी बिच कहिल्यै पनि त्यस्तै झगडा नभएको देखेर मसिनीलाई अचम्म मन्दै भनिन् “के अचम्म ! तिमी दुई लोग्नेस्वास्नी यो घरमा बसेको यतिका दिन

भयो खै, झगडा गरेको कहिल्यै थाहा पाइएको  थिएन । आज माहिलालाई के भयो र बौलायो घरजहान त्यसरी बिल्लबाठ पारेर आफुचाहीँ कता हिड्यो । "(पृ ११६) बूढीआमा साह्रै पाको भैसकेको, केश सेतै फुलिसकेको, साह्रै दुब्ली तथा बृद्धा भैसकेको अवस्थामा पुगेसकेकी थिइन् अर्थात जीवनको अन्तिम क्षणमा पुगेसकेकी थिइन् । बूढीआमा र मसिनी नारी भएकैकारणले होला जीवनमा धैरै नै दु ख सहनु परेको थियो । त्यसैले बूढीआमा आफू मर्ने बेलामा रूपाले पनि दु ख नपओस् भनेर रूपातिर देखाएर अति क्षिण स्वरमा भनिन् "अब म बाँच्दिनँ । बाँच्ने आशापनि छैन..... एउटा कुरा ..... यो केटीलाई ...तिमीहरू कहिल्यै दु ख नदिनु .... बाबै, यो कुरा नबिर्सनु" (पृ. १४६) ।

बूढीआमा स्त्री र गौण पात्र हुन् । प्रवृत्तिका अधारमा उनलाई अनुकूल मानिन्छ । यिनले असल आमा र कुशल सासुको भूमिका निर्वाह गरेकी छिन् । सुरुदेखि अन्तिम सम्म विचारमा खासै परिवर्तन नदेखिएकाले स्वभावका आधारमा यिनलाई गतिहीन पात्रको रूपमा लिन सकिन्छ । बूढीआमालाई दलबहादुरको मात्र नभएर हामी सबैको जस्तो भान वा महसुस हुन्छ । त्यसैले उनलाई जीवनचेतनाका आधारमा वर्गीय पात्र मान्न सकिन्छ । आसन्नताका दृष्टिले मञ्चीय र अबद्धताका आधारमा मुक्त पात्र हुन् ।

## ४.५ अन्य पात्रहरू

उपन्यास जीवन जगत्को यथार्थ प्रस्तुति भएकोले यथार्थ संसारमा जसरी विविध प्रकारका ठूला साना सबै प्राणी रहन्छन् । त्यसैगरी औपन्यासिक संसारमा पनि वास्तविक याथार्थलाई देखाउन कतिपय अत्यन्त न्यून भूमिका भएका पात्रहरूको पनि उपस्थिति रहेको हुन्छ । **मुलुक बाहिर** उपन्यास चरित्र प्रधान उपन्यास भएको हुनाले माथि चार्चा गरिएका बाहेक अन्य थुप्रै पात्रहरूको पनि उपन्यासमा चार्चा गरिएको छ । कतिपय पात्रहरू मन्चीय रूपमा उपस्थित छन् भने कतिपय सन्दर्भ अनुसार नेपथ्यरूपमा चार्चामा आएका छन् । विशेष गरी नेपालबाट मुग्लान गएका नेपालीहरूले भोग्नु परेका पीरब्यथालाई उद्घातित् गर्नु उपन्यासकारको उद्धेश्य रहेकाले सोहीअनुरूप पात्रहरू उपन्यासमा आएका छन् । यस उपन्यासमा कर्णबहादुर राना, कुलवीर थापा, फुपुको छोरा, हर्के, चतुरमान, सेर्बेनी बूढी, भक्तबहादुर, नयाँ दुलही, कार्की बूढी, तिन छोराछोरीहरू, हस्तमान, चियापसलकी केटी आदी पात्रहरू पनि प्रयोग गरिएको छ ।

सन् १९१४ सालको विश्वयुद्धमा गोर्खाली सिपाहीहरू बागदाद, मेसोपोटामिया, ग्यालीपोली, अफगानस्तान, जस्ता ठाउँमा गई लडाई गरेर नाम र दाम दुवै कमाउन सफल भएका ब्यत्तित्वलाई पुष्टि गर्नका लागी कर्णबहादुर राना र कुलवीर थापाको उपस्थिति रहेको छ । यी दुवै पात्रले नेपालीहरू वीर जाति हुन भन्ने कुरा विश्वमा चिनाउनमा मद्दत गरेका छन् । “आफ्नो हातमा बन्दुक लिएर हामी घस्रदै जाँदै थियौं । कर्णबहादुर र रने मेरो अगाडि अगाडि घस्रँदै थिए । म पनि पछि पछि बामे सर्दै थिएँ ।” (पृ. ७५) भन्ने दलबहादुरको भनाइबाट कर्णबहादुर एक कुशल गोर्खाली सिपाही थियो भन्ने कुरा पुष्टि हुन्छ । ऊ आफ्नो कर्तब्य पुरा गर्दा गर्दै लडाईमा नै बिपक्षीको गोली लागेर वीरगति प्राप्त गरेको छ । यसरी हेर्दा कर्णबहादुर राना र कुलवीर थापा पुरुष र मन्चीय पात्र हुन् । अबद्धताका दृष्टिले हेर्दा मुक्त र भूमिकाका आधारमा अति गौण पात्र हुन् । स्वभावका आधारमा स्थिर पात्र हुन् । नेपालीहरू गोर्खाली सिपाहीमा भर्ती हुने, त्यहाँ गएर युद्धमा धावा बोल्ने, विरतापूर्ण प्रदर्शन गर्ने गर्छन् । त्यसैको प्रतिनिधि यी दुई कर्णबहादुर राना र कुलवीर थापाले गरेकाले यिनी जीवनचेतनाका अधारमा वर्गीय पात्र मानिन्छन् भने प्रवृत्तिका दृष्टिले अनुकूल छन् ।

माहिला भुजेलको फुपुको छोरा पनि यस उपन्यासमा देखा पर्ने आर्को अति गौण पात्र हो । माहिला भुजेल र मसिनीको मुग्लानमा राम्रै घरायसी वातावरण रहेको कुरा पुष्टि गर्नको लागि उसको उपस्थिति गराइएको छ । फुपुको छोराले “अब पहाड फर्कनु पर्छ, मुग्लान बसेर हुदैन ”(पृ ८६) भनि माहिला भुजेललाई भने पछि माहिला भुजेलले पहाडमा धेरै दुःख कष्ट भएको स्मरण गर्नु र तत्काल मुग्लानमा राम्रै व्यवस्था महसुस गरेको छ । यसरी फुपुको छोरा एक मञ्चीय, पुरुष, स्थिर, गौण, ब्यत्तिगत र मुक्त पात्र हो ।

हर्के र चर्तुमान यस उपन्यासका प्रमुख पात्र माहिला भुजेलको घरमा काम गर्ने गोठालाहरू हुन् । माहिला भुजेलको घरमा काम धन्दा बढेपछि ती कामलाई सघाउन यी दुई पात्रको उपस्थिति गराईएको छ । “हर्के घाँस काट्थ्यो, चर्तुमानले दूध दुहने र दूध गाँउ घरमा लाने भार लियो ।” (पृ. १२२) भन्ने उपन्यासकारको भनाइबाट ती दुईको काम बाँडफाँड गरिएको थियो भन्ने कुरा पुष्टि हुन्छ । यी दुवै माहिला भुजेल हुँदा सम्म

राम्रै काम गरेता पनि पछि गएर वस्तुभाउको राम्रो हेरचाह नगरेकाले मालिकका अगाडि राम्रो काम गर्ने र मालिक नभए कामै नगर्ने ठग प्रवृत्तिका चरित्रको प्रतिनिधित्व गरेका छन् । त्यसैले यिनिहरू वर्गीय पात्र हुन् । माहिला भुजेलले घर छोडे देखि यिनिहरू पनि बरालुवा हुन थालेका छन, गोठको काममा ध्यान पुर्‌याउन छोडेका छन्, सेर्बा बूढाकै सिको गरेर गाउँमा यिनिहरू रक्सी, जाँड खाँदै हिडेका छन् । त्यसैले यिनिहरू प्रवृत्तिका आधारमा प्रतिकुल पात्रहरू हुन् । स्वभाबका दृष्टिले पहिले राम्रो काम गरेता पनि पछि कुलतमा लागेकाले यिनिहरू गतिशील पात्र हुन् । लिङ्गका आधारमा पुरुष, कार्यभुमीका आधारमा अति गौण र अबद्धताका आधारमा मुक्त पात्र हुन् ।

सेर्बेर्नी बूढी सेर्बा बूढाको मृत्यु भएपछि उसका जीवनमा आइपरेका दुःख कष्ट देखाउनका लागी प्रस्तुत गरिएको छ । "विचारी बूढी एक्लै भई । बूढो मरेपछि त्यसले गाउँ घरमा मगेर आफ्नो पेट पाल्न थाली" (पृ. १५०) भन्ने उपन्यासकारको भनाई बाट सेर्बेनी बूढीले सबै पाठकको सन्त्वना एवं सहानुभुतिको पात्र बन्न सफल भएकी छिन् । सेर्बा बूढाकै चरित्रकै कारणले गर्दा सेर्बेनी बूढी आफ्नो गाउँघरमा बस्ने वातावरण नपाएकाले ऊ आफ्नो गाउँ छोडेर इलाम तिर लागेकी छे । सेर्बेनी बूढीको वर्णन मात्र उपन्यासमा गरिएकाले ऊ नेपथ्य पात्र हो भने आबद्धताका आधारमा मुक्त पात्र हो । त्यस्तै गरेर लिङ्गका अधारमा स्त्री, कार्यभूमिका आधारमा अति गौण, प्रवृत्तिका आधारमा अनुकूल, स्वभावका आधारमा गतिशील र जीवन चेतनाका आधारमा वर्गीय पात्र हुन् ।

यस उपन्यासमा देखापर्ने आर्को अति गौण पात्र नयाँ दुलही हो । नयाँ दुलही दलबहादुरकी श्रीमती र बूढीआमाकी बुहारी हुन् । बुढेसकालमा बूढीआमालाई बुहारी र नातीनातिना हेर्ने तीव्र आकांक्षा गरेका हुनाले दलबहादुरले मन लागीनलागी दुलही सँग विबाह गर्नु पऱ्यो । उपन्यासकारले नयाँ दुलहीको बह्य शारिरीक वनावटको बारेमा यसरी ब्याख्या गरेका छन् । "नयाँ दुलही बीस एक्काइस बर्षकी होची, शान्त र गम्भिर प्रकृतिकी थिई । लाम्चो अनुहार, अलिगोरी र पहेँलो वर्णकी, अग्ली र बोलीचाली खुब राम्रो थियो ।" (पृ. १४०) नयाँ दुलहीको अगमन सँगै मसिनीको जीवनमा पनि आनन्दानुभुति आएको छ । मसिनीले सुख दुःख बड्ने साथी पाई । नयाँ दुलही मिलानसार र चञ्चले स्वभावकी थिइ । उसका दुई छोरा र एक छोरी जन्मिएका छन् ।

नयाँ दुलही लिङ्गका आधारमा स्त्री, स्वभावका आधारमा स्थिर, कार्यभूमिकाका आधारमा अति गौण पात्र हुन् । समाजका चेलीहरू विबाह गरि श्रीमती (दुलही) र बुहारी बन्ने संस्कार बमोजिम यिनि पनि त्यही कार्य गरेकाले उनलाई वर्गीय पात्र मानिन्छ । असन्नताका दृष्टिले मञ्चीय र आबद्धताका आधारमा मुक्त मान्न सकिन्छ ।

भक्तबहादुर ड्राइभर पेशा गर्ने ब्यक्ति हो । ऊ आफ्नो कामको शिलशिलामा घुम पहाडबाट कलकत्ता गएको छ । माहिला भुजेलले आफ्नो घरमा श्रीमतीसँग झगडा गरि घरबाट बाहिर निस्केपछि केही दिन कलकत्ताको भावनीपुरमा भक्तबहादुरको डेरामा गई बसेको छ । त्यसकारणले पनि भक्तबहादुरलाई एक नेपालीले आर्को नेपालीलाई सहयोग गर्ने पात्रको रूपमा लिन सकिन्छ । भक्तबहादुरकै घरमा बसेर माहिला भुजेलले कलकत्ताको सबै रमिता, चालचलन, बुझेको र त्याहाँबाट असामतिर गएको कुरा दलबहादुरले भक्तबहादुरकै कारणले मात्र थाहा पायो । यसरी माहिला भुजेल असाम सम्म गएको कुरा थाहा दिने काम भक्तबहादुर बाट भएको छ । भक्तबहादुर लिङ्गका आधारमा पुरुष, कार्यभूमिकाका आधारमा अतिगौण, प्रवृत्तिका आधारमा अनुकूल, आसन्नताका आधारमा नेपथ्य र अबद्धताका आधारमा मुक्त पात्र हो ।

कार्की बूढी बूढीआमाकी छिमेकी हुन् । बूढीआमाले छोरोको विबाह गरि बुहारी भित्र्याएको र नाती जन्मेको उल्लासमय वातावरणलाई सघाउ पुऱ्याउनका लागी कार्की बूढाकी श्रीमतीको उपस्थिति रहेको छ । कार्की बूढीले बूढीआमालाई "दिदी तिमी त कमता भाग्यमानी ! नातीको मुख हेर्न पायौ । खै हाम्रो त ? बूढेसकालमा नातीनातिनाको मुख हेर्न नपाए पछि बैकुण्ठमा के बास होला र ?" (पृ. १४२) भनेबाट कार्की बूढीको पनि बुढेसकालमा नातीनातिना नभएको र धार्मिक विश्वास गर्ने गर्दथिन भन्ने कुरा पुष्टि हुन्छ र सोही भनाइले जिन्दगी भरि दुःख महशुस गर्ने बूढीआमा आनान्दीत भएकी छिन् । कार्की बूढी लिङ्गका आधारमा स्त्री, कार्यभूमिका आधारमा अति गौण, प्रवृत्तिका आधारमा अनुकूल, स्वभावका आधारमा स्थिर, जीवन चेतनाका आधारमा वर्गीय, असन्नताका आधारमा मञ्चीय र अबद्धताका आधारमा मुक्त पात्र हुन् ।

**मुलुक बाहिर** उपन्यासमा देखा पर्ने आर्को पात्र हस्तमान पनि हो । ऊ दलबहादुरको बुवा र बूढीआमाको श्रीमान् पनि हो । दलबहादुर सानै छँदा उसको मृत्यु

भएको छ जसले गर्दा दलबहादुरको हेरचाह गर्ने, हुर्काउने जस्ता काम बूढीआमा बाट भयो । अन्य पात्रहरू जस्तै हस्तमान पनि जंगल फाँडी चिया कमान बनाउने, चिया बोट रोप्ने तथा कुल्ली घर बनाउने ठेक्काको काम गर्न दार्जिलिङ गएको थियो र ऊ त्यहीँ नै बिबाह गरेको थियो । अति नै परिश्रमी हस्तमानले केही पैसा कमाएर त्यहीँ घर पनि बनाएको थियो तर दलबहादुर सात बर्षको हुँदा उसको मृत्यु भयो र दलबहादुर सानैमा टुहुरो भयो । पूर्व स्मृतिमा हस्तमानका जति पनि क्रियाकलाप आएकाले ऊ नेपथ्य पात्र हो । भूमिकाका आधारमा अति गौण, आवद्धताका आधारमा मुक्त, प्रवृत्तिका आधारमा अनुकूल, जीवन चेतनाका आधारमा वर्गीय र लिङ्गका आधारमा पुरुष पात्र हो । त्यस्तै गरेर चिया पसलकी केटी पनि अति गौण र नेपथ्य पात्र हो । बिशेष गरेर माहिला भुजेल र मसिनीको सप्रेको घरलाई बिगार्नका लागी उसका घरमा कान्छा राईको आगमन गराउनु र कान्छा राईले चिया पसलकी केटीलाई मन पराइ मसिनीलाई एकान्तमा लगि चिया पसलकी केटीसँग बिवाह गराइदिन भन्नु जस्ता घटना घटाउनु उपन्यासकारको उद्देश्य देखिन्छ । यसरी चिया पसलकी केटीकै कारणले अप्रत्यक्ष रूपमा मसिनी र माहिला भुजेल बिचमा तनाव पैदा भएको देखिन्छ । यसरी चिया पसलकी केटी एक स्त्री, मुक्त र व्यक्तिगत पात्र हो ।

## ४.६ निष्कर्ष

यसरी प्रशस्त मात्रा पात्रहरूको उपस्थिति रहेको **मुलुक बाहिर** उपन्यासमा पात्रहरूको माध्यमबाट यथार्थको प्रस्तुति गर्न यो उपन्यास सफल भएको छ । यस उपन्यासमा बौद्धिक स्तर ज्यादै न्यून रहेका चरित्रहरू रहेका छन् । ता पनि जीवनका वास्तबिकतालाई अँगाल्न सक्षम छन् । ती चरित्रहरू काल्पनिकता जस्तै लाग्दैनन् बरु अहिल्यै अहिल्यै हाम्रो सामु उभिरहेका जस्ता लाग्दछन् । एक एक ओटा कथा बोकी आएका ती पात्रहरूले मानवीय जीवनका बृहत सेरोफोरोलाई आत्मासात गरेका छन् । वर्गीय भिन्नता नभएका निम्न र मध्यम परिवारका ती पात्रहरू श्रमजीवी र अशिक्षित छन् । सायद त्यही नै तिनिहरूका संसय, कोध र ईर्श्या जस्ता मानसिक दुर्बलताका परिणति हुन् । केही पात्रहरू आदर्शका केही छनक बोकेका भएता पनि ती नगन्य छन् । तिनिहरू सामाजिक यथार्थका भरिया हुन् ।

**मुलुक बाहिर** लैनसिंह वाङ्‌देलको बहुपात्री उपन्यास हो । यस उपन्यासमा अन्य नेपाली उपन्यासको तुलनामा धेरै पात्रहरूको उपस्थिति रहेको पाइन्छ । यस उपन्यासमा कार्य भूमिका आधारमा प्रमुख, सहायक र गौण गरी ३ प्रकारका पात्रहरू पाइन्छन् भने लिङ्गका आधारमा पुरुष र स्त्री दुवै प्रकारका रहेका छन् । जस मध्ये पुरुष पात्रहरू बढी रहेका छन् । प्रवृत्तिका आधारमा सेर्बाबूढा, हर्के र चतुरमान बाहेक सबै अनुकूल देखिन्छन् । स्वभावका आधारमा दलबहादुर बाहेक सबै पात्रहरू गतिहीन रहेका छन् । यस उपन्यासका पात्रहरू सबै जसो नेपाली समाजको प्रतिनिधित्व गर्ने खालका रहेका छन् । रने, म्याउची, माहिला भुजेल मसिनी सबै प्रमुख पात्रहरू वर्गीय रहेका छन् । धेरै जसो यस उपन्यासका पात्रहरू मञ्चीय रहेका छन् भने रने, म्याउची, माहिला भुजेल, मसिनी, दलबहादुर बद्ध पात्र हुन् र बाँकी जति मुक्त पात्र हुन् ।

# परिच्छेद पाँच

# सारांश र निष्कर्ष

**मुलुक बाहिर उपन्यासमा पात्र विधान** शीर्षकको शोधकार्यलाई व्यवस्थित रूपमा प्रस्तुत गरिएको छ र त्यसका लागि यसलाई विभिन्न परिच्छेदहरूमा विभाजन गरिएको छ । त्यसै गरी यस शोधकार्यका अन्त्यमा समग्र शोधको निष्कर्ष पनि प्रस्तुत गरिएको छ । त्यसैले यस परिच्छेदमा अघिल्ला परिच्छेदमा गरिएका कार्यहरूको सारांश दिनुका साथै समग्र शोधको निष्कर्ष पनि दिइएको छ ।

## ५.१ सारांश

प्रस्तुत शोधपत्र पहिलो परिच्छेदमा शोध परिचय दिइएको छ । यसमा विषय परिचय, समस्याकथन, शोधकार्यको उद्देश्य, पूर्वकार्यको समिक्षा, शोधकार्यको औचित्य, महत्त्व र उपयोगिता, शोधकार्यको सिमाङ्कन, सामग्री सङ्कलन र शोध विधि र शोधपत्रको रूपरेखा दिई शोध परिचयलाई व्यवस्थित रूपमा प्रस्तुत गरिएको छ ।

यस शोधपत्रको दोस्रो परिच्छेदमा पात्र विधानको सैद्धान्तिक परिचय दिइएको छ । यसभित्र विषय परिचय, उपन्यासको अर्थ र परिभाषा, पात्रविधानको सैद्धान्तिक परिचय, उपन्यासका पात्र विधानका आधारहरू (लिङ्गका आधारमा, कार्यभूमिका आधारमा, स्वभावका आधारमा, जीवन चेतनाका आधारमा, प्रवृत्तिका आधारमा, आसन्नताका आधारमा, आबद्धताका आधारमा), पात्रका प्रकारहरू (गतिशील र गतिहीन, यथार्थ र आदर्श, अन्तर्मुखी र बहिर्मुखी, गोला र च्याप्टा, सार्वभौम र आञ्चलिक, पारम्परिक र मौलिक), उपन्यासको अन्य तत्त्वसाग पात्रको सम्बन्ध र अन्तमा यस परिच्छेदको निष्कर्ष प्रस्तुत गरिएको छ ।

शोधपत्रको तेस्रो परिच्छेदमा लैनसिंह वाङदेलको औपन्यासिक यात्रा र प्रवृत्ति दिइएको छ । यस भित्र विषय परिचय, उपन्यास विधातर्फ अभिरुचि, लैनसिंह वाङ्देलका औपन्यासिक यात्रा, वाङ्देलका चारवटा उपन्यासको सामान्य परिचय, वाङ्देलका

औपन्यासिक प्रवृत्तिलाई बुँदागत रूपमा प्रस्तुत गरी अन्तमा लैनसिंह वाङ्देलको योगदान दिई निष्कर्ष दिइएको छ ।

त्यस्तै गरी शोधपत्रको चौथो परिच्छेदमा **मुलुक बाहिर** उपन्यासका पात्रहरूको चारित्रिक विश्लेषण दिइएको छ । यस भित्र, विषय परिचय, प्रमुख पात्रहरू रनबहादुर, म्याउची, माहिला भेजुल र मसिनी सहायक पात्रहरू दलबहादुर, रूपा, गौण पात्रहरू सेर्बाबूढा, कान्छा राई, खालिङ बूढा, बूढी आमा र अन्य पात्रहरूको विभिन्न कोणबाट विश्लेषण गरी अन्त्यमा निष्कर्ष दिइएको छ ।

शोधको पाँचौ परिच्छेदमा सारांश र निष्कर्ष दिइएको छ । यस परिच्छेद भित्र पहिलो, दोस्रो, तेस्रो र चौथो परिच्छेदको साराश, निष्कर्ष प्रस्तुत गरिएको छ र **मुलुक बाहिर** उपन्यासको सम्भावित शोध शीर्षकहरू प्रस्तुत गरिएको छ ।

## ५.२ निष्कर्ष

**मुलुक बाहिर** उपन्यास लैनसिंह वाङ्देलद्वारा लेखिएको सामाजिक यथार्थवादी उपन्यास हो । यही उपन्यास भित्र रहेर **मुलुक बाहिर** उपन्यासको पात्रविधान शीर्षकमा शोधकार्य गरिएको छ । यस शोधकार्य गर्दा निम्न निष्कर्षहरू निकाल्न सकिन्छ :

- **मुलुक बाहिर** उपन्यास पहिलो नेपाली सामाजिक यथार्थवादी उपन्यास हो । जसमा प्रवासिएका नेपाली समाजको चित्रण गरिएको छ ।
- यस उपन्यासमा संख्यात्मक दृष्टिले नारी पात्र भन्दा पुरुष पात्र बढी छन् र सम्पूर्ण पात्रहरू लेखकको यथार्थवादी लक्ष्यमा टेवा पुऱ्याउने वर्गीय छन्, गतिहीन छन् ।
- यस उपन्यासका नारी पात्रहरू नेपाली वर्गको प्रतिनिधित्व गर्ने सरल, सोझा र साध्वी छन् । स्त्री चरित्रमा प्रतिकुल प्रवृत्तिको कोही पनि छैनन् ।
- यस उपन्यासको चरित्र संयोजनको सम्बन्धमा सबभन्दा महत्त्वपूर्ण विशेषता हो, बहुनायक र बहुनायिकत्वको प्रयोग । यही प्रयोगले नै यस उपन्यासलाई नौलो बनाएको छ । यसमा नायक र नायिका अनि खल नायक र खलनायिका पाइँदैन ।

बरू नायकले नै खलनायक र नायिकाले नै खल नायिकाको भूमिका निर्वाह गरेको पाइन्छ ।

- **मुलुक बाहिर** उपन्यास बहुपात्री उपन्यास हो । यस उपन्यासका पात्रहरूलाई विभिन्न कोणबाट विश्लेषण गर्न सकिन्छ र उपन्यासका अन्य तत्त्वहरू कथानक, परिवेश, उद्देश्य, भाषाशैलीसँग पात्रको अत्यन्तै घनिष्ठ सम्बन्ध रहेको पाइन्छ ।
- उपन्यासमा देखा पर्ने मानव वा मानवेतर प्राणी नै पात्र हो । कथावस्तुलाई अगाडि बढाउने काम पात्रले गर्ने हुँदा पात्र बिना उपन्यासको कल्पना गर्न सकिँदैन ।
- जीवन जगत्को व्यापक पक्ष समेटिएको विभिन्न खण्डमा संरचित, गद्य भाषामा लेखिएको आख्यानात्मक रचना नै उपन्यास हो ।
- यस उपन्यासमा प्रमुख, सहायक र गौण सबै किसिमका पात्रहरू रहेका छन् । जसमा आसन्नताका दृष्टिले मञ्चीय र नेपथ्य पात्रको कुशल संयोजन गरिएको पाइन्छ ।
- उपन्यासका सबै प्रमुख पात्रहरू प्रवृत्तिका आधारमा अनुकूल छन् भने ती पात्रहरूमा आदर्शको मात्रा एकदमै कम र यथार्थको मात्रा बढी भएको पाइन्छ ।
- **मुलुक बाहिर** उपन्यासका पात्रहरूलाई लिङ्ग, कार्यभूमि, स्वभाव, जीवनचेतना, प्रवृत्ति, आसन्नता, आबद्धताका आधारमा विश्लेषण गर्न सकिन्छ ।
- रने जस्तो गफी तर रिसाहा, माहिला भुजेल जस्तो परिश्रमी तर अविवेकी, सेर्बाबूढा जस्तो ईर्ष्यालु, खालिङ बूढा जस्तो परिपक्क, बूढी आमा र दलबहादुर जस्तो आदर्श, म्याउची जस्ती मुखाल्ली र हट्टी अनि मसिनी जस्ती हँसिली र साध्वी सबै पात्रहरू उपन्यासमा स्वभाविक छन् ।
- वाङ्देलका उपन्यासहरूमा सामाजिक यथार्थता, पाश्चात्य शिल्प शैलीको प्रयोग, मनोद्वन्द्वको सफल प्रयोग, कारूणिकता र दुःखान्तता, मनोवैज्ञानिकता, प्रकृतिको यथार्थ चित्रण गर्ने जस्ता प्रवृत्ति देखिन्छन् ।
- चरित्रहरू उपन्यासका प्राण हुन् तसर्थ **मुलुक बाहिर** उपन्यासका चरित्र अनुकूल भाषाशैली, परिवेश, संवाद, आदिको समुचित प्रयोग भएकोले उपन्यासकारको

उद्देश्य अनुसार सबै औपन्यासिक चरित्रहरू सक्षम देखिएकाले चरित्र चित्रणका दृष्टिले **मुलुक बाहिर** उपन्यास सफल रहेको छ ।

## ५.३ सम्भावित शोध शीर्षकहरू

- **मुलुक बाहिर** उपन्यासको समाजपरक विश्लेषण
- **मुलुक बाहिर** उपन्यासको भाषिक अध्ययन

# सन्दर्भ सामग्री सूची


आचार्य, सुषमा. २०५८. **लैनसिंह वाङ्देलका औपन्यासिक कृतिको मूल्याङ्कन**. ललितपुरः महालक्ष्मी प्रकाशन ।

गौतम, नरहरि उपाध्याय. २०६७ **बालकृष्ण समका नाटकमा पात्र विधान**. विद्यावारिधि शोधप्रबन्ध, त्रि.वि. कीर्तिपुर ।

गौतम, मञ्जु. २०७०. **मुलुक बाहिर उपन्यासको जाति, युग र क्षणको अध्ययन**. स्नाकोत्तर शोधपत्र त्रि.वि. ने.के.वि. कीर्तिपुर ।

तिमल्सिना र माधव भण्डारी. २०१८. **हाम्रो साहित्य र साहित्यकार.** वाराणसी : नवसंगम प्रकाशन ।

त्रिपाठी, वासुदेव. २०२८. **विचरण.** काठमाडौं : भानु प्रकाशन ।

न्यौपाने, टंक प्रसाद. २०३८. **साहित्यको रूपरेखा.** काठमाण्डौं : साझा प्रकाशन ।

निरौला, कुमार. २०६७. **घामका पाईलाहरू उपन्यासको पात्र विधान**. स्नातकोत्तर शोधपत्र, त्रि.वि., ने. के. वि. कीर्तिपुर ।

पोखेल, बालकृष्ण. २०३३. **सात मन एक चिन्तन.** (दो.सं.) काठमाडौं : रत्न पुस्तक भण्डार ।

पोखेल, भानुभक्त. २०३८. **चिन्तन र साहित्य.** विराटनगर : श्याम पुस्तक भण्डार ।

पोखेल, भोलानाथ. २०६४. **आधुनिक नेपाली सामाजिक यर्थाथवादी उपन्यासको पात्र विधान.** विद्यावारिधि शोध प्रबन्ध, त्रि.वि. कीर्तिपुर ।

प्रधान, कृष्णचन्द्र सिंह. २०६१. **नेपाली उपन्यास र उपन्यासकार.** (चौ.स.) ललितपुर : साझा प्रकाशन ।

–– –– २०३०. 'वाङ्देलका उपन्यासहरू'. **मधुपर्क.** (वर्ष ६, अङ्क ७) पृ. .. ।

प्रधान, प्रतापचन्द्र. २०४०. **नेपाली उपन्यास परम्परा र पृष्ठभूमि.** दार्जिलिङ : दीपा प्रकाशन ।

बराल, ऋषिराज. २०६३. **उपन्यासको सौन्दर्यशास्त्र.** (दो.सं.) ललितपुर : साझा प्रकाशन ।

बराल, कृष्णहरि र नेत्र एटम. २०६६. **उपन्यास सिद्धान्त र नेपाली उपन्यास.** (ते.सं.) ललितपुर : साझा प्रकाशन ।

वाङ्देल, लैनसिंह. २०६६. **मुलुक बाहिर उपन्यास.** (तेह्रौ संस्करण), काठमाडौं : रत्न पुस्तक भण्डार ।

भट्टराई, गोविन्द प्रसाद. २०३५. 'विश्लेषणात्मक सन्दर्भमा **"मुलुक बाहिर"मधुपर्क** ११/११ काठमाडौं ।

भट्टराई, विश्वनाथ. २०३०. **वाङ्देलः यथार्थ परिधि भित्र नाङ्गो आदर्शवादी उपन्यासकार.** काठमाडौं : रत्नश्री, अङ्क ४, ५, ६ ।

भुसाल, गुणाकर. २०६१. **आधुनिक नेपाली आख्यान.** (दो.सं.) कीर्तिपुर : क्षितिज प्रकाशन ।

राई, इन्द्रबहादुर २०५८. **नेपाली उपन्यासका आधारहरू.** (दो.सं.) काठमाडौं : साझा प्रकाशन ।

राई, शंकर कुमार २०५५. **मुलुक बाहिर उपन्यासको कृतिपरक अध्ययन.** स्नातकोत्तर शोधपत्र, ने.के.वि. कीर्तिपुर ।

लामिछाने, यादव प्रकाश र गीता. २०६७. **नेपाली कथा उपन्यास सिद्धान्त र समीक्षा.** काठमाडौं : विद्यार्थी पुस्तक भण्डार ।

शर्मा, गार्गी. २०५१. वाङ्देल**का नारी पात्रहरू.** काठमाडौं : रत्न पुस्तक भण्डार ।

शर्मा, मोहनराज. २०४८. **शैली विज्ञान.** काठमाडौं : ने.रा.प्र.प्र ।

शर्मा, तारानाथ. २०५१. **नेपाली साहित्यको इतिहास.** (दो.सं.) काठमाडौं : संकल्प प्रकाशन ।

श्रेष्ठ, दयाराम. २०४३. **नेपाली साहित्यका केही पृष्ठ.** (ते.सं.) काठमाडौं : साझा प्रकाशन ।

श्रेष्ठ, दयाराम र मोहन कोइराला. २०४९. **नेपाली साहित्यको संक्षिप्त इतिहास.** (चौ.सं.) काठमाडौं : साझा प्रकाशन ।

सत्याल, यज्ञराज. २०१७. **नेपाली साहित्यको भूमिका.** काठमाडौं : श्री ५ को सरकार, प्रकाशन विभाग ।

सुवेदी, नित्यानन्द. २०६४. **लैनसिंह वाङ्देलका उपन्यासमा यथार्थवाद.** शोधपत्र ने.के.वि. कीर्तिपुर ।

सुवेदी, राजेन्द्र. २०६४. **नेपाली उपन्यास परम्परा र प्रवृति.** (दो.सं.) ललितपुर : साझा प्रकाशन ।

सुवेदी, हेमन्ता. २०६८. **मुलुक बाहिर उपन्यासको परिवेशगत अध्ययन.** शोधपत्र ने.के.वि. कीर्तिपुर ।